स.प्र.डि.का. दर्ता नं. ०४/०५५/०५६
पान नं.: ३०३३५७५०२
NCRA License No. 2055-01416

समृद्ध समुदाय, दिगो विकास

नेफ्स्कून

ACCESS BRONZE

महिला
बचत तथा ऋण सहकारी संस्था लि.

२८ औं
वार्षिक साधारण सभा
आ.व. २०८२/२०८३ को प्रगति प्रतिवेदन

आ.व. २०८३/०८४ को प्रस्तावित बजेट तथा कार्ययोजना



समृद्धिको सारथि, महिला साकोस !

www.mahilasaccos.coop.np

ठेगाना : इटहरी, सुनसरी, नेपाल
फोन नं.: ०२५-५८१२१७, ०२५-५८२२१७
इमेल : info@mahilasaccos.coop.np

पूर्व अध्यक्ष :



श्री अमृता सुब्बा
संस्थापक अध्यक्ष
(आ.व.२०५५/५६ देखि २०६८/६५ सम्म)



श्री गिता श्रेष्ठ
अध्यक्ष
(वि.सं.२०६५/०६/२२ देखि २०७२/०६/२२ सम्म)

सञ्चालक समिति



श्री मुना प्रसाई
अध्यक्ष




श्री पदमादेवी पन्धाक
उपाध्यक्ष



श्री जानुकला तामाङ
सचिव



श्री पुनम थापा मगर
कोषाध्यक्ष



श्री ओम प्रसाद दंगाल
सदस्य



श्री रुद्रमाया भट्टराई
सदस्य



श्री सुष्मा थापा
सदस्य



श्री घनुकला नाल्बो
सदस्य



श्री सोमिता पुरी
सदस्य



श्री कमला निरौला
सदस्य



श्री शुभकुमारी राई
सदस्य



श्री कुसुममाया तामाङ
सदस्य



श्री बालकुमारी लुईटेल
सदस्य

लेखा सुपरिवेक्षण समिति



श्री बिनोद भट्टराई
संयोजक



श्री पदमकुमारी भण्डारी
सदस्य



श्री शशी आचार्य
सदस्य

महिला बचत तथा ऋण सहकारी संस्था लि.
इटहरी-४, सुनसरी

श्री.....

मितिः- २०८३/०५/११

विषय :- उपस्थित भई दिने बारे ।

महोदय,

यस महिला बचत तथा ऋण सहकारी संस्था लि. को सञ्चालक समितिको मिति २०८३ साल भदौ ११ गते बिहिबारका दिन बसेको २१८औं बैठकको निर्णय तथा संस्थाको विनियम २०५५ (संशोधन २०८२) को परिच्छेद ६ को दफा २६ बमोजिम संस्थाको २८औं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु माथि छलफल तथा निर्णयका लागि एकाईगत रुपमा निम्न मिति, स्थान र समयमा सम्पन्न हुने भएको हुँदा सम्पूर्ण शेयर सदस्यज्यूहरुमा जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

साधारणसभा हुने मिति, स्थान र समयः

क्र.सं.	मिति/बार	सेवाकेन्द्र/कार्यालय	सहभागी हुने सम्बन्धित वडा	साधारण सभा हुने स्थान	समय
१	२०८३।०६।१३ मंगलबार	तरहरा सेवाकेन्द्र	इटहरी उपमहानगरपालिकाको वडा नं. १५ र २०	रुद्राक्ष (दुर्गा) पार्टी प्यालेस, इटहरी २०, तरहरा (हाइवे)	बिहान ११:००
२		पकली सेवाकेन्द्र	इटहरी उपमहानगरपालिकाको वडा नं. १६, १७ र १८	शिव पञ्चायन मन्दिर, इटहरी १७, पकली	बिहान ११:००
३	२०८३।०६।१४ बुधबार	बुढिगंगा सकारात्मक सेवाकेन्द्र	सुन्दरहरैंचा नगरपालिकाको सम्पूर्ण वडाहरु	सिग्देल बन्धु प्रतिष्ठान, सुन्दरहरैंचा ४, बाँसबारी, मोरङ	बिहान ११:००
४		खनार सेवाकेन्द्र	इटहरी उपमहानगरपालिकाको वडा नं. १०, ११, १२, १३, १४ र १५	रेडक्रश भवन, इटहरी १२, खनार	बिहान ११:००
५	२०८३।०६।१५ बिहिबार	संस्थाको कार्यालय	इटहरी उपमहानगरपालिकाको वडा नं. १ देखि ५ सम्म	दुर्गा पार्टी प्यालेस, इटहरी ४, आइतबारे	बिहान ११:००
६	२०८३।०६।२२ बिहिबार	निर्णय प्रमाणीकरण भेला र २५आँ स्थापना दिवस		दुर्गा पार्टी प्यालेस, इटहरी ४, आइतबारे	बिहान ११:००

साधारण सभाका प्रस्तावहरुः

१ संचालक समितिको तर्फबाट आ.ब. २०८२/०८३ को प्रगति प्रतिबेदन सम्बन्धमा ।
२ आ.ब. २०८२/०८३ को वाह्य लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
३ आ.ब. २०८२/०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४ आ.ब. २०८३/०८४ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५ आ.ब. २०८३/०८४ को लागि वाह्य लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६ आ.ब. २०८२/०८३ को शेयर लाभांस तथा संरक्षित पुँजी फिर्ता कोष बितरण सम्बन्धमा ।
७ साधारणसभाको निर्णयलाई प्रमाणीकरण गर्ने प्रतिनिधि तोक्ने सम्बन्धमा ।
८ संचालक समितिको बैठक निर्णय अनुमोदन सम्बन्धमा ।
९ संस्थाको आन्तरिक नीति, कार्यविधि, निर्देशिका निर्माण, परिमार्जन तथा पुर्नलेखन सम्बन्धमा ।
१० नियमनकारी निकायले दिएको निर्देशनको जानकारी सम्बन्धमा ।
११ सम्पति शुद्धीकरण निवारणको कार्यान्वयन अवस्था सम्बन्धमा ।
१२ संस्थागत प्रतिनिधिको जानकारी सम्बन्धमा ।
१३ सहकारी एकिकरण सम्बन्धमा ।
१४ वाह्य ऋण/दायित्व स्विकार गर्ने सम्बन्धमा ।
१५ स्थिर तथा गैह्र बैंकिङ सम्पत्ति बिक्री सम्बन्धमा ।
१६ संमृद्धि खाताको रकमलाई शेयरमा रुपान्तरया गर्ने सम्बन्धमा ।
१७ कार्यसूचिमा थप भएका प्रस्ताव सम्बन्धमा ।

.....
जानुकला तामाङ
सचिव

नोटः २०८३ साल भदौ महिनासम्मको नियमित मासिक बचत र ऋण लिएको भए भदौ महिनासम्मको ऋणको किस्ता बुझाई न्यूनतम २० कित्ता शेयर खरिद गर्नुहुन अनुरोध छ। साथै बचत पासबुक वा शेयर प्रमाण पत्र अनिवार्य लिएर साधारण सभामा सहभागी भइदिनु हुन अनुरोध गर्दछौं ।

महिला बचत तथा ऋण सहकारी संस्था लि. को
सदस्य बडापत्र

क्र.सं	सेवाको प्रकार	आवश्यक कागजात/आवश्यक प्रक्रिया	लाग्ने समय र शुल्क
१	सदस्यता प्रदान (सदस्य सहायता कक्ष)	१. रितपूर्वक भरेको सदस्यता आवेदन फारम, २. नागरिकताको प्रतिलिपि १ प्रति, ३. कार्यक्षेत्रभित्र बसोवास भएको प्रमाणपत्रको प्रतिलिपि, ४. निवेदकको अटोसाइजको फोटो ४ प्रति, ५. हकवालाको अटो साइजको फोटो १ प्रति, ६. हकवालाको नागरिकताको प्रतिलिपि १ प्रति।	आवश्यक कागज पुरा भएकै दिन शेयर न्यूनतम २५ कित्ता २५००।- नियमित बचत न्युनतम २००।- ऐच्छिक बचत न्युनतम २००।- प्रवेश शुल्क १००।- जम्मा लागत रकम ३०००।-
२	बचत जम्मा	१. बचत पासवुक	काउण्टरमा उपस्थित हुनासाथ
३	ऋणको किस्ता जम्मा	१. सदस्यता नं. र ऋण नं.	काउण्टरमा उपस्थित हुनासाथ
४	ऋण प्रदान (ऋण विभाग)	१. संस्थाको सदस्य भएको ३ महिना पुरा भएको, २. रितपुर्वक भरेको ऋण माग फारम, ३. आवेदकको नागरिकताको प्रमाणपत्र , ४. आवेदकको शेयर प्रमाणपत्रको प्रतिलिपि, ५. जग्गाधनी प्रमाणपूर्जाको सक्कल प्रति, ६. जग्गाको फुल,फायल र ट्रेस नक्सा, ७. चालु आ.व.को जग्गाको कर तिरेको रसिद, ८. पासपोर्ट साइजको फोटो १ प्रति, ९. पारिवारिक स्वीकृति दिनेको नागरिकता र पासपोर्ट साइजको फोटो १/१ प्रति, १०. आम्दानीको स्रोत खुल्ने प्रमाणित कागजात, ११. ऋणको उद्देश्य अनुसारको प्रमाणित कागजात, १२. व्यवसायिक परियोजना, १३. आवधिक बचत धितो ऋणमा आवधिक बचतको प्रमाणपत्र, १४. बिना धितो ऋणमा संस्थाको २ जना सदस्य अनिवार्य जमानी ।	आवश्यक कागजात पुरा भएपछि १. आकस्मिक ऋण तुरुन्तै २. आवधिक बचत धितो ऋण तुरुन्तै ३. बचत धितो ऋण तुरुन्तै ४. रु. २ लाख सम्मको लागि ३ दिन ५. रु. ५ लाख सम्मको लागि ७ दिन ६. रु. १५ लाख भन्दा माथि १० दिन
५	Mobile Banking	१. रितपूर्वक भरेको आवेदन फारम र स्वयंको नाममा दर्ता भएको सिम	फारम भर्नासाथ
६	QR Standee	१. रितपूर्वक भरेको आवेदन फारम, २. पान नं. को प्रतिलिपि ।	बढीमा १० दिन
७	रेमिटेन्स पठाउने	१. पाउने व्यक्तिको नाम र ठेगाना, २. पठाउन लागेको रकमको स्रोत, ३. पाउने व्यक्तिसँगको सम्बन्ध, ४. पठाउने व्यक्तिको परिचय पत्र र उद्देश्य ।	काउण्टरमा उपस्थित हुनासाथ
८	रेमिटेन्स भुक्तानी	१. रेमिटेन्स प्राप्त भएको कन्ट्रोल नं., २. रकम प्राप्त गर्ने व्यक्तिको नागरिकता, ३. पठाउने व्यक्तिको नाम, ४. प्राप्त गर्नुपर्ने रकम ।	काउण्टरमा उपस्थित हुनासाथ
९	सदस्य राहत सेवा (मृत्यु,आकस्मिक दुर्घटना,आगलागी, बाढी पहिरो आदी)	१. रितपूर्वक भरेको सदस्य राहत फारम वा निवेदन, २. शेयर प्रमाणपत्रको प्रतिलिपि, ३. घटनाको प्रमाणित कागजातको प्रतिलिपि, ४. दुर्घटनामा पर्नेको पासपोर्ट साइज फोटो १ प्रति ।	बढीमा १० दिन

संचालक समितिको नामावली

क्र.सं.	नाम, थर	ठेगाना	पद	सम्पर्क नं.
१	श्री मुना प्रसाईं तिमसिना	इटहरी-६, सुनसरी	अध्यक्ष	९८४२०६५४५६
२	श्री पद्मादेवी पन्धाक	इटहरी-७, सुनसरी	उपाध्यक्ष	९८४२४०४४०७
३	श्री जानुकला तामाङ	इटहरी-५, सुनसरी	सचिव	९८४२१०२६७३
४	श्री पुनम थापा मगर	इटहरी-६, सुनसरी	कोषाध्यक्ष	९८४२१००१३७
५	श्री ओम प्रसाद दंगाल	सुन्दरहरैंचा-४, मोरङ	सदस्य	९८४२२८१५६०
६	श्री सुष्मा थापा खड्का	इटहरी-२०, सुनसरी	सदस्य	९८२४३७२१००
७	श्री रुद्रमाया भट्टराई	इटहरी-६, सुनसरी	सदस्य	९८४२२४११३३
८	श्री धनुकला नाल्बो	इटहरी-६, सुनसरी	सदस्य	९८४२३१६०६८
९	श्री सोभिता पुरी पराजुली	इटहरी-१३, सुनसरी	सदस्य	९८२६२६०६०९
१०	श्री कमला निरौला	इटहरी-६, सुनसरी	सदस्य	९८४२१७८२२३
११	श्री शुभकुमारी राई	इटहरी-१७, सुनसरी	सदस्य	९८६२०५८१४५
१२	श्री कुसुममाया तामाङ	इटहरी-४, सुनसरी	सदस्य	९८४२०२४१२८
१३	श्री बालकुमारी लुईटेल	इटहरी-३, सुनसरी	सदस्य	९८०४३२६५५४

लेखा सुपरीवेक्षण समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	सम्पर्क नं.
१	श्री बिनोद भट्टराई	सुन्दरहरैंचा-५, मोरङ	संयोजक	९८११३१६८६७
२	श्री पदमकुमारी भण्डारी	इटहरी-५, सुनसरी	सदस्य	९८४२२४१८३०
३	श्री शशी आचार्य	इटहरी-४, सुनसरी	सदस्य	९८४२०७८७५७

ऋण उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री ओम प्रसाद दंगाल	सुन्दरहरैंचा-४, मोरङ	संयोजक	९८४२२८१५६०
२	श्री चन्द्रकला दंगाल	इटहरी-१, सुनसरी	सदस्य	९८४२०२४८४४
३	श्री हेमादेवी दाहाल	इटहरी-५, सुनसरी	सदस्य	९८४२४६२०५१

शिक्षा तथा तालिम उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री रुद्रमाया भट्टराई	इटहरी-६, सुनसरी	संयोजक	९८४२२४११३३
२	श्री गंगा देवी गुरुङ	सुन्दरहरैंचा-५, मोरङ	सदस्य	९८१२३५२४४०
३	श्री दुर्गा देवी घिमिरे	इटहरी-८, सुनसरी	सदस्य	९८४२१२०६५३
४	श्री कल्पना खड्का चौहान	इटहरी-२०, सुनसरी	सदस्य	९८११३०२५५५
५	श्री ज्योति कुमारी लामा	इटहरी-४, सुनसरी	सदस्य	९८४२०३६६१०

राहत उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री धनुकला नाल्बो	इटहरी-६, सुनसरी	संयोजक	९८४२३१६०६८
२	श्री कल्पना शर्मा लम्साल	इटहरी-६, सुनसरी	सदस्य	९८४२२५११०२
३	श्री कविता तामाङ	इटहरी-५, सुनसरी	सदस्य	९८४२०५८८५३
४	श्री लक्ष्मी सुनुवार	इटहरी-५, सुनसरी	सदस्य	९८४२३२७७५१
५	श्री जानुका तामाङ (रितु लामा)	इटहरी-४, सुनसरी	सदस्य	९८०७३१०६०६

बुढिगंगा सकारात्मक सेवाकेन्द्र व्यवस्थापन उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री ओम प्रसाद दंगाल	सुन्दरहरैंचा-४, मोरङ	संयोजक	९८४२२८१९६०
२	श्री रुद्र बहादुर तामाङ	सुन्दरहरैंचा-५, मोरङ	सह संयोजक	९८४२४६२०१६
३	श्री तारा दाहाल	सुन्दरहरैंचा-५, मोरङ	सदस्य	९८४२०५३१४५
४	श्री शोभा भट्टराई	सुन्दरहरैंचा-४, मोरङ	सदस्य	९८४२१८५५२६
५	श्री तेज नारायण चौधरी	सुन्दरहरैंचा-५, मोरङ	सदस्य	९८१८२१८२६९

तरहरा सेवाकेन्द्र व्यवस्थापन उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री सुष्मा थापा	इटहरी-२०, सुनसरी	संयोजक	९८२४३७२१००
२	श्री मिना कुमारी श्रेष्ठ	इटहरी-१९, सुनसरी	सह संयोजक	९८४२०६१२९०
३	श्री कोपिला खत्री	इटहरी-१९, सुनसरी	सदस्य	९८०७३८४३५८
४	श्री मन्जु दुलाल	इटहरी-२०, सुनसर	सदस्य	९८६२१७६९६१
५	श्री निरकुमार बानिया	इटहरी-१९, सुनसरी	सदस्य	९८१७३२८०२९

खनार सेवाकेन्द्र व्यवस्थापन उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री सोभिता पुरी पराजुली	इटहरी-१३, सुनसरी	संयोजक	९८२६२६०६०९
२	श्री अर्चना बिक्रम खवास	इटहरी-१०, सुनसरी	सह संयोजक	९८१०४६६९०३
३	श्री रमा विष्ट	इटहरी-१३, सुनसरी	सदस्य	९८१४३९६४७३
४	श्री कर्ण कुमारी श्रेष्ठ	इटहरी-१४, सुनसरी	सदस्य	९७०२६८४१५८
५	श्री दिल कुमार थापा मगर	इटहरी-१०, सुनसरी	सदस्य	९८४२१४८४९४

पकली सेवाकेन्द्र व्यवस्थापन उप-समिति

क्र.सं.	नाम, थर	ठेगाना	पद	मो.नं.
१	श्री शुभकुमारी राई	इटहरी-१७, सुनसरी	संयोजक	९८६२०५८१४५
२	श्री शुशिला घिमिरे	इटहरी-१८, सुनसरी	सह संयोजक	९८४९१४६७७६
३	श्री सिता राउत	इटहरी-१७, सुनसरी	सदस्य	९८१५३५३७८२
४	श्री गायत्री कुमारी चौधरी	इटहरी-१६, सुनसरी	सदस्य	९८२५३२९०१९
५	श्री पलास कुमारी चौधरी	इटहरी-१८, सुनसरी	सदस्य	९८२४३६५७३८

सल्लाहकार

क्र.सं.	नाम, थर	ठेगाना	पद
१	श्री लक्ष्मण शर्मा न्यौपाने	इटहरी ६, सुनसरी	कानुनी सल्लाहकार
२	श्री अमृता सुव्वा	इटहरी ४, सुनसरी	सल्लाहकार
३	श्री सर्वध्वज साँवा	इटहरी ४, सुनसरी	सल्लाहकार
४	श्री योगमाया सुवेदी	इटहरी ५, सुनसरी	सल्लाहकार
५	श्री मिनु न्यौपाने	इटहरी ४, सुनसरी	सल्लाहकार
६	श्री अनिता गुरागाई	इटहरी ४, सुनसरी	सल्लाहकार


कर्मचारीहरु

क्र.सं.	नाम, थर	ठेगाना	पद	मोबाइल नं.
१	श्री जुनुसा पुरी	इटहरी-२०, सुनसरी	प्रमुख कार्यकारी अधिकृत	९८५२०८११२२
२	श्री पदम कुमारी खरेल	इटहरी-४, सुनसरी	अधिकृत	९८४४००११८७
३	श्री सियाराम चौधरी	इटहरी-१४, सुनसरी	बरिष्ठ सहायक	९८४२१७८९९१
४	श्री मञ्जु घिसिङ	इटहरी-४, सुनसरी	बरिष्ठ सहायक	९८६२१४४५६२
५	श्री खडानन्द लम्साल	सुन्दरहरैंचा-५, मोरङ	बरिष्ठ सहायक	९८४२१३३६५९
६	श्री पुरुषोत्तम तिम्सिना	इटहरी-८, सुनसरी	बरिष्ठ सहायक	९८६२०००१५९
७	श्री पबित्रा दर्नाल	इटहरी-५, सुनसरी	बरिष्ठ सहायक	९८१४३२८५०८
८	श्री दिपा लुङ्गेली	इटहरी-५, सुनसरी	बरिष्ठ सहायक	९८४९९३७९३२
९	श्री भुवन चौधरी	रामधुनी-३, सुनसरी	बरिष्ठ सहायक	९८१९३५२०६०
१०	श्री सुष्मिता दाहाल	सुन्दरहरैंचा-५, मोरङ	बरिष्ठ सहायक	९८४२५०४१८४
११	श्री गणेश चौधरी	इटहरी-८, सुनसरी	सहायक	९८४२१०२५९५
१२	श्री मेनुका थापा मगर	इटहरी-५,सुनसरी	सहायक	९८६२१४४९३३
१३	श्री सुमित्रा चौधरी	रामधुनी-३, सुनसरी	सहायक	९८०४०४५८१३
१४	श्री नविन दाहाल	इटहरी-२, सुनसरी	सहायक	९८४२१४८१९३
१५	श्री शेखर चौधरी	इटहरी-७, सुनसरी	कनिष्ठ सहायक	९८१५३९२६६२
१६	श्री सबिता सरदार	इटहरी-१४, सुनसरी	कार्यालय सहयोगी	९८१२३२७१४१
१७	श्री सिर्जना खड्का	इटहरी-१५, सुनसरी	कार्यालय सहयोगी	९८१५७२६१९६
१८	श्री दमन्ता गुरुङ	सुन्दरहरैंचा-५, मोरङ	कार्यालय सहयोगी	९८०४३१५२२८
१९	श्री सुमित्रा चौधरी	रामधुनी-७, सुनसरी	सहयोगी	९८१५३४०३५९
२०	श्री कोपिला गुरुङ	इटहरी-५, सुनसरी	सुरक्षा गार्ड	९८००९३३४५३


बजार व्यवस्थापनतर्फका कर्मचारीहरु

क्र.सं.	नाम, थर	ठेगाना	कार्यालय/सेवाकेन्द्र	मोबाइल नं.
१	श्री नरमाया बस्नेत (नीता)	इटहरी ७, सुनसरी	संस्थाको कार्यालय, इटहरी, सुनसरी	९८४२१०२३८२
२	श्री धनकुमारी घिमिरे	इटहरी ४, सुनसरी	संस्थाको कार्यालय, इटहरी, सुनसरी	९८४२०३६०४९
३	श्री कमला श्रेष्ठ	इटहरी १४, सुनसरी	संस्थाको कार्यालय, इटहरी, सुनसरी	९८१८०२८७५४
४	श्री तिर्था खनाल	इटहरी २, सुनसरी	संस्थाको कार्यालय, इटहरी, सुनसरी	९८०७०१७०००
५	श्री कमला दाहाल	इटहरी ४, सुनसरी	संस्थाको कार्यालय, इटहरी, सुनसरी	९८१९०४६०६८
६	श्री अस्मिता निरौला	सुन्दरहरैंचा ५, मोरङ	बुढगंगा सकारात्म सेवाकेन्द्र,	९८००९०५६९९
७	श्री रेणुका आचार्य	सुन्दरहरैंचा ४, मोरङ	बुढगंगा सकारात्म सेवाकेन्द्र,	९८४२३६८०४५
८	श्री जुनु पौडेल	इटहरी १०, सुनसरी	खनार सेवाकेन्द्र, इटहरी १२, खनार	९८०८७४३११५
९	श्री जानुका पौडेल	इटहरी १०, सुनसरी	खनार सेवाकेन्द्र, इटहरी १२, खनार	९८२७३४८४८८
१०	श्री उमा श्रेष्ठ	इटहरी १८, सुनसरी	पकली सेवाकेन्द्र, इटहरी १७, पकली	९८६२३६०३१७


सस्थाको पछिल्लो ५ बर्षको सदस्य संख्या




सस्थाको पछिल्लो ५ बर्षको शेयर पुँजी




सस्थाको पछिल्लो ५ बर्षको जगेडा कोष




सस्थांको पछिल्लो ५ बर्षको बचत निक्षेप



सस्थांको पछिल्लो ५ बर्षको कुल सम्पति



उद्देश्य अनुसारको ऋण लगानी विवरण (२०८३ असार ३२ गतेसम्म)



संस्थाद्वारा प्राप्त सम्मान तथा पुरस्कारहरु

- कोशी प्रदेशकै उत्कृष्ट बचत तथा ऋण सहकारी संस्था, २०८०
  (प्रदेश सहकारी रजिष्ट्रर तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश)
- सबै भन्दा बढी रगत संकलन गरे वापत सम्मान २०८० (रेडक्रस)
- महिला सहकारीको उत्कृष्ट सहकारीको प्रशंसा पत्र, २०७५(जिल्ला सहकारी संघ लि. सुनसरी)
- प्रदेश नं. १ को उत्कृष्ट सहकारी, आ. व. २०७२/०७३
  (नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कून)
- सवै भन्दा वढी रगत संकलन गरे वापत सम्मान २०७३ (रेडक्रस)
- उत्कृष्ट महिला सहकारी क्षेत्रीय २०७२ (राष्ट्रिय सहकारी बैंक लि.)
- उत्कृष्ट बचतकर्ता सम्मान २०७०, बिराटलक्ष्मी बिकास बैंक
- देशकै उत्कृष्ट महिला साकोस, आ. व. २०६७/६८ (नेफ्स्कून)
- असल व्यवस्थापन तथा सुशासन २०६७(CMF)
- उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार २०६५ (राष्ट्रिय सहकारी संघ लि.)
- सर्वोत्कृष्ट सहकारी पुरस्कार २०६५ (डिभिजन सहकारी, सुनसरी)
- प्रशंसा पत्र २०५५ (नेपाल रेडक्रस सोसाईटी, सुनसरी)
- अधिकार जिम्मेवारी र वकालत प्रशंसा पत्र २०५७ (द. एशिया फाउण्डेशन)

सदस्य पहिचान फारम (KYM) भर्ने सम्वन्धि सुचना

सम्पत्ति शुद्धीकरण निवारण सम्वन्धी सहकारी संस्थाहरुलाई जारी निर्देशन वमोजिम सहकारी संस्थामा आवद्ध सबै शेयर सदस्यहरुको सदस्य पहिचान फारम (KYM) अनिवार्य रुपमा भर्नुपर्ने भएको हुँदा सम्पूर्ण सदस्यहरुले संस्थाको कार्यालय, सेवाकेन्द्र वा संस्थाका बजार कर्मचारीहरु मार्फत यथाशीघ्र उक्त फारम भर्न सूचित गरिन्छ ।

आवश्यक कागजातहरु:

(क) नागरिकताको फोटोकपी १ प्रति
(ख) राष्ट्रिय परिचयपत्रको फोटोकपी १ प्रति
(ग) हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति
(घ) कार्यक्षेत्र भित्र स्थायी बसोबास खुल्ने कागजातको फोटोकपी १ प्रति
(ङ) हकवालाको नागरिकताको फोटोकपी र पासपोर्ट साइजको फोटो १ प्रति

दोहोरो सदस्यता सम्बन्धी सूचना

कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी सस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनु अघि एक भन्दा बढी सस्थाको सदस्य रहेको भए कुनै एक सस्थाको मात्र सदस्यता कायम राख्नु पर्ने व्यवस्था सहकारी ऐन २०७४ दफा ३२ मा भएकाले सोही व्यवस्था वमोजिम दोहोरो सदस्यता अन्त्य गरिदिनुहुन सम्पूर्ण सदस्यज्यूहरुलाई सूचित गर्दछौं ।

संस्थाको परिचय

समुदायका महिलाहरुको चौतर्फी विकास र सशक्तिकरणका लागि सहकारीको अवधारणा अनुसार महिलाहरुलाई बचत गर्ने बानीको विकास गराउदै उत्पादनमूलक, सिपमूलक, व्यवसायमूलक र सामाजिक क्रियाकलापमा सहभागिता गराउन सकिने संस्थाको परिकल्पना स्वरुप केही महिला दिदीबहिनीहरुको नेतृत्वमा महिला बचत तथा ऋण सहकारी संस्था लि. इटहरी ४ को नामाकरणबाट यस संस्थाको स्थापना भएको हो ।

वि.सं. २०५५ साल असोज २२ गते बिहिबारका दिन तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, सुनसरी, इनरुवामा दर्ता नं. ०४।०५५।०५६ प्राप्त गरि इटहरी नगरपालिका वडा नं. ४, आइतबारे स्थित संस्थाको संस्थापक अध्यक्ष अमृता सुव्वाज्यूको घरको एउटा कोठामा पहिलो १ वर्ष नि:शुल्क कार्यालय संचालन र ५ वटै वडालाई कार्यक्षेत्र बनाई एक जना कर्मचारीबाट संस्थाको कारोवार शुरु गरिएको हो ।

हाल कोशी प्रदेश, सुनसरी जिल्ला, इटहरी उपमहानगरपालिका वाड नं. ४, आइतबारे स्थित साढे १३ धुर क्षेत्रफलमा संस्थाको आफ्नै भूमि र २ तले भवनलाई संस्थाको कार्यालय बनाई इटहरी उपमहानरपालिकाका २० वटै वडा र सुन्दरहरैंचा नगरपालिका, मोरङको १२ वटै वडाहरु यस संस्थाको कार्यक्षेत्र रहेको छ । सदस्यहरुको माग, आवश्यकता, सेवा सुविधालाई मध्यनजर गर्दै संस्थाको कार्यालय सहित जम्मा ६ वटा स्थानबाट संस्थाको कारोवार संचालन गर्दै आइरहेको छ ।

संस्थाको कार्यालय तथा सेवाकेन्द्रहरु

क्र. सं.	कार्यालय तथा सेवाकेन्द्र	स्थान/ठेगाना	सम्पर्क नं.
१	संस्थाको कार्यालय	इटहरी - ४, आईतवारे	०२५-५८१२१७/८२२१७
२	बुढिगंगा सकारात्मक सेवाकेन्द्र	सुन्दरहरैंचा - ४, मोरङ	०२१-४३१०५५
३	तरहरा सेवाकेन्द्र	इटहरी - २०, तरहरा	०२५-४७६१५२
४	खनार सेवाकेन्द्र	इटहरी - १२, खनार	०२५-४२०१४२
५	पकली सेवाकेन्द्र	इटहरी - १७, पकली	०२५-४२१११७
६	पूराण चोक सेवाकेन्द्र	इटहरी - ३, पूराण चौक	९७४१७७५९८८

संस्थाको स्वामित्वमा रहेको अन्य अचल सम्पत्तिको विवरण:

क्र. सं.	स्थान	जग्गा क्षेत्रफल	खरिद प्रयोजन/उद्देश्य
१	इटहरी ४, आइतबारे, सुनसरी	साढे १३ धुर	कार्यलय भवन (हाल कायम)
२	सुन्दरहरैंचा ५, बाँसवारी, मोरङ	साढे २३ धुर	कार्यलय भवन (प्रस्तावित)
३	सुन्दरहरैंचा ४, बलिया, मोरङ	१० कठ्ठा	कार्यलय भवन (प्रस्तावित)

"बचत गर्ने बानी सुनौलो जिन्दगानी" भन्ने मूल नारालाई आत्मसात् गर्दै वि. सं. २०५५ सालमा ७५ जना शेयर सदस्यहरुबाट रु. १,००,०००।- शेयर पुँजी संकलन गरि संचालनमा आएको यो संस्थाले आ. व. २०७५।८० देखि **"समृद्धिको सारथी, महिला साकोस"** भन्ने नारा तय गरि **"संमृद्ध समुदाय दिगो विकास"** को परिकल्पनालाई आगडि बढाउदै सहकारी ऐन अनुसार नै वि. सं. २०७६ सालमा बुढिगंगा बचत तथा ऋण सहकारी संस्था लि. सुन्दरहरैंचा ४, मोरङ र सकारात्मक कृषि सहकारी संस्था लि. सुन्दरहरैंचा ५, मोरङसँग संस्था एकीकरण कार्य सम्पन्न गरे पश्चात वि. सं. २०८३ असार मसान्तसम्म आइपुग्दा संस्थाको कुल शेयर सदस्य १००६५ जना र कुल शेयर पुँजी ७ करोड ५२ लाख ६ हजार १ सय रहेको छ ।

संस्था स्थापनाको समयदेखि नै संस्थाले सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त, मूल्य मान्यता, प्रचलित सहकारी ऐन, नियमावली, नियम कानुन र संयुक्त राष्ट्र संघले सन् २०१५ मा अघि सारेका दिगो विकास लक्ष्य (Sustainable Development Goals) का रणनीतिक एजेण्डा अनुरुप बचत तथा ऋणको साथमा विभिन्न सामाजिक सामुदायिक कार्यहरु गर्दै समाज, राष्ट्रीय र अन्तर्राष्ट्रिय स्तरमा संस्थाको पहिचान कायम गर्न सफल भएको छ ।

संस्थाले संस्थागत विकासका लागि वि. सं. २०६० सालदेखि नै एसियाली ऋण महासंघ (ACCU – Asian Confederation of Credit Unions) को प्राविधिक सहयोग तथा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) द्वारा संचालित संस्था स्तरीकरण कार्यक्रममा सहभागी भई संस्थाको सबल र कमजोर पक्ष, अवसर र चुनौतीको विश्लेषण गरि नियमनकारी निकायले दिएको मार्गनिर्देशनको पालना र बचत तथा ऋण सहकारी संस्थाले पालना गर्नुपर्ने पर्ल्स विश्लेषणका वित्तीय लक्ष्य, संस्थाका नीति तथा कार्यविधि, रणनीतिक योजना अनुसार संस्था निरन्तर अगाडि बढिरहेको छ । हाल संस्था पाचौं १० वर्षे रणनीतिक योजनाको कार्यान्वयनमा छ ।

नेफ्स्कूनको प्रत्यक्ष निगरानीमा वि. सं २०६८ सालदेखि ACCESS (A1 Competitive Choice for Excellence in Service and Soundness) Branding कार्यक्रममा सहभागी भई वि. सं. २०७३ सालदेखि ब्रोन्ज तहको ब्राण्ड प्राप्त गर्न सफल भएका छौं जुन संस्था र सदस्यहरुका लागि गौरवको विषय हो । यद्यपि गुणस्तर सुनिश्चितता कार्यक्रमलाई निरन्तरता दिई ब्राण्ड प्राप्तिका लागि संस्था सदैव प्रयत्नशिल रहिरहेको छ ।

स्थापनाकालादेखिनै संस्थाले सामाजिक सामुदायिक कार्यक्रम अन्तर्गत प्रत्येक वर्ष एकल तथा स्थानीय संघ संस्थासँग सहकार्य गरि वातावरण सम्बन्धी वृक्षारोपण, सरसफाई, डस्टविन वितरण, नदी नाला तथा जलाशय सरसफाई सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु गर्दै आएको छ । त्यसैगरी रक्तदान, महिला हिंसा विरुद्धको अभियान, लागुपदार्थ दुर्व्यसनी विरुद्ध सचेतनामूलक अभिमुखीकरण कार्यक्रम, युवा तथा महिला लक्षित स्वास्थ्य सम्बन्धी सचेतना, निःशुल्क स्वास्थ्य शिविर, औषधी वितरणका साथै विभिन्न तालिम (उद्घोषण, भाषण, माइन्यूट लेखन, नेतृत्व विकास, सञ्चार सिप), सहकारी शिक्षा, वित्तीय साक्षरता, सहकारी व्यवस्थापन, कार्यालय व्यवस्थापन, समिति, उपसमिति तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा गोष्ठीको आयोजना गर्ने गरिएको र सोलाई आगामी दिनमा पनि निरन्तरता दिइने छ ।

सदस्य भेटघाट, नवजात शिशु स्वागत तथा सुत्केरी भेटघाट, नवदुलही स्वागत, समवेदना तथा राहत सहयोग, सदस्य शिक्षा, अन्तरक्रिया तथा विस्तारित मञ्च, सहकारी शिक्षा तथा वित्तीय साक्षरता, सदस्य अवलोकन भ्रमण, बाल भ्रमण तथा उत्प्रेरणा कार्यक्रम, हाजिरीजवाफ, अन्तरक्रिया, गोष्ठी, ज्येष्ठ सदस्य सम्मान तथा धार्मिक ऐतिहासिक स्थल अवलोकन भ्रमण गराउने गरिएको छ । साथै सदस्य स्वयं तथा सदस्यका छोराछोरी, श्रीमान श्रीमतीले डाक्टर, इन्जिनियर, अधिवक्ता, सरकारी अधिकृत, स्नातकोत्तर प्रथम श्रेणी उत्तीर्ण, विद्यावारिधि उत्तीर्ण लगायतका अन्य विभिन्न विधामा सफलता हासिल गरेको भएमा संस्था स्थापना दिवसको अवसरमा सम्मान गर्ने गरिएको छ । संस्था, सदस्य र समुदायको हितका लागि आवश्यकता अनुसार विभिन्न योजनाहरु बनाएर हाल गरिआएका र थप कार्यक्रमहरु संचालन एवम् विस्तार गर्न संस्था सदैव अग्रसर रहेको छ ।

सुशासन एवम् सदस्य सुरक्षा कायम राख्न संस्थाले शेयर सदस्य तथा सरोकारवालाहरुको लागि संस्थाका सम्पूर्ण कार्यक्रम तथा गतिविधिहरुको सम्बन्धमा संस्थाको कार्यालय तथा सेवाकेन्द्रहरुमा सम्पर्क गरि जानकारी लिन सकिने व्यवस्था गरेको छ । साथै संस्थाले ब्रोसर, भित्तेपात्रो, वार्षिक प्रतिवेदन समय समयमा प्रकाशित गरिने स्मारिका, सदस्य बडापत्र, सूचना पाटी, वस्तु तथा सेवाको लागत शुल्क, ब्याजदर, मासिक वित्तीय विवरण प्रकाशन मार्फत संस्थाको वित्तीय अवस्था र सम्पूर्ण गतिविधिहरुको जानकारी गराउदै आएको छ । हाल उपलब्ध डिजिटल प्लाटफर्महरु फेसबुक पेज, फेसबुक म्यासेन्जर ग्रुप, वेबसाइट, युट्यूब आदि जस्ता संस्थाका आधिकारिक सोसल प्लाटफर्म मार्फत समेत सदस्य तथा सरोकारवाला व्यक्तिहरुलाई सूचित गराउदै आइरहेको छ । साथै सदस्यहरुलाई लागेका जिज्ञासा तथा सुझावका लागि संस्थाको कार्यालय र प्रत्येक सेवाकेन्द्रहरुमा सुझाव पेटिका र सुझाव पुस्तिकाको समेत व्यवस्था गरिएको छ । संस्थाको हरेक गतिविधिहरुको बारेमा चासो राख्नु, जानकारी लिनु, सहभागी हुनु, उपयुक्त सरसल्लाह दिनु सबै शेयर सदस्यज्यूहरुको अधिकार, दायित्व र मूख्य कर्तव्य पनि हो । संस्था प्रति सदस्यहरुको पूर्ण विश्वास, अपनत्वको भावना, सहकार्य र समन्वय, इमान्दारिता र जवाफदेहिताबाट मात्र संस्था सुदृढ बन्न सक्छ, यो भावना सबैमा जागृत हुन जरुरी महशुस गराउँदै आगामी दिनहरुमा संस्थाको गरिमा अझ उच्च बनाउन संस्था प्रतिबद्ध छ ।

संस्थाले निम्नानुसारका नारा, परिकल्पना, ध्येय, उद्देश्य, रणनीतिक स्तम्भ र मूल्य मान्यताहरु अवलम्बन गरि निरन्तर अघि बढिरहेको छ ।

नारा (SLOGAN)

संमृद्धिको सारथी; महिला साकोस
(Forerunner of Prosperity; Mahila SACCOS)

परिकल्पना (VISION)

समृद्ध समुदाय, दिगो विकास
(Prosperous Community, Sustainable Development)

ध्येय (MISION)

सदस्यहरुलाई नवीनतम प्रविधिको प्रयोगद्वारा प्रभावकारी वित्तीय सेवा प्रदान गरी दिगो र समृद्ध समुदाय निर्माणमा योगदान गर्ने ।

(To contribute for the formation of sustainable & prosperous community providing effective financial services using latest technology to the members.)

उद्देश्यहरु (Objectives)

- सदस्यहरुमा बचत गर्ने बानीको विकास गर्दै नियमित बचत संकलनद्वारा पूँजी निर्माण गरी सदस्यलाई समृद्ध बनाउने ।
- आयमुलक र उत्पादनमुलक सिप सिकाई सदस्यलाई व्यवसायिकता र आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
- सदस्यहरूको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी कृषि, पशुपालन, व्यवसाय तथा उत्पादनमूलक क्षेत्रमा सदस्यहरू मार्फत ऋण लगानी गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने ।
- सदस्यको व्यवसायिक उत्पादनको बजारीकरणमा सहयोग गर्ने तथा सदस्यहरुको जीवन निर्वाह पद्धतीमा सुधार ल्याउन सहयोग गर्ने ।
- बचत र ऋणको बजारदरमा प्रतिस्पर्धी ब्याजदर कायम गर्ने ।
- निरन्तर सहकारी शिक्षा, वित्तीय साक्षरता तथा विभिन्न तालिममा सदस्यहरुलाई सहभागी गराउँदै नविनतम प्रविधिको प्रयोगबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपमा सदस्य सशक्तिकरणमा योगदान गर्ने ।
- राष्ट्रिय-अन्तर्राष्ट्रिय, सरकारी-गैह्र सरकारी संघ संस्थाहरुबाट प्राप्त हुने अनुदान-सहयोग प्राप्त भएमा सदस्यहरुको हितमा प्रयोग गर्ने ।
- कमजोर आयवर्गलाई लक्षित गरी आय आर्जनका कार्यक्रमहरु संचालन गर्ने ।
- समाजमा सामाजिक सद्भाव र सहयोगको भावना अभिवृद्धि गर्दै सहकार्य, पारदर्शिता, जावाफदेहिता र आपसी विश्वासको संस्कृति विकास गर्ने ।

रणनीतिक स्तम्भ (Strategic Pillars)

१. सदस्य सेवा (Member Service)
२. संस्थागत विकास (Institutional Development)
३. शिक्षा, तालिम तथा सूचना संचार (Education, Training and Information; Communication)
४. वित्तीय परिचालन (Financial Management/Mobilization)
५. नवीनतम प्रविधि (Innovative Technology)
६. मानव संशाधन (Human Resource)
७. सामुदायिक विकास (Community Development)

संस्थागत मूल्य मान्यताहरु (Corporate Values)

- **जवाफदेहीता:** संस्थाको परिकल्पना, ध्येय तथा रणनीतिक लक्ष्यहरुको प्राप्तिका लागि आवश्यक निर्णय लिन र जवाफ दिन सम्बन्धित सदस्य, सञ्चालक, कर्मचारीहरुलाई जिम्मेवार बनाइनेछ ।
- **विश्वसनियता:** संस्थाका काम-कारबाही, कार्यसम्पादन प्रक्रिया, सेवा तथा सुविधाहरु प्रदान गर्दा अविछिन्न तथा अविचलित रुपमा एकरुपता कायम गरीनेछ ।
- **पारदर्शिता:** संस्थागत पारदर्शिता कायम गर्न सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई संस्था सञ्चालन सम्बन्धमा जानकारी गराइनेछ ।
- **पेशागत व्यवसायिकता:** साकोस सञ्चालनका मापदण्ड, विवेकी अभ्यास, नीति, विधिको पुर्ण कार्यान्वयन तथा प्रयोग मार्फत सदस्य, समाज र स्थानीय अर्थतन्त्रको उत्पादकत्वमा योगदान पुऱ्याउने छ ।
- **वित्तीय दिगोपना:** वित्तीय सम्पत्ति तथा दायित्वको सन्तुलित व्यवस्थापन मार्फत सामाजिक-वातावरणीय पक्ष, स्थानीय अर्थतन्त्रको उत्पादकत्वमा वृद्धि र वित्तीय सुशासनलाई प्राथमिकतामा राखी वित्तीय व्यवस्थापन गरिनेछ ।
- **समता:** सहकारी संस्थामा सदस्य, सञ्चालक, कर्मचारी तथा सम्पूर्ण सरोकारवालाहरुबिच आन्तरिक तथा बाह्य स्रोत तथा साधनको सापेक्षिक वितरणको रुपमा बुझिनेछ । साथै विभिन्न क्षेत्र, जात, धर्म, वर्ण, लिङ्ग तथा वर्गको प्रतिनिधित्व गर्ने सदस्य, सञ्चालक तथा कर्मचारीहरुलाई सम हुनाको भाव वा अवस्थाको महसुस रहने गरी, निष्पक्षरुपमा संस्थागत अवसरहरुमा समावेश गराइनेछ ।
- **ऐक्यबद्दता:** महिला साकोस र यस अर्न्तगतका सदस्यहरुको समृद्धि, सहकारी अभियानको विकास तथा प्रर्वद्धन, स्थानीय अर्थतन्त्रको प्रर्वद्धन तथा विकास, स्थानीय तथा राष्ट्रिय समस्याहरुको समाधानका लागि संस्थामा आबद्द सम्पूर्ण सदस्यहरुले संस्थागत रुपमा ऐक्यबद्दता जनाइनेछ । बहुमत रुपमा गरेको निर्णयलाई सामुहिक निर्णयका रुपमा स्वीकार गरिनेछ । निर्णय प्रक्रियामा साझा विन्दु अबलम्वन गरिनेछ । संस्थामा कुनै गुट वा उपगुटको संलग्नतालाई स्वीकार गरिनेछैन ।

वार्षिक प्रगति प्रतिवेदन

मुना प्रसाई तिमसिना
अध्यक्ष
मितिः२०८३/०६/१३

महिला बचत तथा ऋण सहकारी संस्था लि. इटहरी-४, सुनसरीको गरिमामय २८औं वार्षिक साधारणसभाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरीवेक्षण समिति संयोजक तथा सदस्यज्यूहरु, विभिन्न उपसमिति तथा कार्यदलका संयोजक तथा सदस्यज्यूहरु, संस्थापक अध्यक्षज्यू, पूर्व अध्यक्षज्यू तथा संचालकज्यूहरु, पूर्व लेखा संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, संस्थापक शेयर सदस्यज्यूहरु, प्रमुख कार्यकारी अधिकृत, सम्पूर्ण कर्मचारीहरु, पत्रकारज्यूहरु, संस्थालाई पूर्ण विश्वास र माया गरेर यहाँसम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने संस्थाका मूख्य धरोहर उपस्थित सम्पूर्ण आदरणीय शेयर सदस्यज्यूहरु सबैमा हार्दिक स्वागत, सहकारीमय न्यानो अभिवादन, आभार व्यक्त गर्दै यहाँहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । नमस्कार ! जय सहकारी ।

मिति २०८० साल पुष १३ गते शुक्रबारका दिन संस्थाको २५औं चुनावी वार्षिक साधारण सभाबाट संचालक समिति र लेखा सुपरीवेक्षण समिति सर्वसम्मत चयन गरि सुम्पनु भएको जिम्मेवारीलाई हाम्रो ज्ञान र विवेकले भ्याएसम्म साझेदारी संस्था र नियमनकारी निकायको मार्गनिर्देशन, सहकारीको सिद्धान्त, मूल्य मान्यता, नेपाल सरकारको प्रचलित सहकारी ऐन, कानून, नियमावलीको अधिनमा रहेर हाम्रो समूहले इमान्दारी, पारदर्शी र योजनाबद्धरुपमा संस्थालाई अगाडि बढाई रहेको कुरा यस गरिमामय साधारण सभामा जानकारी गराउँदछौं ।

आदरणीय शेयर सदस्यज्यूहरु,
सहकारी ऐन २०७४, नियमावली २०७५, तथा सहकारी विभागबाट जारी सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था पहिलो संसोधन) निर्देशिका, २०७६ को अधिनमा रही बचत तथा ऋणको मूख्य कारोवार गर्ने सहकारी संस्थाहरुको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड तथा निर्देशनहरुको पालना गर्दै संस्थाको दिगो विकास, लक्ष्य, उद्देश्य, परिकल्पना र ध्येय पूरा गर्न, संस्थामा सुशासन, पारदर्शिता कायम गर्न संचालक, लेखा समिति र कर्मचारीहरुको मात्र सक्रियता, अनुशासन र जिम्मेवारीले नपुग्ने रहेछ । हाम्रा साझेदार संघ संस्थाका साथमा सम्पूर्ण शेयर सदस्यज्यूहरुको पनि उत्तिकै सक्रियता, क्रियाशिलता, सहभागिता, इमान्दारिता, सहयोग, सुझाव, समन्वय, हौसला र उत्प्रेरणाको महत्वपूर्ण भूमिका र जिम्मेवारी रहेको हुन्छ । आज संस्था यहाँसम्म आइपुग्नमा मुख्य श्रेय तपाईं शेयर सदस्यज्यूहरुकै समर्पण, सहयोग र विश्वासलाई दिन्छौं । विभिन्न चुनौती, उतार-चढाव र परिस्थितीहरुको बाबजुद पनि प्राप्त संस्थागत सद्भाव र हौसलाले नै आज हामी २८औं वार्षिक साधारणसभा सफलतापूर्वक सम्पन्न गर्न एकाईगत रुपमा वेग्ला-वेग्लै स्थानमा भेला भएका छौं । यो हाम्रो लागि गौरवको विषय हो । यसकारण आगामी दिनहरुमा पनि संस्थाले आयोजना गरेको वार्षिक कार्ययोजना अन्तर्गतको आर्थिक, सामाजिक लगायतका हरेक क्रियाकलापहरुका साथै वार्षिक साधारण सभामा सक्रिय सहभागिता जनाई संस्थालाई अझ मजबुत बनाउन निरन्तर साथ सहयोग प्रदान गरिदिनु हुन सबैमा विनम्र अनुरोध गर्दछौं । यो सफलताका लागि सम्पूर्ण सदस्यज्यूहरुमा धन्यवाद र खुशी व्यक्त गर्दछौं ।

आदरणीय शेयर सदस्यज्यूहरु,

अब म सहकारी ऐन, नियमावली, सहकारी विभाग तथा राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी गरेको मापदण्ड तथा निर्देशन अनुसार संस्थाले तयार पारेको विवरणहरु यस सम्मानित सभा समक्ष क्रमशः प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (मन्त्रीस्तर) बाट पारित सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) २०७६ को पहिलो संशोधन २०७७ दफा ३५ अनुरुप संस्थाको संस्थागत प्रतिधिनी तथा आवद्धता सम्बन्धमा यस सभाका सदस्यहरुज्यूहरुलाई जानकारी गराउन उचित ठानेका छौं ।

संस्थाको आबद्धता

क्र. सं.	आवद्ध संस्था/सदस्यता	दर्ता/सदस्यता नं.	मिति
१	सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय, इनरुवा, सुनसरी	०४।०५५।०५६	२०५५।०६।२२
२	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) काठमाडौं	३५५	२०५८।०३।२६
३	राष्ट्रिय सहकारी बैंक लि., ललितपुर	४५७	२०६०।०५।०१
४	जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सुनसरी	१	२०६२।१०।०६
५	जिल्ला सहकारी संघ लि., सुनसरी	७३	२०६७।१२।१७
६	सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लिमिटेड, इटहरी, सुनसरी	४२	२०७५।०५।१७
७	थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड, दमक, झापा	४३	२०८०।०१।२८
८	राष्ट्रिय सहकारी नियमन प्राधिकरण, पुल्चोक, ललितपुर	२०५५-०१४१६	२०८२।१२।०२
९	कर्जा सूचना केन्द्र, कमलादी, काठमाडौं	CP००३४५	२०८२।१२।०८

संस्थाको आधिकारिक प्रतिनिधिको जानकारी सम्बन्धमा । (आ. व. २०८२।८३)

क्र. सं.	आवद्ध संस्था	प्रतिनिधि
१	नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) काठमाडौं	श्री मुना प्रसाई तिमसिना
२	राष्ट्रिय सहकारी बैंक लि., ललितपुर	श्री अमृता सुव्वा
३	जिल्ला बचत तथा ऋण सहकारी संघ लि., सुनसरी	श्री चन्द्रादेवी पौडेल
४	जिल्ला सहकारी संघ लि., सुनसरी	श्री जानुकला तामाङ
५	सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लिमिटेड, इटहरी, सुनसरी	श्री अमृता सुव्वा
६	थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड, दमक, झापा	श्री पुनम थापा मगर

संस्थाको कार्यालय र सेवाकेन्द्रहरुः

क्र. सं.	सेवाकेन्द्र	सम्पर्क नं.	क्र. सं.	सेवाकेन्द्र	सम्पर्क नं.
१	संस्थाको कार्यालय, इटहरी ४, आइतबारे	०२५-५८१२१७, ५८२२१७	४	खनार सेवाकेन्द्र, इटहरी १२, खनार	०२५-४२०१४२
२	बुढिगंगा सकारात्मक सेवाकेन्द्र, सुन्दरहरैचा ४,	०२१-४३१०५५	५	पकली सेवाकेन्द्र, इटहरी १७, पकली	०२५-५४२१११७
३	तरहरा सेवाकेन्द्र, इटहरी २०, तरहरा	०२५-४७६१५२	६	पुरण चोक सेवाकेन्द्र, इटहरी ३	५७४१७७५५८८

- संस्थाले वित्तीय सुशासनको परिपालना गर्दै आफ्नो आर्थिक क्रियाकलाप पारदर्शी ढंगबाट निरन्तर संचालन गर्दै आइरहेको छ । नियमित मासिक रुपमा कर बुझाउने तथा सम्बन्धित निकायको निर्देशन बमोजिम ETDS कार्य गर्ने गरेको छ ।

आ. व. २०८२।०८३ मा संस्थाले राजस्व तिरेको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

राजस्व संकेत नं.	राजस्व शिर्षक	तिरेको रकम
१११११	एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर	५३,३८८।४७
१११११२	पारिश्रमिक कर	८२२,९७०।५६
१११२३	निकायको मुनाफामा लाग्ने कर (प्राइभेट लिमिटेड कम्पनी)	१४,३११।५९
१११२४	निकायको मुनाफामा लाग्ने कर (अन्य संस्था)	२,०५७।००
१११३१	बहाल कर	३३०।००
१११३२	ब्याज कर	१,४३३,८८८।८९
१११३३	लाभांश कर	२२१,७६७।१५
११२११	पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर	२२,६८०।४९
१११२४	आयकर	१,७४३,१०९।५९
-	घर बहाल कर (इटहरी उपमहानगरपालिका र सुन्दरहरैंचा नगरपालिका)	५०,६१३।००
-	व्यवसाय कर (इटहरी उपमहानगरपालिका)	१९,८००।००
	जम्मा	४३,८४,९१६।७४

<u>नियमनकारी निकायले दिएको निर्देशनको जानकारी सम्बन्धमा:</u>

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय (मन्त्रीस्तर) बाट पारित सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ को पहिलो संशोधन २०७७ को दफा ३६ अनुरुप नियमनकारी निर्देशनको जानकारी गराउनुपर्ने व्यवस्था भएनुसार आ.व. २०८२।८३ को मिति २०८२।१२।०४ गते प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश, इनरुवा, सुनसरीद्वारा स्थलगत अनुगमन गरी सो को सुझाव सहितको प्रतिवेदन मिति २०८२।१२।२३ मा प्राप्त भएको र सुझावहरु क्रमशः कार्यान्वयन भइरहेको व्यवहोरा यस गरिमामय साधारण सभाका सदस्यहरुज्यूहरुलाई जानकारी गराउँदछौं।

<u>सम्पत्ति शुद्धिकरण निवारणको कार्यान्वयन अवस्था सम्बन्धमा ।</u>

सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघसंस्थाहरुलाई जारी गरिएको (पहिलो संशोधन) निर्देशन, २०७६ अनुरुप संस्थाले पूरा गर्नुपर्ने दायित्व प्रभावकारी रुपमा पूरा गर्न, गराउन आवश्यक नीति, कार्यविधि, नियन्त्रण प्रणाली, जनशक्ति, साधन, श्रोत, समेतको समुचित व्यवस्था मिलाइएको छ । सोही निर्देशनबमोजिम सहकारी ऐन, नियमावली र सो अन्तर्गत जारी निर्देशिका बमोजिम दायत्वि पूरा गर्न कार्यान्वयन अधिकारी (कम्प्लायन्स अफिसर) को नियुक्ति गरिएको छ । सस्थाले सहकारी ऐन र सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशन अनुरुप नै सस्थाका आन्तरिक कार्यविधिहरु साधारण सभाबाट पारित गराई लागू गरिएको छ । यसका साथै संस्थाले नियमित रुपमा तोकिएका प्रतिवेदनहरु नियामक निकायमा पेश गर्ने र अभिलेख व्यवस्थापन गर्ने गरेको व्यहोरा समेत यस गरिमामय साधारणसभासमक्ष अवगत गराउँदछौं ।

आदरणीय शेयर सदस्यज्यूहरु,

संस्थाले प्रदान गरेका सेवा तथा सुविधाहरुको उच्चतम प्रयोग गरि संस्थासँगको कारोवारलाई चुस्त दुरुस्त राख्न संस्थाको नीति, कार्यविधि, सर्त सुविधा भित्र रहेर बचत तथा ऋणको कारोवार गरिदिनु हुन पनि बिनम्र अनुरोध गर्दछौं । संस्थाले आफ्ना सदस्यहरुको सम्पूर्ण वित्तीय कारोवारहरुलाई यसै साकोसबाट परिपूर्ण गर्न विभिन्न सेवाहरु एकैद्वारबाट दिइरहेको छ जुन क्रमशः उल्लेख गरिएको छ । अहिलेको युग विज्ञान–प्रविधि, सूचना–सञ्चार, कृत्रिम बुद्धिमत्ता (AI-Artificial Itelligence) को युग भएकोले संस्थाले प्रयोगमा ल्याएकोले डिजिटल सेवाहरुको प्रयोग गरि समय र कागजको बचत गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

संस्थाले प्रदान गरिरहेका बचत सेवाहरुः

क्र. सं.	बचतसेवा
१	नियमित बचत
२	ऐच्छिक बचत
३	बाल बचत
४	शिक्षा बचत
५	पेन्सन बचत
६	खुत्रुके बचत
७	इमरजेन्सी (साह्रो गाह्रो) बचत
८	गहना बचत
९	सुत्केरी बचत
१०	रेमिटेन्स बचत

क्र. सं.	बचत सेवा
११	बिमा बचत
१२	स्कुटी बचत
१३	ज्येष्ठ नागरिक बचत
१४	युवा बचत
१५	पर्व बचत
१६	उद्यमशिल बचत
१७	भ्रमण बचत
१८	क्रमिक बचत (१,२ र ३ वर्षे)
१९	आवधिक बचत (१,२ र ३ वर्षे)
२०	दैनिक बचत (६ महिने र १ वर्षे)

संस्थाले प्रदान गरिरहेका ऋण सेवाहरुः

क्र. सं.	ऋण सेवा
१	व्यवसायिक ऋण
२	उत्पादनमुलक ऋण
३	लघुउद्यम ऋण
४	कृषि तथा पशुपालन ऋण
५	सवारी साधन खरिद ऋण (व्यवसायिक)
६	सवारी साधन खरिद ऋण (व्यक्तिगत)
७	परियोजना ऋण

क्र. सं.	ऋण सेवा
८	बैदेशिक रोजगार ऋण
९	घर निर्माण ऋण
१०	घर जग्गा खरिद ऋण
११	उच्च शिक्षा ऋण ऋण
१२	घरायसी ऋण
१३	आवधिक बचत धितो ऋण
१४	बचत धितो ऋण

❖ डिजिटल सेवाहरुः

- **मोबाइल बैंकिङ (Mahila Smart App)**: शेयर सदस्यहरुको कारोवारलाई सरल र सहज बनाउन, ३६५ दिननै बैंकिङ सेवाको पहुँच पुऱ्याउन संस्थाले विगत वर्षहरुदेखिनै Mahila Smart App नामक मोबाइल बैंकिङ सेवा संचालनमा ल्याएको छ । उक्त सेवा मार्फत सदस्यले सोझै मोबाइल रिचार्ज, पानी, बिजुली, इन्टरनेटको बिल, इन्सुरेन्सको प्रिमियम तिर्ने कार्य गर्न सक्नु हुन्छ । साथै बैंकमा पैसा पठाउने, इसेवा, खल्ती, आई एम ई पे वालेटमा पैसा लोड गर्ने, हवाई टिकट काट्ने कार्य समेत गर्न सक्नु हुन्छ । विद्युतिय भुक्तानीका लागि पनि यो सेवा उपयूक्त छ ।

- **QR (Quick Response) Code:** संस्थाका व्यवसायी सदस्यहरुको व्यवसाय नगदरहित, छिटो र सुरक्षित बनाउनका लागि संस्थाले विगत वर्षहरुदेखि नै क्यूआर कोड सेवा प्रदान गरिरहेको यहाँहरुलाई थाहा नै छ । यो सेवा मार्फत व्यवसायी सदस्यले वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त भएको रकमलाई महिला साकोसमा संचालित खातामा सोझै जम्मा गर्न सक्नु हुन्छ ।

- **e-Teller:** संस्थाले सदस्यहरुका लागि इ–टेलर सेवा संचालनमा ल्याएको छ । यो सेवा मार्फत सदस्यले भूक्तानी पुर्जा वा चेक बिना नै आफ्नो खाताको पैसा झिक्न र राख्न सक्नुहुन्छ । यो सेवाले चेक लिएर हिड्नु पर्ने झन्झट र चेक हराउने जोखिमलाई समेत हटाएको छ ।

❖ रेमिटेन्स सेवाहरु:

विश्वका जुनसुकै स्थानबाट पठाएको पैसा प्राप्त गर्न र देश भित्र जुनसुकै स्थानमा पैसा पठाउन सहजताका लागि संस्थाले विभिन्न प्रकारका रेमिटेन्स सेवाहरु आफ्ना सदस्यहरुको लागि संचालनमा ल्याएको छ । संस्थाका सदस्यले संस्थासम्म नआइकन नै निज सदस्यको खातामा रकम जम्मा हुने व्यवस्था समेत संस्थाले गरेको छ ।

❖ ABBS (Any Branch Banking System) सेवा:

संस्थाले संचालन गरेको जुनसुकै कार्यालय तथा सेवाकेन्द्रमा गई सदस्यज्यूहरुले कुनै पनि शुल्क बिना पैसा राख्न तथा झिक्न सकिने सुविधा संस्थाले प्रदान गर्दै आइरहेको छ । उदाहरणका लागि खनारका सदस्यले तरहरा सेवाकेन्द्र तथा पकलीका सदस्यहरुले बुढिगंगा सकारात्मक सेवाकेन्द्र, बाँसबारी, मोरङबाट पनि बिना झन्झट संस्थाले प्रदान गरेको सम्पूर्ण सेवा सुविधाहरु प्राप्त गर्न सक्नु हुन्छ । संस्थाले **Infinity** कोर बैंकिङ सिस्टमको प्रयोगबाट सदस्यज्यूहरुलाई सहज र सुरक्षित ढंगबाट सेवा पुऱ्याइरहेको छ ।

आ. व. २०८०।८१ देखि वाह्य लेखापरिक्षण कार्य प्रचलित कानुनको अधिनमा रही *नेपाल वित्तीय प्रतिवेदनमान* **(NFRS-Nepal Financial Reporting Standard)** अनुसार तयार गरि यथार्थ चित्रण गरिएको छ । साथै संस्थाले **Infinity Core Banking System** मार्फत सुरक्षित रुपमा विद्यूतीय माध्यमबाट सदस्यहरुको सम्पूर्ण कारोवार गर्ने तथा अभिलेख राख्ने कार्य गर्दै आएको छ ।

आदरणीय शेयर सदस्यज्यूहरु,
विश्वव्यापी आर्थिक मन्दी, कोरोना महामारी, अन्तर्राष्ट्रिय युद्ध, जेन जी आन्दोलन र गत भदौ १० गतेको विनासकारी भोटेकोशी बाढी जस्ता वाह्य कारणले देशको आर्थिक अवस्थामा अस्थिरता आएको र त्यसको प्रत्यक्ष र परोक्ष प्रभाव सहकारी क्षेत्रमा पनि परेको छ । यस्ता जोखिमबाट संस्था, सदस्यको बचत र लगानीलाई सुरक्षीत राख्न संस्थाले ऐन कानुनको अधिनमा रहि विनियम र आन्तरिक कार्यविधिहरु समेत समय सापेक्ष संशोधन गरी कार्यान्वयन गरिरहेको छ । जसले संस्थाको वित्तीय स्थिरता र सदस्यहरु प्रतिको उत्तरदायित्व सुनिश्चित गर्न सहयोग पुऱ्याउने जानकारी गराउँदछौं ।

संस्थाले अवलम्बन गरेका सम्पूर्ण कार्यक्रमको मूल ध्येय सदस्य सेवालाई गुणस्तरीय बनाउने र संस्थामा रहेको सदस्यको शेयर र बचतको सुरक्षा गर्नु रहेकाले यी दुबै कार्यक्रममा हुने संस्थाको सहभागिताले संस्था र संस्थाका सदस्यलाई फाइदा

पुऱ्याउने कुरामा हामी विश्वस्त छौं । यस अभियानमा हामीलाई मार्ग निर्देश गरी सहयोग गर्नुहुने प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश, इनरुवा, सुनसरी, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन), राष्ट्रिय सहकारी महासंघ लि., राष्ट्रिय सहकारी बैंक लि., बचत तथा ऋण सहकारी संघ लि. सुनसरी, जिल्ला सहकारी संघ लि., सुनसरी, अन्य संघ संस्था तथा व्यक्ति र सहकारी अभियन्ताहरु तथा सल्लाहकारहरु प्रति हार्दिक आभार प्रकट गर्दछौं ।

आदरणीय शेयर सदस्यज्यूहरु,
अब म संस्थाले गत आ. व. मा प्राप्त गरेको प्रगति विवरण र सम्पन्न गरेका कार्यक्रमहरु क्रमशः जानकारी गराउँदछु ।

संस्थाको वार्षिक प्रगति विवरण आ.व. २०८२/८३

क्र.सं.	शिर्षक	रकम
१	सदस्य संख्या	१००६९
२	शेयर पुँजी	७,५२,०६,१००।००
३	निक्षेप	५६,५२,०३,३२९।८२
४	जगेडा तथा अन्य कोष	८,५०,४४,९१७।३५
५	वाह्य ऋण (तिर्न बाँकी)	०
६	संस्थाको लगानी	१,६२,३५,०००।००
	क) नेपाल बचत तथा ऋण केन्द्रीय सकहारी संघ लि. (नेफ्स्कून) काठमाडौं	५०,००,०००।००
	ख) राष्ट्रिय सहकारी बैंक लि. काठमाडौं	१,००,१०,०००।००
	ग) बचत तथा ऋण सहकारी संघ लि., सुनसरी	१,००,०००।००
	घ) जिल्ला सहकारी संघ लि., सुनसरी	२५,०००।००
	ङ) सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लिमिटेड, इटहरी, सुनसरी	१०,००,०००।००
	च) थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड, दमक, झापा	१,००,०००।००
७	यस बर्षको ऋण लगानी	२४,८२,२२,०००।००
८	यस बर्षको ऋण असुली	२०,५९,४७,५०७।२०
९	लगानीमा रहिरहेको ऋण	५४,२७,११,०८७।९९
१०	बचत संकलन	१,२३,८३,४९,८१५।९९
११	बचत फिर्ता	१,२०,४९,३३,७०५।४१
१२	जम्मा बचत	५६,५२,०३,३२९।८२
१३	ब्याज आम्दानी	५,७१,१९,२५१।३९
१४	ब्याज खर्च	२,३८,१५,९४४।७८
१५	खुद नाफा	७६,९६,८५२।७८
१६	कुल सम्पति	७४,००,६४,२६७।०३

सहकारीका ७ सिद्धान्तहरु:

१. सवेच्छिक तथा खुला सदस्यता
२. सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण
३. सदस्यको आर्थिक सहभागिता
४. स्वायत्तता र स्वतन्त्रता
५. शिक्षा, तालिम र सूचना
६. सहकारीबीच सहकार्य
७. समुदायप्रतिको चासो

आ.व. २०८१/८२ र आ.व. २०८२/८३ को तुलनात्मक बार्षिक प्रगति विवरण

शिर्षांक	आ.व. २०८१/०८२			आ.व. ०८२/०८३		
	लक्ष्य	प्रगति	प्रगति ⅞	लक्ष्य	प्रगति	प्रगति ⅞
सदस्यता बृद्धी	४००	३०	८	३००	(६३	(२१
जम्मा सदस्य संख्या	१०५०२	१०,१३२	९६	१०,४३२	१००६९	(३
सेयर पुँजी वृद्धि	(२९३४०००	(१०७५९००	३७	२१४१९००	१३४८०००	६३
कुल सेयर पुँजी	७२०००००	७३८५८१००	१०३	७६०००००	७५२०६१००	(१
बचत संकलन	१८५४५५०११६	१३४३४०७१८०	७२	१३१८०७२६१६	१२३८३४९८१६	९४
बचत फिर्ता	१,८२२,७८९,७९१	१३६९८५९६३५	७५	१२९९८५९८३६	१२०४९३३७०५	९३
निक्षेप	५९०,०००,०००	५३१७८७२१९	९०	५५०००००००	५६५२०३३३०	३
ऋण लगानी	२,५०९,३५४,७३५	२१५३५८७५८	९	२५८४८७३९१	२४८२२२०००	९६
ऋण असुली	२,४२१,०३९,१६२	२२६६०६५९०	९	२०८९२३९८६	२०५९४७५०७	९९
लगानीमा रहेको रकम	६००,०००,०००	५००४३६५९५	८३	५५०००००००	५४२७११०८८	(०।०१
व्याज आम्दानी	१०७,०००,०००	७३८५५२६५	६९	७५०००००	५७११९२५१	७६
जम्मा आम्दानी	१२२,६०२,८००	८५८०६४७२	७०	८४३१५०००	६१३४५७२५	७३
जम्मा खर्च	१०१,४३८,२१८	७८७२८९८८	७८	६५७८४९१०	५३६४८८७२	८२
खुद नाफा	२१,१६४,५८२	७०७७४८४	३३	१८५३००९०	१००१००८७	५४

संस्थाको वार्षिक कार्ययोजना अनुसार आयोजित कार्यक्रमहरु:

कार्यक्रमको नाम	सेवाकेन्द्र					जम्मा कार्यक्रम संख्या	जम्मा सहभागी संख्या
	संस्थाको कार्यालय	बुढीगंगा	तरहरा	खनार	पकली		
सदस्य शिक्षा, अन्तरक्रिया तथा विस्तारित मञ्च	३	४	६	५	९	२७	९३२
सहकारी शिक्षा तथा वित्तीय साक्षरता	५	२	०	०	०	७	३१४
बिद्यालयमा वित्तिय साक्षरता	०	१	१	१	१	४	२३०
सदस्य भेट तथा घरदैलो कार्यक्रम	५	६	२	२	१	१६	३०३
नवजात शिशु स्वागत कार्यक्रम	२	०	२	१	०	५	६
नव दुलही स्वागत कार्यक्रम	३	१	०	३	१	८	६२
सदस्य राहत तथा समवेदना	६५	१२	२३	१६	८	१२४	३०१
डस्टविन वितरण (विश्व वातावरण दिवस)	१	१	१	१	१	५	५८
सरसफाई कार्यक्रम	०	१	०	०	०	१	७
धुप बाट्ने तालिम	३	०	२	०	१	६	८६
जम्मा	८७	२८	३७	२९	२२	२०३	२२९९

- **संस्थाद्वारा संचालित तथा सहभागिता जनाइएका तालिम, गोष्ठी तथा भ्रमणहरु:**

शेयर सदस्यहरुको क्षमता अभिबृद्धि गर्न महिला बचत तथा ऋण सहकारी संस्था लि.ले तयार पारेको कार्यक्रम अनुसार बिभिन्न किसिमको तालिमहरुको आयोजना गरी संचालक समिति, उप-समिति, कर्मचारी तथा सदस्यहरुलाई तालिम प्रदान गरिनुका साथै सदस्य, बाल सदस्य र ज्येष्ठ सदस्यहरुलाई विभिन्न सहकारी संस्थाहरु, धार्मिक तथा मनोरञ्जनात्मक स्थलहरुको भ्रमण समेत गराउने गरिएको छ ।

क) संस्थाद्वारा संचालित कार्यक्रम, तालिम, गोष्ठी तथा भ्रमणहरु (आ. व. २०८२।८३):

क्र.सं.	मिति	कार्यक्रम, तालिम, गोष्ठि, भ्रमण	सहभागी हुने	स्थान	अवधि/ संख्या	सहभागी
१	२०८२।०४।०४	लामो समयदेखी समस्याग्रस्त ऋण फाएलका विषयमा छलफल तथा परामर्श कार्यक्रम	कानूनी सल्लाहकार, सञ्चालक समिति, प्र.का.अ., कर्मचारी	संस्थाको कार्यालय	१ दिन	७
२	२०८२/०५/१२-१४	सहकारी शिक्षा तथा वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम तालिम	सञ्चालक समिति / कर्मचारी	भेडेटार धनकुटा, होटल	२ दिन	२६
३	२०८२/०५/२३ गते	व्यवसाय विकास सेवा कार्यक्रम	सञ्चालक समिति / कर्मचारी	संस्थाको कार्यालय	१ दिन	१५
४	२०८२/०६/०५ गते	लामो समयदेखी समस्याग्रस्त ऋण फाएलका विषयमा छलफल तथा परामर्श कार्यक्रम	कानूनी सल्लाहकार, सञ्चालक समिति, प्र.का.अ., कर्मचारी	संस्थाको कार्यालय	१ दिन	७
५	२०८२/०६/२२	२८औँ स्थापना दिवस, ज्येष्ठ सदस्य सम्मान कार्यक्रम	सञ्चालक समिति, उपसमिति,कर्मचारी, शेयर सदस्यहरु	दुर्गा पार्टी प्यालेस	१ दिन	२९७
६	२०८२/०८/१०	व्यवसाय विकास सेवा अन्तर्गत सम्भाव्य उद्यम/ उद्यमी छनौट कार्यक्रम	सञ्चालक समिति, कर्मचारी, शेयर सदस्य	संस्थाको कार्यालय	१ दिन	४३
७	२०८२/१०/२८	रक्तदान कार्यक्रम	सञ्चालक, कर्मचारी, सदस्यहरु	नगरपालिका अगाडि	१ दिन	१२६
८	२०८२/१०/२२	संस्थाको अर्धवार्षिक लक्ष्य तथा कार्यक्रमको समिक्षा	सञ्चालक समिति, कर्मचारी	संस्थाको कार्यालय	१ दिन	२०
९	२०८२/१०/२६	संस्थाको वर्तमान अवस्था तथा राष्ट्रिय सहकारी महासँघ लि. र महिला साकोसको अन्तरसम्बन्धको विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम	सञ्चालक समिति, प्र.का.अ.	संस्थाको कार्यालय	१ दिन	९
१०	२०८२/१२/०७	Global Money Week सम्बन्धी वित्तिय चेतना मूलक कार्यक्रम	कर्मचारी, बजार कर्मचारी,युवा शेयर सदस्य तथा विद्यार्थिहरु	संस्थाको कार्यालय	१ दिन	५१
११	२०८२/१२/०५	स्वास्थ्य शिविर कार्यक्रम सम्बन्धि प्रारम्भिक अभिमुखिकरण कार्यक्रम	सन्चालक समिति, प्र.का.अ.	संस्थाको कार्यालय	१ दिन	१५
१२	२०८२/१२/१८	६५औँ राष्ट्रि सहकारी दिवसको अवसरमा नि:शुल्क स्वास्थ्य सचेतना तथा अभिमुखीकरण कार्यक्रम	सञ्चालक समिति, कर्मचारी, सदस्य, एन्जल फाउन्डेसनका प्रतिनिधिहरु	दुर्गा पार्टी प्यालेस	१	१७४
१३	२०८२/१२/२१	नि:शुल्क स्वास्थ्य जाँच शिविर (पायल्स, फिसर, फिस्टुला, गुप्तरोग सम्बन्धित उपचार)	सञ्चालक समिति, कर्मचारी, सदस्य, एन्जल फाउन्डेसनका प्रतिनिधिहरु	दुर्गा पार्टी प्यालेस	१	६९
९	२०८३/०१/२३	डिजिटल तथा वित्तिय साक्षरता कार्यक्रम	सञ्चालक समिति, कर्मचारी, सदस्य	दुर्गा पार्टी प्यालेस	१ दिन	९२
१२	२०८३/०२/०२	व्यवसाय विकास सेवा कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३ निर्माणका लागि गोष्ठि	सञ्चालक समिति, कर्मचारी	संस्थाको कार्यालय	१	२२

१३	२०८३/०२/१६-१८	लघु व्यवसाय खेल तालिम	सञ्चालक, प्रशिक्षक, कर्मचारी, सदस्यहरु	संस्थाको कार्यालय	३ दिन	२८
१४	२०८३/०२/२२	विश्व वातावरण दिवश, डस्टविन तथा विरुवा वितरण कार्यक्रम	संचालक समिति, उपसमिति तथा कर्मचारीहरु	विभिन्न स्थान	१ दिन	

ख) संस्थाले भाग लिएका तालिम तथा गोष्ठीहरु (आ. व. २०८२।८३):

क्र.सं.	मिति	तालिम, गोष्ठि, भ्रमण	अवधि	सहभागी	स्थान	आयोजक
१	२०८२/०५/२०-२१	संचालक क्षमता अभिवृद्धि तालिम	२ दिन	श्री मुना प्रसाई तिमसिना, श्री जुनुसा पुरी, श्री पदम कुमारी खरेल	विराटनगर, मोरङ्ग	राष्ट्रिय सहकारी महासंघ लि. नेपाल
२	२०८२/०६/२७	पूँजी पर्याप्तता विष्लेशण तालिम	१ दिन	श्री जानुकला तामाङ श्री पुरुषोत्तम तिम्सिना	पाथिभरा होटल, इटहरी- ५, सुनसरी	नेफ्स्कून
३	२०८२/०७/२३-२४	नेफ्स्कून साकोस म्यानेजर्स क्लब एवम् क्युरी सिकाई कार्यशाला	२ दिन	श्री जुनुसा पुरी	होटल सारथी, धुलीखेल	नेफ्स्कून
४	२०८२/०९/०३-०४	साकोस शिखर गोष्ठी - २०८२	२ दिन	श्री मुना प्रसाई, श्री जानुकला तामाङ, श्री पुनम थापा मगर श्री मन्जु घिसिङ	हेरिटेज गार्डेन होटेल, ललितपुर	नेफ्स्कून
५	२०८२/०९/२३-२५	कोपोमिस संचालन तालिम	३ दिन	श्री सुमित्रा चौधरी	प्रदेश सहकारी रजिस्ट्रार तथा प्रशिक्षण कार्यलयको तालिम हल, इनरुवा	प्रदेश सहकारी रजिष्ट्रर तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश, इनरुवा, सुनसरी
६	२०८२/१२/०१	AML/CFT र goAML Reporting सम्बन्धी अन्तर्क्रिया कार्यक्रम	१ दिन	श्री पदम कुमारी खरेल	होटल सिद्धार्थ, विर्तामोड झापा	नेपाल राष्ट्र बैंक वित्तिय जानकारी इकाई, थापाथली काठमाडौं
७	२०८३/०१/०१-०७	प्रशिक्षक प्रशिक्षण तालिम (TOT)	७ दिन	श्री नविन दाहाल	इनरुवा, सुनसरी	प्रदेश सहकारी रजिष्ट्रर तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश, इनरुवा, सुनसरी
८	२०८३/०१/१५	अध्यक्ष व्यवस्थापक गोष्ठि	१ दिन	श्री मुना प्रसाई तिमसिना, श्री जुनुसा पुरी	इटहरी, सुनसरी	जिल्ला बचत तथा ऋण सहकारी संघ लि. सुनसरी
९	२०८३/०१/२७-२८	ऋण उपसमितिको क्षमता विकास तालिम	२ दिन	श्री दिपा लुङ्केली	सत्सङ्ग भवन इटहरी, सुनसरी	नेफ्स्कून
१०	२०८३/०२/०५-०७	लिडरसिप बुटक्याम्प	२ दिन	श्री मुना प्रसाई तिमसिना	धुलिखेल, काभ्रे	नेफ्स्कून
११	२०८३/०३/०६-०७	अन्तराष्ट्रिय महिला सहकारी सम्मेलन २०२६	२ दिन	श्री कुसुममाया तामाङ	हेरिटेज गार्डेन,सानेपा ललितपुर	राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

दोहोरो सदस्यता सम्बन्धी सूचना

कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिको एक भन्दा बढी सहकारी सस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनु अघि एक भन्दा बढी सस्थाको सदस्य रहेको भए कुनै एक सस्थाको मात्र सदस्यता कायम राख्नु पर्ने व्यवस्था सहकारी ऐन २०७४ दफा ३२ मा भएकाले सोही व्यवस्था वमोजिम दोहोरो सदस्यता अन्त्य गरिदिनुहुन सम्पूर्ण सदस्यज्यूहरुलाई सूचित गर्दछौं ।

क्र.सं.	नाम, थर	पद	वैठक संख्या	उपस्थिति	अनुपस्थिति
१	श्री मुना प्रसाई	अध्यक्ष	१५	१५	०
२	श्री पद्मादेवी पन्धाक	उपाध्यक्ष	१५	९	६
३	श्री जानुकला तामाङ	सचिव	१५	१४	१
४	श्री पुनम थापा मगर	कोषाध्यक्ष	१५	१५	०
५	श्री ओम प्रसाद दंगाल	सदस्य	१५	१४	१
६	श्री सुष्मा थापा	सदस्य	१५	१४	१
७	श्री रुद्रमाया भट्टराई	सदस्य	१५	१२	३
८	श्री धनुकला नाल्बो	सदस्य	१५	१४	१
९	श्री सोभिता पुरी	सदस्य	१५	१५	०
१०	श्री कमला निरौला	सदस्य	१५	१३	२
निकाय सञ्चालन सामर्थ्यको व्यवस्थापकीय मुल्याँङ्कन र निकायलाई खारेज गर्ने मनसाय नभएसम्म सामान्यतया: वित्तीय विवरणहरूको अविच्छिन्ताको मान्यतामा नै तयार गर्ने र सो को उपयुक्त खुलासा गर्ने कार्यको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । शासकीय भूमिकामा रहेकाहरूको जिम्मेवारी निकायको वित्तीय प्रतिवेदन प्रक्रियाको रेखदेख गर्ने रहेको छ ।

वित्तीय लेखापरीक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उत्तरदायित्व समष्टिगतरुपमा वित्तीय विवरणहरू त्रुटि तथा जालसाजीका कारण सारवान गलत आँकडायुक्त नभएको आश्वस्तता प्राप्त गर्नु र आफ्नो रायसहितको प्रतिवेदन जारी गर्नु हो । मनासिब माफिकको आश्वस्तता भनेको उच्च तहको आश्वस्तता हो तर नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा सारवान गलत आँकडायुक्त प्रस्तुतिकरणको सदैव पहिचान हुन्छ नै भन्ने प्रत्याभुती गर्दैन । गलत प्रस्तुतिकरण त्रुटि वा जालसाजीका कारण हुन सक्दछ र यदि तिनको एकल वा समष्टिगतकारणले त्यस्ता वित्तीय विवरणको आधारमा लिने आर्थिक निर्णयहरूमा असर गर्दछ भने सारवान ठहरिन्छ ।

अन्य कानूनी तथा नियामक निकायका आवश्यकता उपर प्रतिवेदन

सहकारी ऐन तथा अन्य ऐन नियमको आधारमा लेखापरीक्षण गरी निम्नानुसारको प्रतिवेदन पेश गरेका छौं :

- हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना र स्पष्टिकरणहरू प्राप्त गर्यो ।
- यस प्रतिवेदनसँग सम्बन्धित वित्तीय स्थितिको विवरण (वासलात) तथा नाफा नोक्सान हिसावको विवरण संस्थाले राखेको हिसाव किताव तथा कागजातको आधारमा तयार गरिएको छ ।

Dhungrana & Associates Chartered Accountants Itahari-4, Sunsari

- संस्थाले आफ्नो हिसाब किताब सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ र सहकारी क्षेत्रको वित्तीय प्रतिवेदन ढाँचा (लेखा नीति, लेखा सूची र लेखा मापदण्ड), २०७६ अनुसार राखेको छ ।
- संस्थाको सञ्चालक समिति वा कुनै सञ्चालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानून नियम विरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा वेहिसाब गरेको हाम्रो जानकारीमा आएन ।
- संस्थाले ऋण लगानी रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण, शंकास्पद ऋण र खराब ऋण मा वर्गीकरण गरी मापदण्ड बमोजिम १, २५, ५० र १०० प्रतिशत ऋण जोखिम कोष को व्यवस्था गर्नुपर्ने नियमको कार्यान्वयन गरेको पाइयो ।
- सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ को व्यवस्था अनुरुप साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष, सहकारी प्रवर्द्धन कोष र अन्य कोषहरुमा मुनाफाबाट (आयकर पछिको)संस्थाको विनियममा तोकिए बमोजिम आवश्यक रकमहरू बाँडफाँड गर्ने नीति अपनाएको छ ।

समीर निरौला

S. Niraula & Associates Chartered Accountants Itahari-4, Sunsari

एस निरौला एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
स्थान इटहरी ४, सुनसरी
मिति : २०८३-०५-२४
UDIN : 260909CA01475cKUft

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

इटहरी ४, सुनसरी

वित्तीय स्थिति विवरण

२०८३ आषाढ ३२ गतेको

(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)

विवरण	टिप्पणी	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
सम्पत्ति :			
नगद तथा नगद सरह	३.१	११४,२७२,९११	१०४,०३४,५७९
बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती	३.२	५३,०००,०००	५५,०००,०००
ऋण लगानी	३.३	५०५,५१४,४६०	४६३,०६२,८३३
चालु आय कर सम्पत्ति	३.४	-	-
लगानी उपकरण	३.५	१६,२३५,०००	१६,२३५,०००
लगानी सम्पत्ति (गैर बैकिङ्ग सम्पत्ति)	३.६	५,३१२,८४९	१४,८७७,२५९
जायजेथा, प्लाण्ट तथा उपकरण	३.७	३८,७५९,५३९	३८,८६१,१५०
ख्याति तथा अदृष्य सम्पत्ति	३.८	१२१,४६५	१५१,८३१
स्थगन कर सम्पत्ति	३.४	२,१०९,२३०	१,७६९,३४७
अन्य सम्पत्ति	३.९	४,७३८,८१३	५,५२७,३४७
कुल सम्पत्ति		**७४०,०६४,२६७**	**६९९,५१९,३४६**
दायित्व :			
चालु आय कर दायित्व	३.४	४४४,७९०	२,४१५,१३३
अन्य भुक्तानी गर्नुपर्ने रकम	३.१०	३,५३७,६१६	२,६८२,९३३
निक्षेप दायित्व	३.११	५६५,२०३,३३०	५३१,७८७,२१९
व्यवस्था	३.१२	६,८०५,१९२	३,६९९,०३३
पट्टा बापतको दायित्व	३.१३	१,४२४,६८६	१,११५,७६५
स्थगन कर दायित्व	३.४	-	-
कुल दायित्व		**५७७,४१५,६१४**	**५४१,७००,०८३**
पूँजी :			
शेयर पूँजी	३.१४	७५,२०६,१००	७३,८५८,१००
साधारण जगेडा कोष	३.१५	६५,१००,८८७	६१,३६०,८०४
नियमनकारी कोष	३.१६	२,३९७,६३५	३,४४३,५१९
अन्य कोषहरु	३.१७	१९,९४४,०३१	१९,१५६,८४०
कुल पूँजी		**१६२,६४८,६५३**	**१५७,८१९,२६३**
कुल पूँजी तथा दायित्व		**७४०,०६४,२६७**	**६९९,५१९,३४६**
सम्भावित दायित्वहरु	३.२५	-	-

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

मन्जु घिसिङ	जुनसरी पौडेल	पुनम चापा मगर	बिनोद भट्टराई	एस. समीर निरौला
लेखा प्रमुख	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	ले.सु.स संयोजक	प्रोपाईटर
				एस. निरौला एण्ड एसोसिएट्स
				चार्टड एकाउन्टेन्ट्स
पद्मा देवी पन्धाक	जानुकला तामाङ्ग		मुना प्रसाई	
उपाध्यक्ष	सचिव		अध्यक्ष	

मितिः २०८३.०५.११

स्थानः इटहरी ,सुनसरी

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

इटहरी ४, सुनसरी

नाफा/नोक्सान तथा अन्य आयको बिस्तृत विवरण

२०८२ साउन १ देखि २०८३ आषाढ मसान्तसम्मको

(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)

विवरण	टिप्पणी	आ.व. २०८२/८३	आ.व. २०८१/८२
ब्याज आम्दानी	३.१८	५७,११९,२५१	७३,१०५,८१३
ब्याज खर्च	३.१९	२३,८१५,९४५	३३,६२५,९९८
खुद ब्याज आम्दानी		**३३,३०३,३०७**	**३९,४७९,८१५**
अन्य आम्दानी	३.२०	४,२२६,४७४	४,२४६,०८९
कुल सञ्चालन आम्दानी		**३७,५२९,७८०**	**४३,७२५,९०४**
ऋण तथा अन्य नोक्सानको लागि क्षय/(फिर्ता)		२,७७९,२९१	१०,२१३,४२८
खुद सञ्चालन आम्दानी		**३४,७५०,४९०**	**३३,५१२,४७७**
प्रशासनिक तथा अन्य खर्च			
कर्मचारी खर्च	३.२१	१५,५९८,८२१	१५,५६७,१९४
ह्रास कट्टि तथा परिशोधन खर्च	३.२२	१,३७१,०८६	१,४५३,९१२
अन्य संचालन खर्च	३.२३	७,८९७,८२९	७,४५१,६६१
सञ्चालन नाफा		**९,८८२,७५४**	**९,०३९,७०९**
गैर सञ्चालन आम्दानी (खर्च)			-
गैह्र चालु सम्पत्तिको बिक्रिमा भएको नाफा/(नोक्सान)		१२७,३३३	-
बोनस अघिको नाफा		**१०,०१०,०८७**	**९,०३९,७०९**
बोनस खर्च (बोनस ऐन २०३० अनुसारको व्यवस्था)		९१०,००८	८२१,७९२
आयकर अघिको नाफा		**९,१००,०७९**	**८,२१७,९१७**
आयकर खर्च			
आयकर खर्च	३.२४	१,७४३,११०	३,३९२,९०५
स्थगन कर खर्च/(आम्दानी)	३.४	(३३९,,८८३)	(२,२५२,४७१)
खुद नाफा/(नोक्सान)		**७,६९६,८५३**	**७,०७७,४८३**
अन्य आयको बिस्तृत विवरण			
अन्य व्यापक आय बाट प्रस्तुत वित्तीय सम्पत्तिको उचित मूल्य		-	-
लगानीमा (शेयर) मूल्यांकनको नाफा/नोक्सान		-	-
अन्य बिस्तृत आम्दानी सम्बन्धि स्थगन कर आम्दानी (खर्च)		-	-
खुद अन्य आय		-	-
जम्मा बिस्तृत आय		**७,६९६,८५३**	**७,०७७,४८३**

संलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

आजको मितिमा संलग्न हाम्रो प्रतिवेदन अनुसार

S. Niraula & Associates, Chartered Accountants, Itahari-4, Sunsari

मन्जु घिसिङ	जुनुसा कुरी	पुनम थापा मगर	विनोद भट्टराई	सि.ए. समीर निरौला
लेखा प्रमुख	प्रमुख कार्यकारी अधिकृत	कोषाध्यक्ष	ले.सु.स संयोजक	प्रोपाईटर
				एस. निरौला एण्ड एसोसिएट्स
				चार्टर्ड एकाउन्टेन्ट्स
पद्मा देवी पन्धाक	जानुकला तामाङ्ग			
उपाध्यक्ष	सचिव			अध्यक्ष

महिला बचत तथा ऋण सहकारी संस्था लि. स्था. २०५५ इटहरी-४, सुनसरी

मितिः २०८३.०५.११

स्थानः इटहरी ,सुनसरी

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
इटहरी ४, सुनसरी
नगद प्रवाह विवरण
२०८३ आषाढ ३२ गतेको

(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
कारोबार सञ्चालनबाट नगद प्रवाह		
ब्याज आम्दानी	५७,११९,२५१	७३,१०५,८१३
शुल्क तथा अन्य आम्दानी	२,८०३,७७२	२,५६६,६८७
अन्य सञ्चालन आम्दानी	१,२७२,७०२	१,५७९,७५७
ब्याज खर्च भुक्तानी	(२३,८१५,९४५)	(३३,६२५,९९८)
कर्मचारी बोनस खर्च	(९१०,००८)	(८२१,७९२)
कर्मचारीलाई भुक्तानी	(१५,५९८,८२१)	(१५,५६७,१९४)
जोखिम व्यहोर्ने खर्च	(२,७७९,२९१)	(१०,२१३,४२८)
अन्य खर्च	(७,८९७,८२९)	(७,४५१,६६१)
सञ्चालन सम्पत्ति र दायित्वको गतिविधि अघिको सञ्चालन नगद प्रवाह	**१०,१९३,८३२**	**९,५७२,१८४**
सञ्चालन सम्पत्तिमा कमी/(वृद्धि)		
सदस्यहरुलाई दिइएको ऋण तथा सापटी	(४२,४५१,६२७)	२१,४६१,२५९
अन्य सम्पत्ति	७८८,५३५	३,०८७,६७४
सञ्चालन दायित्वमा (कमी)/वृद्धि		
सदस्यहरुको निक्षेप दायित्व	३३,४१६,१११	(२६,४५२,४५६)
अन्य दायित्व	२,२९९,४२१	३१०,३२०
आयकर अघिको सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	**४,२४६,२७१**	**७,९७८,९८१**
आयकर भुक्तानी	(१,७४३,११०)	(३,३९२,९०५)
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह	**२,५०३,१६२**	**४,५८६,०७६**
लगानी कारेबारबाट नगद प्रवाह		
स्थिर सम्पत्तिको खरिद	(१,२१६,७६३)	(१८५,७२१)
अमुर्त सम्पत्तिको खरिद	-	-
लाभांस आम्दानी	१५०,०००	९९,६४६
लगानी उपकरणहरु खरिद÷बिक्री	-	-
अन्य लगानी (Investment Property) (खरिद)÷बिक्री	९,७००,०००	(९,४९७,३४३)
गैर सञ्चालन आम्दानी	(३०,६०३)	-
लगानी कारोबारमा प्रयोग भएको खुद नगद प्रवाह	**८,६०२,६३४**	**(९,५८३,४१९)**
वित्तीय कारोबारबाट नगद प्रवाह		
शेयर निष्कासनबाट प्राप्त	१,३४८,०००	(१,०७५,९००)
ऋण प्राप्त	-	-
लाभांस भुक्तानी	(४,४०६,०४९)	(४,८६८,१५४)
विभिन्न कोषमा कमी (वृद्धि)	१९०,५८५	३१४,३२५
वित्तीय स्रोत कारोबारबाट खुद नगद प्रवाह	**(२,८६७,४६३)**	**(५,६२९,७३०)**
नगद तथा नगद समानमा भएको खुद (घट)/बढ	**८,२३८,३३२**	**(१०,६२७,०७२)**
नगद तथा नगद समानको साउन १, २०८२ मा रहेको मौज्दात	१५९,०३४,५७९	१६९,६६१,६५०
नगद तथा नगद समानको असार ३२, २०८३ मा रहेको मौज्दात	**१६७,२७२,९११**	**१५९,०३४,५७९**

सलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

आजको मितिमा सलग्न हाम्रो प्रतिवेदन अनुसार

मन्जु धिसिङ
लेखा प्रमुख

जुनुसा पुरी
प्रमुख कार्यकारी अधिकृत

पुनम थापा मगर
कोषाध्यक्ष

विनोद भट्टराई
ले.सु.स संयोजक

एस. निरौला एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स
इटहरी-४, सुनसरी

समीर निरौला
प्रोपाईटर
एस. निरौला एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

पद्मा देवी पन्धाक
उपाध्यक्ष
मितिः २०८३.०५.११
स्थानः इटहरी ,सुनसरी

जानुकला/तामाङ
सचिव

महिला बचत तथा ऋण सहकारी संस्था लि. स्था. २०५५ इटहरी-४, सुनसरी

मुना प्रसाई
अध्यक्ष

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
इटहरी ४, सुनसरी
इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण
२०८३ आषाढ ३२ गतेको

(स्वकार्यरत गैरबैंकिय प्रणाली वित्तीयको लागि)

विवरण	शेयर पुँजी	साधारण जगेडा कोष	नियमनकारी कोष	अन्य कोषहरु	जम्मा
साउन १, २०८१ सम्मको मौज्दात	७,८४८,१००	९१,३९०,८०४	३,४९३,४१९	१९,११६,८२०	१४७,८१९,२६१
रकमान्तर	-	१,४४४,३१८	-	(१,३०८,९३१)	२४५,४७४
विनियोजन	-	२१८,६८४	-	६,४४७,०५३	८,७४१,७१७
अन्य विनियोजन	-	-	-	१,८८४,४६५	१,४८४,४६५
यस बर्षको प्रोब्सनरी आधारमा ब्याज आम्दानी	-	-	(१,०४५,८८४)	-	(१,०४५,८८४)
कोषबाट गरिएको खर्च	-	-	-	(१,६३९,४४७)	(१,६३९,४४७)
शेयरमा प्रत्यक्ष सेवाग्रहण हुने स्थानिस्कर्मचारीहरुको कारोबार					
शेयर पुँजी निष्काशन वा जारी	१,३४८,०००	-	-	-	१,३४८,०००
शेयर जारी खर्च	-	-	-	-	-
सदस्यहरुलाई लाभांश					
सञ्चित पुँजी भित्तां कोष भुक्तानी	-	-	-	(१,१०३,२३५)	(१,१०३,२३५)
नगद लाभांश भुक्तानी	-	-	-	(३,३०२,८१४)	(३,३०२,८१४)
असार मसान्त, २०८२ सम्मको मौज्दात	७,२०६,१००	९४,१००,८८७	३,४९७,४३५	१९,४४४,०४१	१६२,६४८,५४३

सलग्न टिप्पणीहरु वित्तीय विवरणका अभिन्न अंग हुन् ।

मन्जु सिंहदेव
संस्था अध्यक्ष

सुशिला पुरी
प्रमुख कार्यकारी अधिकृत

वित्तीय विवरण प्रमाणित गरिएको मिति: २०८३ असार ३२ गते
स्थान: इटहरी, सुनसरी

पद्मा देवी पन्थाक
उपाध्यक्ष

आनुकम्पा तामाङ
सचिव

पुर्ण माया श्रेष्ठ
कोषाध्यक्ष

पुर्ण प्रसाद अवस्थ

S. Niraula & Associates
Chartered Accountants
Itahari-4, Sunsari

मनोज सिंहदेव
प्रोपाईटर
एस. नीरौला एण्ड एसोसियट्स
चार्टर्ड एकाउन्टेन्ट्स

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

इटहरी ४, सुनसरी

इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण

२०८३ आषाढ ३२ गतेको

अन्य कोषहरु

(रकमहरु नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ)

आ व २०८१.८२	संरक्षित पूँजी फिर्ता कोष	सहकारी प्रवर्द्धन कोष	शेयर लाभांश कोष	सहकारी विकास कोष	घाटा पुर्ति कोष	सामुदायिक विकास कोष	सहकारी शिक्षा कोष	स्थिरीकरण कोष	सदस्य हित कोष	अन्य जोखिम व्यवस्थापन कोष	जम्मा
सुरुको मौज्दात	१,७१४,५४७	१७२,२२४	३,३२१,०७८	२५५,४६८	१,२८३,०६८	२५५,४६८	२५५,४६८	२५५,४६८	११,३८८,५८५	२५५,४६८	१९,१५६,८४०
रकमान्तर	(६११,३१३)	-	(१८,२६४)	-	-	(१५८,०६८)	(१०,३५२)	(२५५,४६८)	-	(२५५,४६८)	(१,३०८,९३१)
विनियोजन	१,६३९,२६३	३२,७८५	३,१७५,२५३	२४४,२५०	२४४,२५०	२४४,२५०	२४४,२५०	२४४,२५०	२४४,२५०	२४४,२५०	६,५५७,०५३
अन्य विनियोजन	-	-	-	-	-	-	-	-	१,५८४,५६५	-	१,५८४,५६५
वितरण	(१,१०३,२३५)	-	(३,३०२,८१४)	-	-		-	-	-	-	(४,४०६,०४९)
खर्च	-	(१७२,२२४)	-	(२५५,४६८)	-	(९७,४००)	(२४५,१९६)	-	(८६९,२४०)	-	(१,६३९,४४७)
अन्तिम मौज्दात	**१,६३९,२६३**	**३२,७८५**	**३,१७५,२५३**	**२४४,२५०**	**१,५२७,३१८**	**२४४,२५०**	**२४४,२५०**	**२४४,२५०**	**१२,३४८,१६०**	**२४४,२५०**	**१९,९४४,०३१**

www.mahilasaccos.coop.np
email:info@mahilasaccos.coop.np

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

इटहरी ४, सुनसरी

वितरणयोग्य नाफा वा नोक्सान सम्बन्धी विवरण

२०८२ साउन १ देखि २०८३ आषाढ मसान्तसम्मको

(रकमहरु नेपाली रुपैयामा प्रस्तुत गरिएको छ

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
नाफा/नोक्सान सम्बन्धी विवरणका आधारमा खुद नाफा/नोक्सान	७,६९६,८५३	७,०७७,४८३
थप/(घट) : नियमनकारी कोष	१,०४५,८८४	२,०६६,७६८
वितरण योग्य नाफा नियमनकारी कोष पश्चात	८,७४२,७३७	९,१४४,२५२
साधारण जगेडा कोष		
यस वर्षको विनियोजन	२,१८५,६८४	२,२८६,०६३
NFRS मा अवस्थान्तर हुँदाको प्रभाव	-	-
कुल साधारण जगेडा कोष	२,१८५,६८४	२,२८६,०६३
संरक्षित पुंजी फिर्ता कोष	१,६३९,२६३	१,७१४,५४७
सहकारी प्रवर्द्धन कोष	३२,७८५	३४,२९१
शेयर लाभांस कोष	३,१७५,२५३	३,३२१,०७८
सहकारी शिक्षा कोष	२४४,२५०	२५५,४६८
संस्था (सहकारी) बिकास कोष	२४४,२५०	२५५,४६८
घाटा पुर्ति कोष	२४४,२५०	२५५,४६८
सामुदायीक विकास कोष	२४४,२५०	२५५,४६८
स्थिरीकरण कोष	२४४,२५०	२५५,४६८
अन्य जोखिम व्यबस्थापन कोष	२४४,२५०	२५५,४६८
सदस्य हित कोष	२४४,२५०	२५५,४६८
वितरणयोग्य नाफा/नोक्सान	८,७४२,७३७	९,१४४,२५२

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
इटहरी ४, सुनसरी
प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु
२०८३ आषाढ मसान्तसम्मको

१ सामान्य जानकारी

श्री महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड दर्ता नं. ४।०५५।५६ (यस पछि संस्था भनिएको छ) इटहरी उपमहानगरपालिका, इटहरीमा स्थापित सीमित दायित्व भएको सहकारी संस्था हो । यसको मुख्य कार्यालय इटहरी ४ आईतवारे, सुनसरीमा रहेको छ । हालसम्म यस संस्थाले मूख्य कार्यालय तथा सदस्य सेवाकेन्द्र तरहरा, खनार, पकली, पुराण चोक र बुढीगंगा सकारात्मक सेवा केन्द्र, सुन्दरहरैचा ४, मोरङ बाट आफ्नो कारोबार सञ्चालन गर्दै आईरहेको छ । संस्थाको कार्यक्षेत्र इटहरी उपमहानगरपालिका र सुन्दरहरैंचा नगरपालिका भरी रहने गरी स्विकृति लिई कारोबार सञ्चालन गर्दै आईरहेको छ ।

संलग्न वित्तीय विवरणहरु स्वीकृत गरी जारी गर्नको लागि सहकारी संस्थाको संचालक समितिले पारित गरेको छ । संस्थाको आर्थिक बर्ष नेपालीमा २०८२ श्रावण १ गते देखि २०८३ आषाढ मसान्तसम्म रहेको छ । यो वित्तीय विवरण संस्थाले आर्थिक वर्ष २०८२/८३ मा गरेका आर्थिक कारोबारको आधारमा तयार गरिएको छ ।

संस्थाको परिकल्पना तथा ध्येय देहाय बमोजिम रहेका छन्:

- परिकल्पनाः संमृद्ध समुदाय, दिगो विकास ।
- ध्येयः सदस्यहरुलाई नविनतम प्रविधिको प्रयोगद्धारा प्रभावकारी वित्तीय सेवा प्रदान गरी दिगो र संमृद्ध समुदाय निर्माणमा योगदान गर्ने ।

२ वित्तीय लेखाङ्कनका आधारहरु

२.१ अनुपालन सम्बन्धी उद्घोषण

यस संस्थाको वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standard- NFRS) का आधारमा रही लेखामान बोर्ड (Accounting Standards Board- ASB) बाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (The Institute of Chartered Accountants of Nepal- ICAN) द्वारा अनुपालनको लागि सूचित गरिएका व्यवस्था अनुसार तयार गरिएका छन् । वित्तीय विवरणमा वित्तिय स्थिति विवरण, नाफा/नोक्सान तथा अन्य आयको विस्तृत विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश गरिएका छन् । संस्थाद्वारा सहयोगी, सहायक वा संयुक्त व्यवस्थाका रूपमां वर्गीकृत संस्थाहरूमा लगानी नगर्ने भएकाले एकीकृत वित्तीय विवरण (Consolidated Financial Statements) तयार गरिएको छैन ।

२.२ मापनको आधार

वित्तीय विवरणहरू ऐतिहासिक लागत आधारमा तयार गरिएका छन्, तर केही महत्वपूर्ण बुँदाहरुलाई सम्बन्धित खण्डले आवश्यक गरे अनुसार उचित मूल्यमा मापन गरिएको छ ।

२.३ निरन्तरता (Going Concern)

संस्थाको संचालक समितिले संस्थाको निरन्तर संचालन हुन सक्ने क्षमताको मूल्यांकन गर्दा संस्था निरन्तर रुपमा संचालन हुन सक्ने पाएको छ । साथै संचालक समितिले संस्थाको निरन्तर रुपमा संचालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ संस्थाको वित्तीय विवरण निरन्तरतामा (Going Concern) आधारित रहेर तयार पारिएको छ ।

२.४ प्रस्तुतीकरण

तुलनालाई सहज बनाउने उद्देश्यले NFRS ले अनुमति दिएको हदसम्म विगत वर्षहरूका रकमहरूलाई आवश्यकता अनुसार पुनर्लेखन, पुनर्तालिकीकरण तथा पुनर्वर्गीकरण गरिएको छ ।

संस्थाले चालू/गैर-चालू वर्गीकरणमा आधारित भएर वित्तीय स्थितिको विवरणमा सम्पत्ति र दायित्वहरू प्रस्तुत गर्दछ । संस्थाले निम्न अवस्थामा सम्पत्तिलाई चालू सम्पत्तिमा वर्गीकरण गर्दछ :

- सामान्य संचालन चक्रमा प्राप्त हुने वा बिक्री वा उपभोग गर्ने अपेक्षा गरिएको
- मुख्यतया व्यापारको उद्देश्यको लागि राखिएको
- प्रतिवेदन अवधि पछिको बाह्र महिना भित्र प्राप्त हुने अपेक्षा गरिएका वा
- नगद वा नगद सरह, जुन प्रतिवेदन अवधि पछिको कम्तिमा बाह्र महिनासम्म दायित्व फर्छ्यौट गर्न प्रतिबन्धित नभएका अन्य सबै सम्पत्तिहरूलाई गैर-चालू वर्गीकरण गरिन्छ ।

संस्थाले निम्न अवस्थामा दायित्वलाई चालू वर्गीकरण गर्दछ :

- सामान्य संचालन चक्रमा फर्छ्यौट हुने अपेक्षा गरिएको
- मुख्यतया व्यापारको उद्देश्यको लागि राखिएको
- प्रतिवेदन अवधि पछिको बाह्र महिना भित्र फर्छ्यौट हुनपर्ने वा
- प्रतिवेदन अवधि पछिको कम्तिमा बाह्र महिनासम्म दायित्व फर्छ्यौट गर्न स्थगित गर्ने सर्त सहितको अधिकार नभएको अन्य सबै दायित्वहरूलाई गैर-चालू वर्गीकरण गरिन्छ ।

स्थगन कर सम्पत्ति र दायित्वहरूलाई गैर-चालू सम्पत्ति/दायित्वको रूपमा वर्गीकरण गरिन्छ ।
संस्थाको सञ्चालन चक्रलाई बाह्र महिनाको अवधिको रूपमा परिभाषित गरिएको छ ।
आय विवरण 'प्रकृति अनुसार' वर्गीकरण विधि प्रयोग गरेर तयार गरिएको छ ।
नगद प्रवाह विवरण अप्रत्यक्ष विधि प्रयोग गरेर तयार गरिएको छ ।

२.५ छुट (Discounting)

दायित्वको चुक्ता र सम्पत्तिको प्राप्ति एक वर्ष भन्दा बढी समय पछि मात्र हुने भएमा र ती दायित्व तथा सम्पत्तिहरुको असर सारभुत भएमा संस्थाले त्यस्ता सम्पत्ति र दायित्वलाई छुट गर्ने गर्दछ । छुटको दर निर्धारण गर्नको लागि संस्थाले विभिन्न आन्तरिक तथा बाह्य तत्वहरुको विश्लेषण गर्दछ ।

२.६ लेखाङ्कन नीतिहरू

संस्थाद्वारा NFRS मा उल्लिखित लेखा नीतिमा निर्दिष्ट भई वित्तीय विवरण तयार गरिएको छ । NFRS बमोजिम वित्तीय विवरण तयार गर्दा तिनको लेखा नीतिहरु अवलम्बन गरी लागू गरिएका छन् । विशिष्ट लेखाङ्कन नीतिहरू वित्तीय विवरणका प्रत्येक बुँदाहरुको विशेष खण्डमा समावेश गरिएको छ ।

२.६.१ लेखा नीतिमा परिवर्तन

सबै वर्षहरूमा नीतिहरूको एकरूपता कायम राखिएको छ । लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भव भएसम्म असरहरु समेत खुलाइएको छ । अन्यथा उल्लेख नगरिएको अवस्था बाहेक, चालू वर्षमा लेखाङ्कन नीतिहरूमा कुनै परिवर्तन छैन ।

२.७ लेखाङ्कन अनुमान, धारणा र स्वविवेकको प्रयोग

NFRS बमोजिम वित्तीय विवरण तयार गर्दा संस्थाले निश्चित निर्णय, अनुमान र धारणाहरु बनाउन आवश्यक हुन्छ । यी अनुमानहरु उपलब्ध जानकारी र संस्थाको व्यवस्थापनको स्वविवेकमा आधारित छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुन सक्थे भन्ने पनि निर्धारण हुन सक्नेछ ।
वित्तीय विवरणका विभिन्न विषयहरुसंग सम्बन्धित लेखा नीतिहरु उपयुक्त विषयहरुसंगै टिप्पणीका रुपमा समावेश गरिनुका साथै सो को परिवर्तनको असर तथा प्रकृति समेत खुलाइएको छ । वास्तविक परिमाणहरु मुल्यांकन गरे भन्दा फरक पर्न सक्दछन् र कहिलेकाहीं यस्ता भिन्नताहरु महत्वपूर्ण पनि हुन सक्छन् । संस्थाले तयार गरेको NFRS बमोजिमको वित्तीय विवरणमा उल्लेख भएका आफ्ना सम्पत्ति तथा दायित्वहरुको उचित मूल्य अनुमान गर्न विभिन्न मुल्यांकन विधि र प्रविधिहरु प्रयोग गरिएको छ । संस्थाले गरेका अनुमानहरु तथा वित्तीय विवरण समय समयमा परिमार्जन गर्दै लैजाने योजना रहेको छ । लेखाको अनुमानमा गरिएको परिमार्जनलाई जुन अवधिमा परिमार्जन गरिएको हो सोही अवधिबाट लागू हुने गरी लेखाङ्कन गरिन्छ ।
वित्तीय विवरणमा अनुमान गरिएको व्यहोरा सम्बन्धित स्थानमा उल्लेख गरिएको छ । त्यहाँ अनुमानमा परिवर्तन हुँदा पर्ने असर र परिवर्तनलाई समेत उल्लेख गरिएको छ ।

२.८ नेपाल वित्तीय प्रतिवेदनमान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

क) नेपाल लेखामान बोर्ड तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा, आर्थिक वर्ष २०८२/८३ को वार्षिक वित्तीय प्रतिवेदन तयार गर्दा तल उल्लिखित केही वैकल्पिक व्यवस्था (Carve Outs) हरु अन्य संस्थाहरूले पनि आवश्यक खुलासाहरू सहित अपनाउन सकिने गरी व्यवस्था गरेकोमा, प्रस्तुत वित्तीय विवरणहरु तयार गर्दा सो वैकल्पिक व्यवस्था अपनाईएको वा नअपनाईएको बारेको अवस्था निम्न बमोजिम रहेको छ ।

NFRS 9 को वैकल्पिक व्यवस्थाको Para 5 मा उल्लेख Incurred Loss Model प्रयोग गरि कर्जा तथा सापटीमा भएको हानी/नोक्सानी व्यवस्था गणना गरिएको छ । संस्थाले कर्जा तथा सापटीमा भएको हानी/नोक्सानी व्यवस्था मापन गर्दा ICAN ले जारी गरेको वैकल्पिक व्यवस्था (Carve Out) लागु गरेको छ जसले सम्भावित नोक्सानी व्यवस्था, Incurred Loss Model अथवा नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसारको जुन उच्च हुन्छ त्यो लेखाकंन गर्ने विकल्प दिएको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी मापदण्ड बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS 9 बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखांकन गरेको छ ।

ख)

ICAN तथा ASB ले जारी गरेको बैकल्पिक व्यवस्था (Carve Out) अनुसार वित्तीय उपकरणको लागि प्रभावकारी ब्याज दरको गणना संस्थाले NFRS को व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले कर्जा लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा अनुबन्ध सर्तहरु अन्तर्गत भूक्तानी वा प्राप्त भएका सबै शुल्कहरु (त्यस्ता शुल्कहरु भरपर्दो रुपमा निर्धारित गर्न अव्यवहारिक नभएसम्म) समावेश गर्नुपर्दछ ।

संस्थाले कर्जा तथा सापटीको हकमा यो वैकल्पिक व्यवस्था अपनाएको छ । यस वैकल्पिक व्यवस्थाको परिणाम स्वरुप संस्थाले कर्जाको प्रभावकारी ब्याजदर (Effective Interest Rate) को गणनामा अग्रिम कर्जा व्यवस्थापन शुल्क वा कर्जा सापटीमा प्राप्त कमिसनलाई समावेश गरेको छैन जुन कर्जा स्वीकृती भएको अवधीमा आयमा लेखाङ्न गरिन्छ । लागत र लाभको सिद्धान्त अनुसार यो मूल्याङ्न न्यायोचित छ भनि समूहले मूल्याङ्न गरेको हुनाले यी व्यवस्थाहरु अपनाइएका हुन् ।

२.९ प्रतिवेदन अवधि र वित्तीय विवरणको स्वीकृति

क) प्रतिवेदन अवधि तथा जिम्मेवारी

संस्थाले सहकारी ऐन, २०७४ को दफा ७४ अनुसार संस्थाको हिसाबकिताब तथा लेखा नेपाल लेखामान बोर्ड (Accounting Standards Board- ASB) बाट जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standrard- NFRS) का आधारमा रही आ.व. २०८२/८३ को वित्तीय विवरण तयार पारेको छ । सञ्चालक समितिले वित्तीय विवरणको तयारी तथा प्रस्तुतिको जिम्मेवारी स्वीकार गर्दछ । NFRS को पालना गर्न देहाय बमोजिका मितिहरु प्रतिवेदन अवधिको लागि लिइएका छन् ।

वित्तीय विवरण	नेपाली मिति	अंग्रेजी मिति
तुलनात्मक वासलात मिति	३२ आषाढ २०८२	१६ जुलाई २०२५
तुलनात्मक प्रतिवेदन अवधि	१ श्रावण २०८१ देखि ३२ आषाढ २०८२	१६ जुलाई २०२४ देखि १५ जुलाई २०२५
NFRS वासलात मिति	३२ आषाढ २०८३	१६ जुलाई २०२६
NFRS प्रतिवेदन अवधि	१ श्रावण २०८२ देखि ३२ आषाढ २०८३	१७ जुलाई २०२५ देखि १६ जुलाई २०२६

ख) संचालक समितिबाट वित्तीय विवरणको स्वीकृति

संलग्न वित्तीय विवरण मिति २०८३ भाद्र ११ गते (तद्नुसार २७ अगष्ट २०२६) सम्पन्न संस्थाको संचालक समितिको बैठकले साधारण सभा समक्ष अनुमोदनको लागि पेश गर्ने गरी स्वीकृत गरेको छ ।

२.१० कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

यस वित्तीय प्रतिवेदन नेपाली रुपैया (ने.रु.) मा तयार पारिएको छ । संस्थाले नेपाली मुद्रामा मात्र कारोबार गर्न नियमाकीय व्यवस्था रहेको छ । सबै अंकलाई अन्यथा उल्लेख नभएको अवस्थामा नेपाली रुपैयामा उल्लेख गरिएको छ । यस आर्थिक वर्षमा संस्थाको कार्यात्मक तथा प्रस्तुति मुद्रामा परिवर्तन भएको छैन ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३: प्रमुख लेखा नीतिहरु

वित्तीय विवरण तयार गर्दा आधार मानिएका लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएका छन् ।

टिप्पणी ३.१: नगद तथा नगद सरह

नगद प्रवाह विवरणको प्रयोजनको लागि नगद तथा नगद सरहमा संस्थासँग रहेको नगद, बैक तथा वित्तीय संस्थासँगको मौज्दात, कल र छोटो सूचनामा पैसा (Money at Call and Short Notice) र खरिद गरेको अथवा प्लेसमेन्ट गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने अत्याधिक तरल मौद्रिक सम्पत्ति समावेश छन् र यि मौद्रिक सम्पत्तिलाई उचित मूल्यमा परिवर्तन गंदाको जोखिम नगण्य छन् । नगद तथा नगद सरहको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
नगद	१,८४८,८४१	३,०६७,१४१
बैक तथा वित्तीय संस्थामा रहेको मौज्दात (३.१.१)	७७,४२४,०७०	६७,४६७,४३८
३ महिनाभन्दा कम अवधिमा परिपक्क हुने आवधिक बचत (९० दिने)	३५,०००,०००	३३,५००,०००
जम्मा नगद तथा नगद सरह	**११४,२७२,९११**	**१०४,०३४,५७९**

टिप्पणी ३.१.१: बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

बैक तथा वित्तीय संस्थामा रहेको मौज्दात, सावा तथा व्याज प्राप्त गर्ने उद्देश्यका साथ बैक तथा वित्तीय संस्थाहरूमा राखिएका वित्तीय सम्पत्ति हो । बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
सिद्धार्थ बैंक लि.	३७०,७७०	३६९,४७६
नेफ्स्कुन, (नियमित बचत)	३५२,९६६	३३३,१३६
नेफ्स्कुन, (प्रिमियम बचत)	२३,६९०,३१३	३५,४८९,६८७
नेफ्स्कुन, (लाभांश खाता)	४,५९७	४,५९३
बचत तथा ऋण सहकारी संघ सुनसरी, (नियमित)	२४१,२२३	९२२,५३८
राष्ट्रिय सहकारी बैंक (प्रिमियम बचत)	२५,०१८,८८१	१३,४८०,५७३
प्रभु बैंक लि.	१,८५९,६८२	१,२०२,०५६
जिल्ला सहकारी संघ सुनसरी, (नियमित)	४३४,३२९	३९३,४२५
मितेरी डेभलपमेण्ट बैंक	१३,३०२,९३३	६,२७७,१३४
गुडविल फाईनान्स	१,३६८,६४४	२,९९३,६३९
आई.एम.ई कोअपरेटिभ सर्भिस	-	५१२,१४५
एन.आई.सी. एसिया बैंक	३,३०५,९८५	९९२,४१८
ग्लोबल आइ एम इ बैंक	१,६०५,३००	-
कुमारी बैंक	४८०,९९९	१,१४९,०१४
प्राइम कमर्सियल बैंक	१,३६९,९०४	२,७०५,०८८
प्रोगेसिभ फाइनान्स लि.	४,०१७,५४३	६४२,५१५
जम्मा बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	**७७,४२४,०७०**	**६७,४६७,४३८**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसंग सम्बन्धित टिप्पणीहरु

वित्तीय सम्पत्ति र वित्तीय दायित्व

क) पहिचान र लेखाङ्कन

वित्तीय उपकरणको अनुबन्धनमा आवद्ध पक्ष (Party to Contractual Provision) भएको खण्डमा संस्थाले प्रारम्भिक रुपमा आफ्नो वित्तीय विवरण अर्न्तगत वित्तीय सम्पत्ति वा दायित्वलाई लेखाङ्न गर्दछ । संस्थाले शुरुमा कर्जा र सापटी, निक्षेप र ऋण सुरक्षणपत्रहरु र सहायक दायित्वहरू उनीहरूको उत्पत्ति भएको मितिमा लेखाङ्न गर्दछ जुनबेला बैंक उपकरणको अनुबन्धन व्यवस्थाको पक्ष बन्छ । ईक्विटी उपकरणमा लगानी, धितोपत्र, ऋणपत्र, सरकारी सुरक्षणपत्र, राष्ट्र बैंकको ऋणपत्र वा निक्षेप लिलामी, रिभर्स रिपो, प्रष्ट खरीदलाई व्यापारको मितिमा, लेखाङ्न गरिन्छ । वित्तीय सम्पत्तिको नियमित हुने खरीद र बिक्रीलाई चुक्ता हुने मितिमा लेखाङ्न गरिन्छ ।

ख) वर्गीकरण

अ) वित्तीय सम्पत्ति

संस्थाले वित्तीय सम्पत्तिहरू व्यवस्थापन गर्नका लागि संस्थाको व्यापार मोडल र वित्तीय सम्पत्तिको अनुबन्धित नगद प्रवाह (Contractual Cash Flow) को आधारमा परिशोधित लागत वा उचित मूल्य मा वर्गीकरण गर्ने नीति लिइएको छ । वित्तीय सम्पत्तिको दुई वर्गहरु यस प्रकार छन् :

अ(१) परिशोधित लागतमा मापन गरिने वित्तीय सम्पत्ति (Amortized Cost)

संस्थाले देहायका दुवै शर्तहरु पूरा भएको खण्डमा परिशोधित लागतमा सम्पत्तिको मापन गरी वित्तीय सम्पत्तिको रुपमा वर्गीकरण गरको छ :

- अनुबन्धित नगद प्रवाह संकलन गर्नको लागि सम्पत्ति राख्ने उद्देश्य भएको व्यापार मोडल अन्तर्गत सम्पत्ति रहेमा र,
- वित्तीय सम्पत्तिको सम्झौता शर्तहरूले निर्दिष्ट मितिमा नगद प्रवाह हुन्छ र त्यो मूल रकमको साँवा वा व्याज रकमको मात्र भुक्तानी रहेमा ।

अ(२) उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति

परिशोधित मूल्यमा मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति उचित मूल्यमा मापन गरिएको छ । उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्ति देहाय बमोजिम वर्गीकरण गरिन्छ :

• नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्ति (FVTPL)

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्यमा निर्दिष्ट भएका वित्तीय सम्पत्तिहरुलाई उचित मूल्यमा मापन गरी नाफा वा नोक्सान मार्फत लेखाङ्न गरिएको छ । वित्तीय सम्पत्तिको प्रारम्भिक पहिचान र लेखाङ्नमा अधिग्रहण गर्दाको कारोबार लागतलाई नाफा वा नोक्सानमा लेखाङ्न गरेको छ । त्यस्ता सम्पत्तिहरु लाई पछि उचित मूल्यमा मापन गरिएको छ र उचित मूल्यमा भएको परिवर्तनहरू लाई नाफा वा नोक्सानको विवरणमा पहिचान र लेखाङ्न गरिएको छ ।

• अन्य विस्तृत आम्दानी मार्फत उचित मुल्यमा मापन गरिने वित्तीय सम्पत्ति (FVTOCI)

व्यापारको लागि नराखिएको र प्रारम्भिक रुपमा लेखाङ्न नगरिएको इक्विटी उपकरणमा गरिएको लगानी, संस्थाले अपरिवर्तनीय छनौट सहित वित्तीय उपकरणको उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आयमा लेखाङ्न गर्ने गरी वर्गीकरण गरेको वित्तीय सम्पत्तिहरुलाई अन्य विस्तृत आम्दानी मार्फत उचित मूल्यमा मापन गरिएको छ । त्यस्ता सम्पत्तिहरुलाई पछि उचित मूल्यमा मापन गरिएको छ र उचित मूल्यमा भएको परिवर्तनहरूलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्न गरिएको छ ।

आ) वित्तीय दायित्व

संस्थाले ऋण प्रतिबद्धता बाहेक अन्य वित्तीय दायित्वहरुलाई निम्नानुसार वर्गीकरण गरेको छ ।

• नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय दायित्वहरु (FVTPL)

व्यापारको लागि राखिएको अथवा नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्यमा निर्दिष्ट भएका वित्तीय दायित्वहरुलाई उचित मूल्यमा मापन गरी नाफा वा नोक्सानको मार्फत लेखाङ्न गरिएको छ । वित्तीय दायित्वको प्रारम्भिक पहिचान र लेखाङ्नमा अधिग्रहण गर्दाको कारोबार लागतलाई नाफा वा नोक्सानमा लेखाङ्न गरेको छ । तोकिएको विशेष दायित्वहरू बाहेक, दायित्वको समग्र जोखिममा भएको परिवर्तनको कारण उचित मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्न गरिएको छ ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

• परिशोधित लागतमा मापन गरिएको वित्तीय दायित्वहरु (Amortized Cost)

नाफा वा नोक्सानको माध्यमबाट उचित मूल्यमा मापन गरिएको वित्तीय दायित्वहरु बाहेक अन्य वित्तीय दायित्वहरुलाई परिशोधित लागतमा प्रभावकारी व्याजदर विधि प्रयोग गरी परिशोधित लागतमा मापन गरिन्छ ।

ग) मापन

अ) प्रारम्भिक मापन

नाफा वा नोक्सानको माध्यमबाट मापन गरिएको बाहेकका वित्तीय सम्पत्ति वा वित्तीय दायित्वलाई शुरुको उचित मूल्यमा कारोबार रकम जोडेर वा घटाएर मापन गरिएको छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिने वित्तीय सम्पत्ति र वित्तीय दायित्वको सम्बन्धमा कारोबार लागत नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

आ) पछिको मापन

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व पछि वर्गीकरणको आधारमा उचित मूल्यमा वा परिशोधित लागतमा मापन गरिन्छ । परिशोधित लागतमा मापन गरिएको वर्गीकृत सम्पत्ति वा दायित्व पछि प्रभावकारी व्याजदर विधि प्रयोग गरेर परिशोधित लागतमा मापन गरिएको छ ।

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिशोधित लागत भनेको त्यस्तो रकम हो जसमा वित्तीय सम्पत्ति वा वित्तीय दायित्व प्रारम्भिक लेखाङ्कन गरिएको रकममा साँवाको पुर्न भुक्तानी, प्रभावकारी व्याज विधिद्वारा मापन गरिएको संचित परिशोधन (प्रारम्भिक रकम र परिशोधित रकमको भिन्नता) र क्षति वा असंकलनको कारण हुने कमीलाई घटाई परिणामस्वरुप आएको रकमलाई बुझिन्छ ।

उचित मूल्यमा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिलाई पछि उचित मूल्यमा मापन गरिन्छ । वित्तीय सम्पत्तिको उचित मूल्यमा नाफा वा नोक्सानको माध्यमबाट पछि हुने उचित मूल्य परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ जबकी अन्य विस्तृत आयमार्फत उचित मूल्य मापन गरिने वित्तीय सम्पत्तिलाई अन्य विस्तृत आयमा पहिचान र लेखाङ्कन गरिन्छ ।

घ) अपलेखाङ्कन

वित्तीय सम्पत्तिको अपलेखाङ्कन

संस्थाको वित्तीय सम्पत्तिबाट नगद प्रवाहको अनुबन्धित अधिकार समाप्त भएको, संस्थाले कारोबारमा अनुबन्धित नगद प्रवाह प्राप्त गर्ने अधिकार हस्तान्तरण भएको, वित्तीय सम्पत्तिको सबै जोखिम र प्रतिफल हस्तान्तरण भएको र वित्तीय सम्पत्ति उपर कुनै नियन्त्रण नरहने अवस्था रहेको आदि आधारमा संस्थाले वित्तीय सम्पत्तिलाई अपलेखाङ्कन गरेको छ । हस्तान्तरण गरी सकिएको वित्तीय सम्पत्तिमा संस्थाले बनाएको वा कायम गरेको कुनै पनि स्वार्थ रहेमा सो लाई छुट्टै सम्पत्ति वा दायित्वका रूपमा लेखाङ्कन गरिएको छ । वित्तीय सम्पत्तिको अपलेखांकनमा, सम्पत्ति (वा हस्तान्तरण सम्पत्तिको अंश विनियोजन गरिएको रकम) र प्राप्त प्रतिफल (जसमा कुनै नयाँ सम्पत्ति समावेश गरी ग्रहण गरेको नयाँ दायित्व घटाइयो) को भिन्नता नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ ।

वित्तीय दायित्व अपलेखाङ्कन

वित्तीय दायित्वहरुको भरपाई गरिएमा वा रद्द गरिएमा वा म्याद समाप्त भएको अवस्थामा वित्तीय दायित्वलाई अपलेखाङ्कन गरिएको छ । विद्यमान वित्तीय दायित्व एकै ऋणदाताबाट अरु विभिन्न शर्तहरू वा विद्यमान दायित्वका शर्तहरूमा पर्याप्त संशोधन गरिएको र नयाँ दायित्वले साटासाट गरिएको र सोको साटासाट वा संशोधन भएको खण्डमा मूल दायित्वको अपलेखाङ्कन र नयाँ दायित्वको लेखाङ्कन गरिने गरिएको छ । मूल वित्तीय दायित्वको किताबी मूल्य र भुक्तानी गरिएको प्रतिफल बीचको भिन्नता नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ ।

ङ) उचित मुल्यको निर्धारण

उचित मूल्य भनेको त्यो मूल्य हो जुन मापन मितिमा बजार सहभागीहरुबीच व्यवस्थित कारोबार भएको अवस्थामा सम्पत्ति बेच्दा पाईने वा दायित्व हस्तान्तरण गर्दा तिर्न पर्ने रकम हो । दायित्वको उचित मूल्यले यसको कार्यान्वयन नहुने जोखिम प्रतिबिम्बित गर्दछ ।

निम्न तह अनुसार उचित मुल्य निर्धारण गरिन्छ :

तह १: उचित मूल्य मापन ती हुन् जुन समान सम्पत्ति वा दायित्वका लागि सक्रिय बजारमा असमायोजित सूचीकृत मूल्यहरूबाट व्युत्पन्न हुन्छन् ।

तह २: उचित मूल्य मापन जसको निम्ति सक्रिय बजारमा उस्तै उपकरणहरूको लागि सूचीकृत मूल्यहरू छन् वा निष्क्रिय बजारमा समान वा यस्तै उपकरणहरूका लागि सूचीकृत मूल्यहरू र वित्तीय उपकरणहरूको मूल्यांकनको निम्ति मोडेलहरू प्रयोग हुन्छ जहाँ सबै महत्वपूर्ण आगतहरू अवलोकन ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

तह ३: पोर्टफोलियोहरु ती हुन् जहाँ कम्तिमा एक आगत, जसले उपकरणको मूल्यांकनमा महत्वपूर्ण प्रभाव पार्न सक्छ, बजारको आंकडामा आधारित हुदैनन् । जब उपलब्ध हुन्छ, संस्थाले वित्तीय उपकरणको उचित मूल्य त्यो उपकरणको सक्रिय बजारमा सूचीकृत मूल्यहरू प्रयोग गर्दै मापन गर्दछ । बजारलाई सक्रिय मानिन्छ यदि सूचीकृत मूल्यहरू सजिलैसँग र नियमित रूपमा उपलब्ध छन् र Arm's length को आधारमा वास्तविक र नियमित रूपमा हुने बजार कारोबार प्रतिनिधित्व गर्दछ । यदि एक वित्तीय उपकरणको लागि बजार सक्रिय छैन भने, सस्थाले मूल्यांकन विधि प्रयोग गरी उचित मूल्य स्थापना गर्दछ । मूल्य निर्धारण विधिमा जानकार, इच्छुक सरोकारवालाहरू (यदि उपलब्ध छ) बीचको Arm's length कारोबार समावेश हुन्छ ।

प्रारम्भिक लेखांकन गर्दा वित्तीय उपकरणको उचित मूल्यको उत्तम प्रमाण भनेको कारोबार मूल्य हुने गर्दछ (अर्थात् दिइएको वा प्राप्त गरिएको प्रतिफलको उचित मूल्य) । यद्यपि प्रारम्भिक पहिचान र लेखांकनमा वित्तीय उपकरणको उचित मूल्य यसको कारोबार मूल्यमा भिन्न हुन सक्छ । यदि त्यस्तो उचित मूल्य उही उपकरणमा हालको अन्य प्रत्यक्ष बजार कारोबारको साथ तुलना गरेर प्रमाणित गरिएको छ (संशोधन बिना) वा मूल्यांकन विधि प्रयोग गरी रकममा केवल प्रत्यक्ष बजारबाट आंकडा समावेश गरिएको छ भने, भिन्नता शुरुवाती पहिचान र लेखांकनमा नाफा वा नोक्सानमा पहिचान र लेखांकन गरिएको छ । अन्य परिस्थितिमा, भिन्नता नाफा वा नोक्सानमा तुरुन्त लेखांकन गरिएको छैन तर उपयुक्त आधारमा वा उपकरणको आयु भित्रमा लेखांकन गरिएको वा उपकरण साटिएको, बेचिएको वा हस्तान्तरण भएको अवस्थामा अन्य विस्तृत आम्दानीमा लेखांकन गरिएको छ । सबै सूचीकृत नभएका इक्विटी लगानी लागतमा लेखांकन गरिएको छ, बासलातको मितिसम्म संस्थापक शेयरको गैर व्यापारलाई ध्यानमा राखी, यस्तो शेयरको बजार मूल्य निश्चित गर्न सकिदैन । तसर्थ, यी लगानीहरु लागतमा क्षति प्रभार घटाई पहिचान र लेखांकन गरिएको छ ।

च) वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले हरेक आर्थिक वर्षको वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा हानि भए वा नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्तिमा हानि नोक्सानी भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको छ ।

(क) परिशोधित मूल्यमा मापन गरिएका वित्तीय सम्पत्तिहरुमा हुने नोक्सानी

शुरुमा संस्थाका ठुला ऋणीहरुलाई प्रदान गरेको कर्जाहरुलाई छनौट गरी ती कर्जालाई हरेक आर्थिक वर्षको अन्त्यमा व्यक्तिगत हानिको लागि परीक्षण गरीन्छ । यदि कुनै कर्जालाई डिफल्ट भनी वर्गीकरण गरिएको छ वा संस्थाले साँवा र व्याज रकम पूर्ण रुपमा असुली गर्न नसक्ने भएमा, ती कर्जाहरुमा हुन सक्ने हानिको मूल्याङ्कन गरिन्छ । यदी कर्जा धितोद्वारा सुरक्षित भए, त्यस कर्जामा हुन सक्ने हानिको मूल्याङ्कन गर्दा सुरक्षणमा राखिएको धितोको वर्तमान मूल्यलाई पनि ध्यानमा राखिन्छ । धितो बिक्री गरी हाल प्राप्त हुन सक्ने रकम कर्जा तिर्न पर्याप्त भएमा कर्जा हानि मूल्याङ्कन गरिदैन ।

व्यक्तिगत हानिको लागि परीक्षण

व्यक्तिगत हानि परिक्षणको लागि छानिएका कर्जा तथा सापटीहरुलाई तल दिएका मापदण्ड अनुसार परीक्षण गरिन्छ :

- ऋणीको नगद प्रवाहमा आएको समस्या थाहा भएमा,
- सम्झौता अनुसार तिर्नु पर्ने सावा वा व्याजको भाखा नाघेमा,
- ऋण सहमति र शर्तको उल्लङ्घन गरेमा,
- ऋणी टाट पल्टन सक्ने सम्भावना वा आर्थिक पुनसंरचना गर्नु पर्ने देखिएमा,
- बाह्य क्रेडिट रेटिङ्ग एजेन्सीले ऋणीको क्रेडिट रेटिङ्ग उल्लेखनीय तरिकाले घटाएको पाइएमा,
- संस्थाको ऋणीसंगको एकीकृत एक्सपोजर,
- ग्राहकको व्यवसायिक मोडलको व्यवहारिकता र ग्राहकको आर्थिक समस्या हल गर्ने तथा समयमै ऋण तिर्न सक्ने क्षमता,
- अपेक्षित आम्दानी र असूलीको रकम र समय,
- ऋणीले संस्थाको कर्जा तथा सापटी तिर्नु अगाडि अरु ऋणदाताको ऋण तिर्ने गरी गरेको प्रतिवद्धता वा Pari-passu र अरु ऋणदाताले उक्त ऋणीलाई लगातार सहायता गर्ने सम्भावना,
- धितो जमानतको विश्वनीय मूल्य र संस्थाले धितो आफ्नो प्रभुत्वमा ल्याउन सक्ने सम्भावना ।

सामूहिक हानि परीक्षण

व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरुलाई एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समुहहरुमा विभाजन गरी सामूहिक हानि नोक्सानी परीक्षण गरीन्छ । तर यदि कुनै कर्जाप्रति व्यक्तिगत नोक्सानी व्यवस्था गरिएको छ भने ती कर्जाहरुलाई सामूहिक हानि परीक्षण गर्दा समावेश गरिदैन ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

तल देहायका कर्जाहरुको लागि सामूहिक हानि परीक्षण गरीन्छ :

- हानि भैसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको कर्जाहरु
- व्यक्तिगत रुपमा महत्वपूर्ण नमानिएका एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरुमा विभाजित कर्जाहरु

हानि भैसकेको तर व्यक्तिगत रुपमा हानि पहिचान नभएको

कूल कर्जा हानि व्यवस्थाको आंकलन गर्न व्यक्तिगत हानि पहिचान नभएका कर्जा तथा सापटीहरुलाई एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरुमा विभाजन गरी सामूहिक हानि परीक्षण गरिन्छ । प्रतिवेदन अवधि भन्दा अगाडि हानि भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको हानिलाई समेत यस तरिकाले आंकलन गरेको हानि व्यवस्थाले समावेश गर्छ ।

अहिले हानि भैसकेको तर व्यक्तिगत रुपमा पहिचान नभएको हानि भविष्यमा व्यक्तिगत रुपमा पहिचान भएको खण्डमा ती कर्जाहरुको हकमा सामूहिक हानि परीक्षण नगरि व्यक्तिगत हानि परिक्षण गरिनेछ ।

सामूहिक नोक्सानी व्यवस्थाको आंकलन गर्दा देहायका बुँदाहरुमा ध्यान दिइन्छ :

- समान कर्जा जोखिम भएको पोर्टफोलियोमा विगतमा भएको नोक्सानी
- वर्तमान आर्थिक स्थिति हेर्दा विगतमा भएको नोक्सानीभन्दा प्रतिवेदन अवधिमा आंकलन गरिने नोक्सानी व्यवस्थाको रकम कम वा बढी हुन सक्ने व्यवस्थापनको अनुभवको आधारमा गरिएको निर्णय

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरुमा विभाजित कर्जाहरुमा हुन सक्ने नोक्सानी आंकलन गर्न statistical विधिहरुको प्रयोग गरिन्छ । कर्जा अपलेखन भएमा ती कर्जाहरुलाई समूहबाट हटाई व्यक्तिगत रुपमा हानि मापन गरिन्छ ।

संस्थाले देहायको विधिमार्फत सामूहिक हानि व्यवस्था आंकलन गर्दछ :

एकै प्रकारका कर्जा तथा सापटीहरुको आधारमा विभिन्न समूहहरुमा विभाजन गरे पश्चात् सामूहिक हानिको मापन Net Flow Rate Method बाट गरिन्छ । यस पद्धतिमा संस्थाले कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा गरेको वर्गीकरण, त्यसमा आएको परिवर्तन र प्रतिवेदन अवधिसम्ममा पहिचान भएका घटनाहरुको आधारमा भविष्यमा संस्थालाई हुन सक्ने कर्जा नोक्सानी रकमको आंकलन गरिन्छ ।

यस पद्धतिमा भाखा नाघेको अवधिको आधारमा कर्जा तथा सापटीहरुलाई विभिन्न समूहहरुमा विभाजन गरी statistical विश्लेषण गरी विभिन्न समूहहरुमा विभाजन गरिएका ऋण तथा सापटीहरुको स्तर फर्न सक्ने र अन्ततः असूली हुन नसक्ने सम्भावनाको आंकलन गरिन्छ ।

हालको आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुलाई समेत ध्यानमा राखि नोक्सानी व्यवस्था रकमको आंकलन गरिन्छ । आर्थिक परिस्थिति तथा पोर्टफोलियो जोखिमका कारकहरुमा देहायका कारकहरु समेत पर्दछन् :

- वर्तमान कर्जा पोर्टफोलियो वृद्धि तथा प्रोडक्ट समिश्रण
- बेरोजगारी दर
- कुल गृहस्थ उत्पादनमा भएको वृद्धि
- मुद्रास्फीति
- व्याज दर
- सरकारी नीति तथा नियममा परिवर्तन
- सम्पत्तिको मूल्य
- भुक्तानीको अवस्था

NFRS 9 को वैकल्पिक व्यवस्थाको Para 5 मा उल्लेख Incurred Loss Model प्रयोग गरि कर्जा तथा सापटीमा भएको हानी/नोक्सानी व्यवस्था गणना गरिएको छ । संस्थाले कर्जा तथा सापटीमा भएको हानी/नोक्सानी व्यवस्था मापन गर्दा ICAN ले जारी गरेको वैकल्पिक व्यवस्था (Carve Out) लागु गरेको छ जसले सम्भावित नोक्सानी व्यवस्था, Incurred Loss Model अथवा नेपाल राष्ट्र बैंकको निर्देशिका अनुसारको जुन उच्च हुन्छ त्यो लेखाङ्कन गर्ने विकल्प दिएको छ । तर सहकारी संस्था नेपाल राष्ट्र बैंकको नियमन भन्दा बाहिर हुने कारणले यस संस्थाले सहकारी मापदण्ड बमोजिम आएको ऋण नोक्सानी व्यवस्था वा NFRS बमोजिम आएको ऋण नोक्सानी व्यवस्था मध्ये जुन बढि हुन्छ सोलाई ऋण नोक्सानी व्यवस्था गरी लेखाङ्कन गरेको छ ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

हानि नोक्सानीको फिर्ता

यदि हानि नोक्सानीको रकम पछिको अवधिमा घट्छ र त्यो घटेको रकमलाई हानि नोक्सानी अभिलेख गरेको समयभन्दा पछिको घटनासँग सजिलै जोड्न सकिएमा, बढी भएको हानि नोक्सानी व्यवस्था रकमलाई फिर्ता गरिन्छ । यस्तो फिर्ता भएको रकमलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

परिशोधित लागतमा लेखाङ्कन गरिएको वित्तीय सम्पत्तिको अपलेखन

ऋण चुक्ता नुहने अवस्था देखिएमा ऋणलाई आंशिक वा पूर्ण रुपमा अपलेखन गरिन्छ । तर सुरक्षित ऋणको हकमा अपलेखन सुरक्षणमा राखिएको सम्पत्तिको लिलामी पछि मात्र गरिन्छ । तर यदि जमानत राखिएको सम्पत्तिको मूल्य पहिचान भएमा र ऋण र प्राप्तीको थप असूली नहुने देखिएमा त्यस्ता ऋण र प्राप्तीलाई अग्रिम रुपमा अपलेखन गर्न सकिन्छ ।

पुनः तालिकिकृत ऋण र सापटीमा हुने हानि

संस्थाले सम्भव भएसम्म धितोको स्वामित्व लिनु भन्दा पनि कर्जालाई पुनः तालिकीकरण गर्न खोज्दछ । यस अन्तर्गत भुक्तानी व्यवस्थाको विस्तार र नयाँ ऋण शर्तहरुको सम्झौता पर्न सक्छ । एक पटक शर्तहरु संसोधित भएपछि कुनै पनि हानि नोक्सानीलाई शर्त संसोधन अगाडि गणना गरिएको व्याजदरले मापन गरिन्छ र सो ऋणलाई भाखा नाघेको मानिदैन । कर्जाको व्यक्तिगत र सामूहिक हानिको मूल्याङ्कन पुनः तालिकिकरण हुनु अगाडीको प्रभावकारी व्याज दरद्वारा गरिन्छ ।

धितो मूल्याङ्कन

संस्थाले वित्तीय सम्पत्तिको जोखिम न्यूनिकरण गर्न सकेसम्म धितोको प्रयोग गर्दछ । नगद, धितोपत्र, प्रतितपत्र/जमानत, अचल सम्पत्ति, प्राप्ती, स्टक र अन्य गैर वित्तीय सम्पत्ति जस्ता विभिन्न धितोका प्रकारहरु हुन्छन् । साधारणतया धितोको उचित मूल्यको आंकलन कम्तिमा कर्जा प्रदान गर्दाको बखत सहकारी विभागको मार्गनिर्देशिकाको आधारमा गरिन्छ । अचल सम्पत्ति जस्ता गैर वित्तीय धितोको मूल्याङ्कन गर्दा स्वतन्त्र मूल्याङ्कनकर्ता र लेखापरीक्षण भएको वित्तीय विवरण जस्ता तेस्रो पक्षको विवरणको आधारमा गरिन्छ ।

कानूनी रुपमा repossess गरिएका धितो वा संस्थाको नाममा आएको सम्पत्तिहरु

कानूनी रुपमा आफ्नो अधिनमा ल्याइएको धितोले भाखा नाघेको ऋणको राफसाफमा संस्थाद्वारा प्राप्त गैर-वित्तीय सम्पत्तिको प्रतिनिधित्व गर्दछ । सम्पत्तिहरु अधिग्रहण गर्दा उचित मूल्यमा लेखाङ्कन गरिन्छ । अधिनमा ल्याइएको सम्पत्ति आन्तरिक संचालनका लागि प्रयोग गर्ने वा बिक्री गर्नु उत्तम भएको संस्थाले नीति निर्धारण गर्नुपर्छ ।

(ख) अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको वित्तीय सम्पत्तिको नोक्सानी

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको लागि संस्थाले हरेक प्रतिवेदन अवधिमा हानि नोक्सानी भए वा नभएको objective evidence आंकलन गर्दछ ।

संस्थाले जसरी परिशोधित मूल्यमा मापन गरिएको वित्तीय सम्पत्तिको हानि नोक्सानी आंकलन गर्दछ, त्यसरी नै Debt उपकरणहरुको हकमा व्यक्तिगत रुपमा हानि नोक्सानी आंकलन गर्दछ । यद्धपि नोक्सानीको कूल रकम भने परिशोधित मूल्य र वर्तमान उचित मूल्य को फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर निकालिन्छ । भविष्यमा हुने व्याज आम्दानी हानि नोक्सानी घटाइसकेपछिको वित्तीय सम्पत्तिको मूल्यमा आधारित हुन्छ र व्याज आर्जनको लागि त्यही दरको प्रयोग गरिन्छ जुन दरले हानि नोक्सानी रकम आंकलन गरिएको हुन्छ । यदि भविष्यमा Debt उपकरणहरुको उचित मूल्य बढेमा र त्यस्तो वृद्धिको कारण हानि नोक्सानी व्यवस्था गरिसकेपछि Credit Event भएको ठहर भएमा हानि नोक्सानी व्यवस्थालाई नाफा वा नोक्सान हिसाबमाफर्त रिभर्स गरिन्छ ।

अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको इक्विटी उपकरणहरुको हकमा हानिको आधारभूत प्रमाणको रुपमा परल मूल्यभन्दा उचित मूल्य धेरैले वा दीर्घकालीन रुपले घटेको स्थितिलाई समेत लिइन्छ । यदि हानि भएको प्रमाण भेटेमा परल मूल्य र वर्तमान उचित मूल्यको फरक रकममा नाफा वा नोक्सान हिसाबमा पहिले समावेश गरिसकेको नोक्सानी व्यवस्था घटाएर आएको कुल नोक्सानलाई इक्विटीबाट हटाइ नाफा वा नोक्सान हिसाबमा देखाइन्छ । तर यदि भविष्यमा अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरिएको impaired इक्विटी उपकरणहरुको उचित मूल्य बढेमा बढेको रकमलाई अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरिन्छ । अन्य विस्तृत आम्दानीमार्फत उचित मूल्यमा वर्गीकरण गरीएको इक्विटी उपकरणहरु uncollectible हुने निश्चित भएमा संस्थाले ती सम्पत्तिहरु अपलेखन गर्दछ ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

व्युत्पन्न सम्पत्ति र दायित्वहरु

व्यापारिक उद्देश्य वा जोखिम व्यवस्थापन गर्ने प्रयोजनार्थ विभिन्न कारोबारहरु जस्तैः व्याजदर स्वाप, मुद्रा स्वाप, फरवार्ड विदेशी विनिमय करार आदि व्युत्पन्न उपकरण अर्न्तगत पर्दछ। व्युत्पन्न वित्तीय उपकरणहरु प्रारम्भिक रुपमा करार मितिको आधारमा उचित मूल्य मा मापन गरिन्छ र त्यसपछि पुनः रिपोर्टिङ्ग मितिमा उचित मूल्य मा पुनः मापन गरिन्छ। तर संस्थाको मिति २०८२ आषाढ मसान्तसम्म कुनै पनि व्युत्पन्न सम्पत्ति वा दायित्वहरु रहेको छैन।

टिप्पणी ३.२: बैंक तथा वित्तिय संस्थामा रहेको मुद्दती

बैंक तथा वित्तीय संस्थामा रहेको मुद्दती साँवा तथा व्याज प्राप्त गर्ने उद्देश्यका साथ बैंक तथा वित्तीय संस्थाहरूमा राखिएका वित्तीय सम्पत्ति हो। यी वित्तीय सम्पत्तिहरू व्यवसाय मोडेलभित्र (Business Model) समायोजित गरिएको छ, जसको उद्देश्य अनुबंध नगद प्रवाहहरू (Contractual Cash Flow) सङ्लन गर्नु हो जुन केवल साँवा र व्याजको भुक्तानी हो। ती सम्पत्तिहरु Effective Interest Rate प्रयोग गरी परिशोधित लागत Ammortized Cost less impairment मा लेखांकन गरिएको छ र फलस्वरुप उत्पन्न हुने व्याज आम्दानी र क्षयीकरणलाई नाफा/(नोक्सान) विवरणमा प्रस्तुत गरिएको छ। मुद्दतीमा गरिएको लगानीको, प्रारम्भिक मापन रकम र परिशोधित लागत बराबर रहेको छ। बैक तथा वित्तीय संस्थामा रहेको मुद्दतीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
मुद्दती बचत		
नेफ्स्कुन, (आवधिक बचत)	-	-
प्रोगेसिभ फाइनान्स लि.	५३,०००,०००	३०,०००,०००
राष्ट्रिय सहकारी बैक	-	२५,०००,०००
जम्मा बैक तथा वित्तीय संस्थामा रहेको मुद्दती	**५३,०००,०००**	**५५,०००,०००**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसंग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.३: ऋण लगानी

संस्थाले सहकारी ऐन, नियमावली, संस्थाको आन्तरिक नीतिको आधिनमा रहि आफ्ना सदस्य र कर्मचारीहरुलाई ऋण लगानी गरेको छ। ऋण लगानीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
सदस्यहरुलाई प्रदान गरिएको ऋण (३.३.१)	४९९,२८१,९०४	४५७,३५८,६७१
कर्मचारीलाई प्रदान गरिएको ऋण (३.३.३)	६,२३२,५५६	५,७०४,१६२
जम्मा ऋण लगानी	**५०५,५१४,४६०**	**४६३,०६२,८३३**

टिप्पणी ३.३.१: सदस्यहरुलाई प्रदान गरिएको ऋण

संस्थाले सदस्यहरूलाई विभिन्न शीर्षकहरूमा ऋण तथा सापटी प्रदान गर्दै आएको छ। यी वित्तीय सम्पत्तिहरू व्यवसाय मोडेलभित्र (Business Model) लेखाङ्कन गरिन्छ जसको उद्देश्य अनुबंध नगद प्रवाहहरू (Contractual Cash Flow) सङ्कलन गर्नु हो जुन केवल मूलधन र व्याजको भुक्तानी हो।
यी वित्तीय सम्पत्तिहरू प्रारम्भिक मापन पछि प्रभावकारी व्याज दर विधि अपनाई परिशोधित लागत (Amortized Cost) मा मापन गरिन्छ। यसरी मापन गर्दा आएको परिशोधन खर्च र हानी नोक्सानीलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ।
संस्थाले ICAN तथा ASB द्वारा जारी गरेको वैकल्पिक व्यवस्था (Carve Out) अपनाएको छ, जस अनुसार कर्जाको प्रभावकारी ब्याजदर (Effective Interest Rate) को गणनामा अग्रिम कर्जा सापटीमा प्राप्त कमिशनको रकम गैरमहत्वपुर्ण (immaterial) भएकोले समावेश गरेको छैन जुन कर्जा स्वीकृती भएको अवधीमा नाफा/नोक्सामा लेखाङ्कन गरिएको छ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
घर निर्माण ऋण	२६,९००,२५०	३२,७१५,३१९
घर जग्गा खरिद ऋण	३८,४३२,५४०	३३,५१६,५२५
सवारी साधन ऋण	१४,२३७,१४७	१३,२७८,८५७
व्यवसायिक ऋण	१३९,००५,६४९	११६,७४४,६११
सरल व्यवसायिक ऋण	२२,८८४,७७९	२३,०६२,३०२
परीयोजना ऋण	-	-
कुखुरापालन ऋण	२,९४८,५६१	४,८१३,०१९
पशुपालन ऋण	४,७२५,२८३	५,१६३,३८१
लघुउद्यम ऋण	-	-
उत्पादनमुलक ऋण	२,९७४,५८२	७५८,०९०
वैदेशिक रोजगार ऋण	१५,९२४,८०५	१५,६८४,०२७
उच्च शिक्षा ऋण	२४,८९९,२३३	११,४६०,४४०
घरायसी ऋण	२३८,९०१,१२४	२३१,६५८,९५०
बचत धितो ऋण	३,८१४,१९८	३,६४१,४६४
आवधिक बचत ऋण	८३०,३८०	२,२३५,४४९
जम्मा	**५३६,४७८,५३२**	**४९४,७३२,४३३**
घटाउः ऋण नोक्सानी व्यवस्था (३.३.२)	(३७,१९६,६२८)	(३७,३७३,७६२)
जम्मा सदस्यहरुलाई प्रदान गरिएको ऋण	**४९९,२८१,९०४**	**४५७,३५८,६७१**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.३.२: ऋण नोक्सानी व्यवस्था

ICAN तथा ASB द्वारा जारी गरेको Carve out ले गरेको बैकल्पिक व्यवस्था बमोजिम, संस्थाले विद्यमान सहकारी विभागको निर्देशिका बमोजिम लेखांकन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था वा "Incurred Loss Model" बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था मध्ये जुन बढी हुन्छ सो लाई कर्जा नोक्सानी व्यवस्थाको रुपमा लेखाङ्कन गर्नुपर्छ ।

संस्थाले विद्यमान राष्ट्रिय सहकारी नियमन प्रधिकरण द्वारा जारी मापदण्ड २०८२ बमोजिम लेखांकन गर्नुपर्ने ऋण नोक्सानी व्यवस्था निम्न बमोजिम रहेको छ :

विवरण	कर्जा	कर्जा नोक्सानी व्यबस्था %	कर्जा नोक्सानी व्यबस्था
असल ऋण -३ महिना सम्म भाका नाघेको	५०४,८८१,२९२	१%	५,०४८,८१३
शंकास्पद ऋण -३ महिना - ६ महिना भाका नाघेको	५,८०५,०२९	२५%	१,४५१,२५७
शंकास्पद ऋण -६ महिना - १२ महिना भाका नाघेको	२,६५६,४१८	५०%	१,३२८,२०९
खराब ऋण -१२ महिना भन्दा बढी भाका नाघेको	२९,३६८,३४८	१००%	२९,३६८,३४८
ऋण नोक्सानी व्यवस्था			**३७,१९६,६२८**

सबै आ.व. मा विद्यमान मापदण्ड बमोजिम आएको कर्जा नोक्सानी व्यवस्था बढी भएकोले कर्जा नोक्सानी व्यवस्था त्यस अनुरुप गरिएको छ ।

त्यस्तै, संस्थाले सहकारी निर्देशिका बमोजिम ऋण नोक्सानी व्यवस्थाको लेखाङ्कन गरी ऋण नोक्सानी व्यवस्था देहाय बमोजिम रहेको छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
वर्षको शुरुको मौज्दात	३७,३७३,७६२	२७,१६०,३३४
यस वर्षको नोक्सानी व्यवस्था/(फिर्ता)	(१७७,१३४)	१०,२९३,४२८
गैर बैकिङ्ग सम्पत्ति व्यवस्था	२,६५६,४२५	-
समस्याग्रस्त सम्पत्ति व्यवस्था	३००,०००	-
अपलेखन	-	-
जम्मा ऋण नोक्सानी व्यवस्था	**४०,१५३,०५२**	**३७,३७३,७६२**

टिप्पणी ३.३.३: कर्मचारीलाई प्रदान गरिएको ऋण

संस्थाले आफ्नो कर्मचारीलाई नियमावली अनुसार विभिन्न ऋण सुविधा उपलब्ध गराउदै आएको छ । यी ऋणको ब्याजदर बजार दरको तुलनामा सहूलियतमा उपलब्ध गराइन्छ । यी ऋणहरु प्रारम्भिक रुपमा Contractual Cash Flow लाई १२ प्रतिशत को दरले डिस्काउन्ट गरी परिशोधीत मूल्य (Amortized Cost) मापन गरिएको छ । वितरण गरिएको कुल रकम र परिशोधीत मूल्य (Amortized Cost) बीचको भिन्नतालाई अग्रिम खर्च (सम्पत्ति) को रुपमा रेकर्ड गरिन्छ र रेकर्ड गरिएको अग्रिम (सम्पत्ति) खर्चलाई ऋण लगानी अवधिभर परिशोधन गरी नाफा नोक्सान विवरणमा समावेश गरिएको छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
कर्मचारी कर्जा	५,५०५,७०९	५,०३८,९३७
कर्मचारी कर्जासँग सम्बन्धित स्थगन खर्च	७२६,८४७	६६५,२२५
जम्मा कर्मचारीलाई प्रदान गरिएको ऋण	**६,२३२,५५६**	**५,७०४,१६२**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.४: आयकर

आयकरमा चालू र स्थगत कर खर्चलाई समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्न नगरिएको हदसम्म चालू कर र स्थगन करलाई नाफा वा नोक्सानमा लेखांकन गरिएको छ ।

क) चालू कर

चालु कर उक्त वर्षको करयोग्य आम्दानी वा नोक्सानमा अघिल्लो वर्षको कर तिर्नुपर्ने दरमा भएको कुनै समायोजन र रिपोर्टिंड मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको करका दरहरु प्रयोग गरी अनुमान गरिएको तिर्न योग्य वा पुर्न प्राप्ती योग्य कर रहेको छ ।

ख) स्थगन कर

स्थगन कर वित्तीय रिपोर्टिङ्ग उद्देश्यको लागि सम्पत्ति र दायित्वहरूको किताबी रकम र कर प्रयोजनका लागि प्रयोग गरिएको रकम बीचको अस्थायी भिन्नताको आधारमा लेखांकन गरिएको छ । स्थगन आयकर संस्थामा लागू हुने कर दरको प्रयोग गरी निर्धारण गरिएको छ जुन सम्बन्धित स्थगन आयकर सम्पत्ति साकार भएपछि वा स्थगन आयकर दायित्व चूक्ता हुँदा रिपोर्टिङ्ग मितिमा लागू हुने अपेक्षा गरिएको हुन्छ ।

यस संस्थालाई लागू हुने आयकर दर १५% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ ।

टिप्पणी ३.४.१: आयकर सम्पत्ति (खुद)

आयकर सम्पत्ति र आयकर दायित्वलाइ खुद समायोजन (Net Off) गरी प्रस्तुत गरिएको छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
गत वर्षको आय कर सम्पत्ति	-	२,८८१
यस वर्षको अग्रिम आय कर	१,२९८,३२०	९७४,८९१
अघिलो वर्षको आय कर सम्पत्ति		३३,६२१
जम्मा आयकर सम्पत्ति	**१,२९८,३२०**	**१,०११,३९३**
यस वर्षको आय कर दायित्व	(१,७४३,११०)	(३,४२६,५२६)
अघिलो वर्षको आय कर दायित्व	-	-
जम्मा आयकर दायित्व	**(१,७४३,११०)**	**(३,४२६,५२६)**
खुद आयकर सम्पत्ति (दायित्व)	**(४४४,७९०)**	**(२,४१५,१३३)**

टिप्पणी ३.४.२: स्थगन कर

३२ आषाढ, २०८३ को लागि

विवरण	लेखा आधार	कर आधार	अस्थायी भिन्नता	कैफियत
भवन	४,५३३,३३६	३,९९४,७१३	(५३८,६२३)	दायित्व
लिजहोल्ड सम्पत्ति	३०४,१२४	१०९,४८९	(१९४,६३५)	दायित्व
कार्यालय उपकरण	९८२,६४२	८२३,६२६	(१५९,०१६)	दायित्व
सवारी साधन	२४,४५४	३४,३२८	९,८७४	दायित्व
अन्य सम्पत्ति	४७३,०२८	५७२,८७२	९९,८४५	सम्पत्ति
अदृष्य सम्पत्ति	१२१,४६५	-	(१२१,४६५)	दायित्व
कर्मचारी कर्जा	६,२३२,५५६	६,२३२,५५६	-	दायित्व
ऋण नोक्सानी व्यवस्था	४०,१५३,०५२	२७,१३५,५५४	१३,०१७,४९८	सम्पत्ति
प्रयोग गर्ने अधिकार भएको सम्पत्ति	१,२२७,७६६	-	(१,२२७,७६६)	दायित्व
पाउनु पर्ने व्याज	२,३९७,६३५	-	(२,३९७,६३५)	दायित्व
पट्टा बापतको दायित्व	१,४२४,६८६	-	१,४२४,६८६	सम्पत्ति
अन्य दीर्घकालीन कर्मचारी लाभ	४,१४८,७६७	-	४,१४८,७६७	सम्पत्ति
जम्मा अस्थायी भिन्नता			**१४,०६१,५३१**	
करको दर			१५%	
स्थगन कर सम्पत्ति/(दायित्व)			२,१०९,२३०	
गत आ.व. सम्मको स्थगन कर सम्पत्ति/(दायित्व)			१,७६९,३४७	
यस आ.व.को स्थगन कर आम्दानी/(खर्च)			३३९,८८३	
स्थगन कर आम्दानी/(खर्च) नाफा नोक्सानमा सारेको			३३९,८८३	
स्थगन कर आम्दानी/(खर्च) अन्य विस्तृत आम्दानीमा सारेको			-	

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.५: लगानी उपकरण

संस्थाले व्यापारिक प्रयोजनका लागि नभई दीर्घकालीन रणनीतिक लगानीका रूपमा तपसिल बमोजिमका शेयरमा लगानी गरेको छ। Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएको शेयर लगानीलाई उचित मूल्यमा मापन गरिएको छ। लगानी उपकरणको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
नेपाल बचत तथा ऋण केन्द्रीय स. सं. लि.	५,०००,०००	५,०००,०००
बचत तथा ऋण स.सं. लि. सुनसरी	१००,०००	१००,०००
नेपाल राष्ट्रिय सहकारी बैंक लि. काठमाडौ	१०,०१०,०००	१०,०१०,०००
सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लि.	१,०००,०००	१,०००,०००
प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.	१००,०००	१००,०००
जिल्ला सहकारी सं. लि. सुनसरी	२५,०००	२५,०००
जम्मा लगानी उपकरण	**१६,२३५,०००**	**१६,२३५,०००**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.५.१: लगानी (शेयर) अन्य आयको बिस्तृत विवरण संग सम्बन्धित

सि.नं.	विवरण	मिति २०८१।०४।०१ को उचित मुल्यमा	मिति २०८२।०३।३२ को			आर्थिक वर्ष २०८१।८२ शेयरमा लगानी	नाफा(नोक्सानी) २०८१।८२
			शेयर संख्या	दर	उचित मुल्य		
	सुचीकृत नभएका इक्विटीमा लगानी						
१	नेपाल बचत तथा ऋण केन्द्रीय स. सं. लि.	५,०००,०००	५०,०००	१००	५,०००,०००	-	-
२	बचत तथा ऋण स.सं. लि. सुनसरी	१००,०००	१,०००	१००	१००,०००	-	-
३	नेपाल राष्ट्रिय सहकारी बैंक लि. काठमाडौ	१०,०१०,०००	१००,१००	१००	१०,०१०,०००	-	-
४	सगरमाथा डेरी विशिष्टिकृत सहकारी संघ लि.	१,०००,०००	१०,०००	१००	१,०००,०००	-	-
५	प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.	१००,०००	१,०००	१००	१००,०००	-	-
६	जिल्ला सहकारी सं. लि. सुनसरी	२५,०००	२५०	१००	२५,०००	-	-
	जम्मा लगानी	**१६,२३५,०००**	**१६२,३५०**		**१६,२३५,०००**	**-**	**-**

www.mahilasaccos.coop.np
email:info@mahilasaccos.coop.np

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.६: लगानी सम्पत्ति (गैर बैंकिङ्ग सम्पत्ति)

संस्थाले सामान्यतया घर वा जग्गा धितो राखेर ऋण प्रदान गर्दछ । लगानी गरिएका ऋणहरु असूली गर्न नसक्दा धितो बापत राखिएका घर वा भवन लिलामी मार्फत बिक्री गर्न सकिन्छ । ती सम्पत्तिहरु लिलामी मार्फत बिक्री हुन नसकेको अवस्थामा प्रचलित कानून बमोजिम संस्था आफैले सकार्ने गर्दछ । ती सम्पत्तिहरु संस्था आफैले प्रयोग नगरी सामान्यता पूंजीगत वृद्धि र भाडा आर्जनका लागि राखिन्छ र त्यसलाई लगानी सम्पत्तिका रुपमा वर्गीकरण गरिन्छ ।

मापन

लगानी सम्पत्तिलाई लागत मोडलमा मापन गरिन्छ । सो अनुसार सम्पत्तिको लेखाङ्कन पश्चात् सम्पत्तिमा हानि नोक्सानी घटाई लागत मूल्यमा प्रस्तुत गरिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भएको कारणले त्यो सम्पत्तिलाई सम्पत्तिमा लगानी भनी पुनः वर्गीकरण गरिन्छ भने त्यस सम्पत्तिको पुनः वर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

लगानी सम्पत्तिको अपलेखाङ्कन (De-recognition)

लगानी सम्पत्तिहरु यदि दीर्घकालीन रुपमा प्रयोगबाट हटाइएको वा बिक्री गरिएको र भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा नरहेमा ती सम्पत्तिमा लगानीहरुलाई अपलेखाङ्कन गरिन्छ । प्रयोगमा परिवर्तन आएको खण्डमा मात्र लगानी सम्पत्तिमा/बाट कुनै सम्पत्तिलाई सारिन्छ । यदि कुनै सम्पत्तिको प्रयोगमा परिवर्तन भई त्यस सम्पत्तिलाई सम्पत्ति र उपकरणको रुपमा वर्गीकरण गरिएमा त्यस सम्पत्तिको पुनः वर्गीकरण गरिएको दिनको उचित मूल्यलाई त्यस सम्पत्तिको लागत मूल्य मानि लेखाङ्कन गरिन्छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
सुरुको मौज्दात	१४,८७७,२५९	५,३७९,९१६
आ.व.मा थप	-	९,४९७,३४३
परल मुल्यमा आएको खुद परिवर्तन	-	-
बिक्री रकम	९,७००,०००	-
बिक्री बाट खुद लाभ	१३५,५९०	-
जम्मा लगानी सम्पत्ति	**५,३१२,८४९**	**१४,८७७,२५९**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.७ जायजेथा, प्लाण्ट तथा उपकरण

पहिचान

संस्थालाई जायजेथा, प्लाण्ट तथा उपकरणको उपयोगबाट भविष्यमा आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो जायजेथा, प्लाण्ट तथा उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता जायजेथा, प्लाण्ट तथा उपकरणको पहिचान गर्ने गरिन्छ ।

मापन

पहिचान भएका जायजेथा, प्लाण्ट तथा उपकरणको लागतलाई मापन गरी लेखाङ्कन गरिन्छ । लागत मापन गर्दा सो जायजेथा, प्लाण्ट तथा उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाङ्कन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

लागत मोडल (Cost Model)

जायजेथा, प्लाण्ट तथा उपकरणहरुलाई लागत (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार जायजेथा, प्लाण्ट तथा उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

ह्रासकट्टी

संस्थाले जायजेथा, प्लाण्ट तथा उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आ.व.२०८१/८२ बाट नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरण तयार गर्दा यस अघि लागू गर्दै आएको घट्दो मौज्दात ह्रासकट्टी विधि (Written Down Value Method) लाई निरन्तरता दिएको छ । संस्थाका अनुमानमा निम्न ह्रास दरले जायजेथा, प्लाण्ट तथा उपकरण बाट प्राप्त हुने उपयोगी जीवन र अपेक्षित आर्थिक लाभको ढाँचालाई प्रतिनिधित्व गर्दछ :

समूह	ह्रास दर
भवन	५%
कार्यालय उपकरण, फर्निचर र कम्प्युटर	२५%
सवारी साधन	२०%
लिजहोल्ड सम्पत्ति	२०%
अन्य सम्पत्ति	२५%

अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

अपलेखाङ्कन (De-recognition)

जब सम्पत्ति, प्लान्ट र उपकरणको बिक्री गरिन्छ वा त्यस सम्पत्तिबाट भविष्यमा कुनै आर्थिक लाभको अपेक्षा रहदैन तत्पश्चात् त्यस सम्पत्तिको किताबी मूल्यलाई अपलेखाङ्कन गरिन्छ । बिक्रीबाट सिर्जना भएको नाफा वा नोक्सानलाई बिक्री भएको आर्थिक वर्षको नाफा नोक्सान विवरणमा देखाइन्छ ।

जग्गाको थप विवरण

खरीद मिति	कित्ता नं.	क्षेत्रफल	खरीद रकम	खरीद उद्देश्य
१२.१९.२०५९	१०१६	०-०-१०.५०	३०५,८९५	कार्यलय भवन
०१.१६.२०७०	८५४	०-०-३	३०१,१५५	
१०.१७.२०७८	४९८५	०-१-३-२	४,६६८,०४०	बुढिगंगा बचत तथा ऋण सहकारी संस्था लाई गाभ्ने क्रममा आएको सम्पत्ति
०४.१८.२०७७	३८८४	०-१०-०-०	२५,९३९,१००	भवन हल निर्माण गरी सेमिनार, प्रशिक्षण कार्यक्रम गर्न
जम्मा			**३१,२१४,१९०**	

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

जग्गा, भवन तथा उपकरणको विवरणहरु निम्न रहेको छ :

विवरण	जग्गा	भवन	प्रयोग गर्ने अधिकार भएको सम्पत्ति	लिजहोल्ड सम्पत्ति	कार्यालय उपकरण	सवारी साधन	अन्य सम्पत्ति	जम्मा
साउन १, २०८१ को कुल किताबी मूल्य	३१,२१४,१९०	६,६४४,२६८	२,१२६,९४३.७३	१,१७२,५०८	४,६८१,५०१	१४७,५९२	१,४२३,३९२	४७,२०९,३९६
समायोजन	-	-	-		-	-	-	-
साउन १, २०८१ को पुनर्स्थापित मूल्य	३१,२१४,१९०	६,६४४,२६८	२,१२६,९४४	१,१७२,५०८	४,६८१,५०१	१४७,५९२	१,४२३,३९२	४७,२०९,३९६
आ.व.मा थप	-	-	-	-	१२१,१५७	-	६४,५६४	१८५,७२१
आ.व.मा बिक्री/अपलेखन	-	-	-	-	-	-	-	-
परल मूल्यमा लाभ/घाटा	-	-	-	-	-	-	-	-
असार ३१, २०८२ को कूल किताबी मूल्य	३१,२१४,१९०	६,६४४,२६८	२,१२६,९४४	१,१७२,५०८	४,८०२,६४८	१४७,५९२	१,४८६,९५६	४७,५१५,१९७
आ.व.मा थप	-	-	९३०,५०५	-	३४१,५०१	-	९१,३५४	१,३६३,३५९
आ.व.मा बिक्री/अपलेखन	-	-	१४६,५९७	-	-	-	-	१४६,५९७
परल मूल्यमा लाभ/घाटा	-	-	(२२,३४६)	-	-	-	-	(२२,३४६)
असार ३१, २०८३ को कूल किताबी मूल्य	३१,२१४,१९०	६,६४४,२६८	२,९३३,९१८	१,१७२,५०८	५,१४४,१४९	१४७,५९२	१,५७८,३१०	४८,८३४,२२६
सञ्चित ह्रासकट्टी र क्षयीकरण					-	-	-	-
साउन १, २०८१ को ह्रासकट्टी र क्षयीकरण NFRS अपनाउदा भएको समायोजन	-	१,६२१,१८२	६००,९०१	६९७,३१४	३,४४७,२१२	१०८,७८१	८८०,५८०	७,३४५,९७१
साउन १, २०८१ को पुनर्स्थापित ह्रासकट्टी र क्षयीकरण	-	१,६२१,१८२	६००,९०१	६९७,३१४	३,४४७,२१२	१०८,७८१	८८०,५८०	७,३४५,९७१
आ.व को ह्रासकट्टी	-	२४१,१५४	५४७,४९०	९५,०३९	३५३,५३१	८,२४३	१२२,५४०	१,३७७,९१७
आ.व को क्षयीकरण	-	-	-	-	-	-	-	-
आ.व. मा बिक्री/अपलेखनको ह्रासकट्टी	-	-	-	-	-	-	-	-
असार ३२, २०८२ को कूल सञ्चित ह्रासकट्टी र क्षयीकरण	-	१,८७२,३३६	१,१४८,३९१	७९२,३५३	३,८००,७४३	११७,०२४	१,००३,१२०	८,७३३,९६७
आ.व को ह्रासकट्टी	-	२३८,५९७	५५७,०४२	७८,०३१	३६०,७७५	६,११४	१०२,१६२	१,३४०,७१९
आ.व. मा बिक्री/अपलेखनको ह्रासकट्टी	-	-	-	-	-	-	-	-
आ.व को क्षयीकरण	-	-		-	-	-	-	-
असार ३२, २०८३ को कूल सञ्चित ह्रासकट्टी र क्षयीकरण	-	२,१९०,९३३	१,७०५,४३३	८६८,३८४	४,१६१,५१७	१२३,१३८	१,१०५,२८२	१०,०७४,६८७
निर्माणाधिन भवन	-	-		-	-	-	-	-
खुद किताबी मूल्य								
साउन १, २०८१ को कूल किताबी मूल्य	३१,२१४,१९०	५,०२३,०८७	१,५२६,०४२	४७५,१९४	१,२३४,२८९	३८,८१९	५४१,८१२	४०,०५३,४२५
असार ३२, २०८२ को खुद किताबी मूल्य	३१,२१४,१९०	४,७७१,१३२	९७८,५५३	३८०,१५५	१,००१,९१६	३०,५६८	४८३,८३६	३८,८६१,५४०
असार ३१, २०८३ को खुद किताबी मूल्य	३१,२१४,१९०	४,५३३,३३६	१,२१७,७६६	३०४,१२४	९८२,६४२	२४,५४४	४७३,०२८	३८,७५९,५३९

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ अषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.८: ख्याति तथा अदृष्य सम्पत्ति
ख्याती

व्यापार एकीकरणमा अधिग्रहण योग्य खुद सम्पत्तिको उचित मूल्य खरिद मूल्य भन्दा अधिक भएमा अधिक भएको रकमलाई ख्यातीको रुपमा लेखाङ्न गरिन्छ । प्रारम्भिक लेखांकन पछि, ख्याीत कुनै सञ्चिति क्षति नोक्सानलाई घटाई मापन गरिन्छ । ख्यीतको क्षतिको वार्षिक रुपमा समीक्षा गरिन्छ र यदि घटना वा परिस्थितिमा आएको परिवर्तनले भारित मूल्यमा क्षति पुगेको संकेत भएमा त्यो भन्दा कम समयमा पनि समीक्षा गरिन्छ । हालसम्म संस्थाको ख्याती अर्न्तगतको रकम वित्तीय विवरणमा समावेश गरिएको छैन ।

अधिग्रहण गरिएको अमूर्त सम्पत्ति

अमूर्त सम्पत्ति प्रारम्भिक रुपमा उचित मुल्यमा मापन गरिन्छ र अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित मूल्यमा मापन गरिन्छ ।

कम्प्युटर सफ्टवेयर

खरिद गरिएको कम्प्युटर सफ्टवेयर लाइसेन्सहरुको खरीद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूंजीकृत गरिएको छ । सफ्टवेयरको विकाससँग सम्बन्धित लागतहरू पूंजीकृत गरिएको छ जसले भविष्यमा लागतको अधिकतम सम्भावित आर्थिक लाभहरू उत्पन्न गर्ने गर्दछ । कम्प्युटर सफ्टवेयर लागत अपेक्षित उपयोगी जीवनको आधारमा परिशोधित गरिएको छ । सफ्टवेयर उपयोग योग्य गर्न लागेको सम्बन्धित लागतहरू खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ । सफ्टवेयर प्रयोगको लागि उपलब्ध भएको मितिदेखि यसको अनुमानित उपयोगी जीवनमा समदर ह्रासकट्टी विधि (Straight Line Method) नाफा वा नोक्सानमा परिशोधित गरिदै आएको छ । लेखाको नीतिमा परिवर्तन गर्नुपूर्व देखि नै समदर ह्रासकट्टी विधि (Straight Line Method) अवलम्बन गरी ह्रासकट्टी गर्ने गरिएको थियो । हालको र तुलनात्मक अवधिको लागी सफ्टवेयरको उपयोगी जीवन पाँच वर्ष अनुमान गरिएको छ । परिशोधन विधिहरू, उपयोगी जीवनहरू र अवशिष्ट मानहरू प्रत्येक प्रतिवेदन अवधिमा समीक्षा गरिन्छ र उपयुक्त छ भने समायोजित गर्दै लगिने छ ।

अदृष्य सम्पत्तिको विवरणहरु निम्न रहेको छ :

विवरण	कम्प्युटर सफ्टवेयर	जम्मा
साउन १, २०८१ को कूल किताबी मूल्य	५०४,१७१	५०४,१७१
NFRS अपनाउदा भएको समायोजन	-	-
साउन १, २०८१ को पुनस्थापित मूल्य	५०४,१७१	५०४,१७१
आ.व.मा थप	-	-
आ.व.मा विक्री/अपलेखन	-	-
असार ३२, २०८२ को कूल किताबी मूल्य	५०४,१७१	५०४,१७१
आ.व.मा थप	-	-
आ.व.मा विक्री/अपलेखन	-	-
असार ३२, २०८३ को कूल किताबी मूल्य	५०४,१७१	५०४,१७१
सञ्चित ह्रासकट्टी र क्षयीकरण		
साउन १, २०८१ को ह्रासकट्टी र क्षयीकरण	२७६,४२४	२७६,४२४
आ.व को ह्रासकट्टी	७५,९१५	७५,९१५
आ.व को क्षयीकरण	-	-
आ.व. मा विक्री/अपलेखनको ह्रासकट्टी	-	-
असार ३२, २०८२ को कूल सञ्चित ह्रासकट्टी र क्षयिकरण	३५२,३४०	३५२,३४०
आ.व को ह्रासकट्टी	३०,३६६	३०,३६६
आ.व को क्षयीकरण	-	-
असार ३२, २०८३ को कूल सञ्चित ह्रासकट्टी र क्षयिकरण	३८२,७०६	३८२,७०६
खुद किताबी मूल्य		
साउन १, २०८१ को खुद किताबी मूल्य	२२७,७४७	२२७,७४७
असार ३२, २०८२ को खुद किताबी मूल्य	१५१,८३१	१५१,८३१
असार ३२, २०८३ को खुद किताबी मूल्य	१२१,४६५	१२१,४६५

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.९: अन्य सम्पत्ति

अन्य सम्पत्तिलाई चालु र गैर चालु अन्तर्गत वर्गीकरण गरिएको छ। अन्य सम्पत्तिको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
गैह्र चालु		
अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी (३.९.१)	११४,६९९	११३,१९९
चालु		
अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी (३.९.१)	१,७८१,२५०	१,६०६,२१६
पाउनुपर्ने कमिसन	-	-
ऋणमा पाउनु पर्ने बांकी ब्याज	२,३९७,६३५	३,४४३,५२०
मालशेष (मसलन्द मौज्दात) (३.९.२)	४४५,२२९	३६४,४१३
जम्मा अन्य सम्पत्ति	**४,७३८,८१३**	**५,५२७,३४७**

टिप्पणी ३.९.१: अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी

अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी सारभूत (Material) नभएकाले परिशोधित लागत (Amortized Cost) र वहन लागत (Carrying Cost) बीचको अन्तर पनि सारभूत नहुने हुँदा यि रकमहरू परिशोधन नगरी वहन लागतमा राखिएको छ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
गैह्र चालु		
नेपाल खानेपानी संस्था	१,५००	१,५००
ए.टि.एम. कार्ड धरौटी	१००,०००	१००,०००
दुरसंचार टेलिफोन धरौटी	५,९४९	५,९४९
अन्य धरौटी	७,२५०	५,७५०
जम्मा गैह्र चालु अग्रीम भुक्तानी रकम, पेश्की र धरौटी	**११४,६९९**	**११३,१९९**
चालु		
सिटि एक्सप्रेस अग्रिम भुक्तानी	२००,२७७	२०२,१३६
आई.एम.ई. अग्रिम भुक्तानी	६१८,४७९	४७०,०४९
आई. एम. ई. पे	२१,२६९	२४,०८९
प्रभु रेमिट लि. अग्रिम भुक्तानी	३००,०००	३००,०००
हिमाल रेमिट लि. अग्रिम भुक्तानी	९९,३४६	१००,०४७
इ-सेवा	३८१,०२१	३३,९२६
महिला स्मार्ट एप	२२६,८४७	२३३,७६४
ईन्फो डेभलपर्स (एस.एम.एस.)	४,२६८	६,१२७
अग्रिम भुक्तानी	४२,८७८	११६,८२९
अग्रिम खर्च भुक्तानी	६१,३०६	६८,६७९
कमिसन	२८	५५९
खल्ती वालेट	१२५,५३२	५०,०११
अन्य पाउनुपर्ने	-	-
वित्तीय सम्पत्ति क्षयीकरण व्यवस्था	(३००,०००)	-
जम्मा चालु अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी	**१,७८१,२५०**	**१,६०६,२१६**
जम्मा अग्रिम भुक्तानी रकम, पेश्की र धरौटी	**१,८९५,९४९**	**१,७१९,४१५**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.९.२: मालशेष (मसलन्द मौज्दात)

सेवाहरू प्रदान गर्नमा खपत हुने सामग्रीहरु मालशेष अन्तर्गत वर्गीकरण गरिएका छन् । मालशेषहरू लागत वा Net Realizable मूल्य मध्य जुन कम हुन्छ त्यसमा मापन गरिएको छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
स्टेशनरी सामान	४४५,२२९	३६४,४१३
जम्मा मालशेष (मसलन्द मौज्दात)	**४४५,२२९**	**३६४,४१३**

टिप्पणी ३.१०: अन्य भुक्तानी गर्नुपर्ने रकम

अन्य भुक्तानी गर्नुपर्ने रकमहरुको प्रारम्भिक मापन रकम तिनको कारोबार मूल्य र सबै सम्बन्धित शूल्कहरू सहित मापन गरिन्छ । पछि, यि रकमहरूलाई प्रभावकारी ब्याज विधि (Effective Interest Method) प्रयोग गरेर परिशोधित लागत (Amortized Cost) मा लेखाङ्कन गरिन्छ । यी भुक्तानी योग्य रकमहरू सामान्यतया अल्पकालीन हुन्छन् र संस्थाले ब्याज बेहोर्नु पर्दैन । संस्थाको अन्य भुक्तानी गर्नुपर्ने रकमहरुको प्रारम्भिक मापन रकम र परिशोधित लागत बराबर रहेको छ । अन्य भुक्तानी गर्नुपर्ने रकमको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
ब्याज कर	३६३,४०२	३९३,६११
लाभांश कर	-	-
लेखापरीक्षण (आन्तरिक तथा बाह्य)	३,९०९	३,७९१
कमिसन कर	४७	८५
पार्टिको (१.५ / १५ प्रतिशत कर)	१६,१०३	१२,७२२
सामाजिक सुरक्षा कर	३,९५२	३,६३१
तलबमा कर	१४,३४७	५३,६३१
बैठक भत्ता कर	१०,४२४	९,७२६
लेखापरीक्षण शुल्क	२९०,५९१	२८१,८०९
ईसेवा वालेट वापत भुक्तानी बाँकी	३०५,४६३	२,०००
एस सि टि (दयित्व)	६६०,९९०	१५
अन्य दायित्व	७४,७२१	७६,२२१
अन्य दायित्व (विभिन्न पार्टीहरु)	७१०,३१०	८०७,५८९
भुक्तानी गर्न बाँकी ब्याज	१२९,७२०	१४८,६३८
भुक्तानी गर्न बाँकी लाभांश	४२,७८८	३८,९९०
कर्मचारी बोनस व्यवस्था	९१०,८५१	८५०,४७४
जम्मा अन्य भुक्तानी गर्नुपर्ने रकम	**३,५३७,६१६**	**२,६८२,९३३**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.११: निक्षेप दायित्व

संस्थाले आफ्ना ग्राहकहरुबाट दैनिक/मासिक वा ग्राहकको स्वइच्छा बमोजिम निक्षेप/बचत स्वीकार गर्दै आएको छ । यी वित्तीय कारोबारहरु संस्थाको दायित्वको रुपमा लेखाङ्कन गरिएको छ र संस्थाका ग्राहकहरुको माग बमोजिम फिर्ता गर्नुपर्ने हुन्छ । निक्षेप हिसाबको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
नियमित बचत	१६७,६५०,१७९	१४६,७४५,३०३
लघुवित्त बचत	४५२,०३६	४२९,८९७
सञ्चयकोष बचत	१,७५८,२७९	२,७४२,७६२
२० वर्षे पेन्सन बचत	७,०४७,८१७	६,२०६,३७९
१२ वर्षे पेन्सन बचत	३२,१३०,७४४	३३,०२४,१७३
ऐच्छिक साधारण बचत	१९२,१८५,५४७	१७२,४९७,६१०
गहना बचत	४६३,१२७	५६९,६७७
खुत्रुके बचत	१९,७३३,८०८	१७,७९१,३०२
पर्व बचत	४९४,९७६	५४४,५७७
साह्रो गाह्रो बचत	१५,१८५	५४,३९४
स्कुटी बचत	१५०,८०२	४५६,७०४
सुत्केरी बचत	७२,०४५	४३,८५६
युवा बचत	१,८७४,९५४	४,३८४,३०७
जेष्ठ नागरिक बचत	१४,६६२,०८०	१६,२३०,६१२
ऋण सुरक्षण बचत	३,६६९,२०७	३,६७२,३१०
रेमिटेन्स बचत	६१३,८८६	२,१११,३५३
सम्बृद्ध बचत	१८,०४३,००२	१७,१५८,४७२
दोव्वर भुक्तानी बचत	१,०३०,३५१	१,३९३,४९३
१८० दिने आवधिक बचत		-
१ वर्षे आवधिक बचत	१४,१०६,०००	१८,६४०,५००
२ वर्षे आवधिक बचत	३९७,०००	५७७,०००
३ बर्षे आवधिक बचत	४,८३०,०००	९,३७०,०००
नियमित ऋण बचत	२,२१५,०१५	२,८६४,३५३
अवकाश बचत	११,४७३	१,२३७,३५२
बाल बचत	४८,६९०,२४५	४२,५१८,५४८
६ महिने दैनिक बचत	९,९४३,७६७	८,८१०,२३८
१२ महिने दैनिक बचत	१३,९३९,७४९	१२,६३०,८२०
दैनिक बचत (ऐच्छिक)	५,०३९,८८७	४,४७८,३४५
शिक्षा बचत	३,२६८,९७७	३,१९३,२७६
भ्रमण बचत	३४,६७८	१८,८७०
बिमा बचत	९,१२५	१३,०३५
१ बर्षे आर.डि बचत	२२,३८७	४६७,७००
२ वर्ष आर.डि बचत	-	११६,०००
३ बर्षे आर.डि बचत	६४७,०००	७९४,०००
जम्मा निक्षेप दायित्व	**५६५,२०३,३३०**	**५३५,८८७,२१९**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.१२: व्यवस्था
व्यवस्थाहरुको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
अन्य दीर्घकालिन कर्मचारी लाभ (३.१२.१)	४,१४८,७६७	३,६९९,०३३
कर्मचारीको लागि परिभाषित लाभ योजना (३.१२.२)	-	-
गैर बैकिङ्ग सम्पत्ति व्यवस्था	२,६५६,४२५	-
जम्मा व्यवस्था	**६,८०५,१९२**	**३,६९९,०३३**

टिप्पणी ३.१२.१: अन्य दिर्घकालिन कर्मचारी लाभ
संस्थाले कर्मचारीहरुलाई दुई थरिको भुक्तानी बिदा योजनाहरू प्रदान गर्दछ ;

क) घर बिदा: कर्मचारीहरुलाई प्रत्येक वर्षमा जम्मा २० दिन घर बिदा प्रदान गरिन्छ । उपयोग नभएको घर बिदालाई बढिमा ६० दिन सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ र ६० दिन भन्दा बढि प्रयोग नगरिएको सञ्चित बिदा बापतको रकमलाई प्रत्येक वर्षको बैशाख महिनामा नगदमा भुक्तानी गरिन्छ ।

ख) बिरामी बिदा: कर्मचारीहरुलाई प्रत्येक वर्षमा जम्मा १२ दिन बिरामी बिदा प्रदान गरिन्छ । उपयोग नभएको सञ्चित बिरामी बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ र प्रयोग नगरिएको सञ्चित बिदालाई रोजगारी पूरा हुने बखत भुक्तानी गरिन्छ ।

NAS 19 "Employee Benefits" को प्रावधान बमोजिम भुक्तान बिदा योजनाहरू बापतको दायित्वको गणना गर्दा Actuarial Valuation गर्नु पर्ने हुन्छ । कर्मचारी संचित बिदा दायित्वको Actuarial Valuation मूल्यांकनको लागत, संस्थाले सो मूल्यांकनबाट प्राप्त गर्ने लाभ भन्दा बढ़ी रहेको व्यवस्थापनको अनुमान छ जसका कारण व्यवस्थापनले बक्यौता रहेको संचित बिरामी र घर बिदालाई आ.व. को अन्तिम तलब स्केलमा मापन गरि संचित बिदाको व्यवस्था गरेको छ ।
यसरी गरिएको संचित बिदा व्यवस्था Actuarial Valuation मुल्यांकनबाट हुन आउने व्यवस्था समान रहने व्यवस्थापनले आंकलन गरेको छ ।

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
शुरु मौज्दात	३,६९९,०३३	३,३६१,५०४
यस आ.व मा थप व्यवस्था	७८३,१२२	८२४,१११
यस आ.व मा व्यवस्थाबाट खर्च गरिएको	(३३३,३८७)	(४८६,५८३)
जम्मा अन्य दीर्घकालीन कर्मचारी लाभ	**४,१४८,७६७**	**३,६९९,०३३**

टिप्पणी ३.१२.२: परिभाषित लाभ योजना

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान गरेर छुट्टै गणना गरिएको छ जुन वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा आर्जन गरेका हुन्छन् । त्यो लाभ यसको वर्तमान मूल्य निर्धारण गर्न डिस्काउन्ट गरिन्छ र विगत सेवा लागतहरू तथा योजना सम्पत्तिहरूको उचित मूल्य दायित्वमा घटाइन्छ । संस्थाले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगित करको सबै बिमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्दछ ।

चालु तथा तुलनात्मक आर्थिक वर्षहरूको अन्त्यसम्म संस्थामा कुनै पनि परिभाषित लाभ योजना खर्च छैन ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु
टिप्पणी ३.१३: पट्टा बापतको दायित्व

संस्थाले चालू आर्थिक वर्षमा नेपाल लेखामान बोर्ड (Accounting Standards Board–ASB) ले जारी गरेअनुसार नेपाल वित्तीय प्रतिवेदनमान (NFRS 16– Lease) पट्टामा भएको व्यवस्था पालन गरेको छ। संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाङ्कन NFRS 16– Lease को प्रावधान बमोजिम गरेको छ। NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ। NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने Right to Use (ROU) सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाङ्कन गर्ने गरेको छ।

पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदरको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ। संस्थाले पट्टा दरको वृद्धिशील उधार दर ८ प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

ROU सम्पत्ति
ROU सम्पत्तिलाई शुरुमा लागतमा लेखांकन गरिन्छ। यस सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्।
• ROU सम्पत्ति = प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनः स्थापना गर्न लाग्ने अनुमानित लागत + अग्रीम पट्टा भुक्तानी - प्राप्त पट्टा प्रोत्साहन

ROU सम्पत्ति
प्रारम्भिक मिति पश्चात्त, ROU सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनः मूल्यांकन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ। लागत मोडलमा मापन गरिएको ROU सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी पट्टा दायित्वको पुनः मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ। संस्थाले लागत मोडलमा मापन गरिएको ROU सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाङ्कन गर्ने गरिएको छ।

पट्टा दायित्व
पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाङ्कन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसाबले मापन गरिन्छ :
• पट्टा दायित्वमा प्रतिविम्बित हुने व्याज खर्चले वृद्धि गर्ने,
• पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्बित गर्ने रकमले कम गर्ने र
• कुनै प्रकारको पुनः मूल्यांकन वा पट्टा संशोधन वा संशोधित निश्चित पट्टा भुक्तानीको (Fixed Lease Payment) प्रतिविम्बित गर्ने खालको पुनः निर्धारित रकम

खर्चको पहिचान र मापन
पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ।
• ROU सम्पत्तिको ह्रासकट्टी
• पट्टा दायित्वमा व्याज खर्च
• ROU सम्पत्तिको हानी
• परिर्वतनशिल पट्टा भुक्तानी रकम, जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन।

टिप्पणी ३.१३.१: पट्टा बापतको दायित्व

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
शुरुवाती पट्टा दायित्व	१,११५,७६५	१,६३९,६७४
दायित्व (कमी)/बढी	७८३,९०८	-
व्याज खर्च	१८७,९२७	११५,३८१
भुक्तानी रकम	(६६२,९१३)	(६३९,२९०)
अन्तिम पट्टा बापतको दायित्व	१,४२४,६८६	१,११५,७६५
चालु पट्टा बापतको दायित्व	५३४,२५७	६२९,२५९
गैह्र चालु पट्टा बापतको दायित्व	८९०,४२९	४८६,५०५

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.१४: शेयर पूँजी

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने १६ वर्ष उमेर पूरा गरेका नेपाली नागरीकहरु कम्तिमा एक थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संस्थाको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर आदि रहेको छैन । शेयर पूँजीले संस्थाको Residual Interest जनाउदछ । संस्थाको सदस्यहरुले आफ्नो इच्छा अनुसार आफ्नो शेयर फिर्ता लिन सक्दछन् । यद्यपि नेपाल लेखामान ३२ "Financial Instruments" को अनुच्छेद १६A र १६B अनुसार शेयर पूँजी अर्न्तगत प्रस्तुत गरिएको छ । प्रत्येक शेयर रु. १०० का दरले विभाजित गरिएको छ र सम्पूर्ण शेयरहरु एकै किसिमका रहेका छन् । शेयर पूँजीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
चुक्ता पूँजी		
वर्षको शुरुवाती चुक्ता पूँजी	७३,८५८,१००	७४,९३४,०००
यो आर्थिक वर्षमा थप	९,९४८,३००	१०,१८६,२००
यो आर्थिक वर्षमा फिर्ता	(८,६००,३००)	(११,२६२,१००)
जम्मा शेयर पूँजी	**७५,२०६,१००**	**७३,८५८,१००**

टिप्पणी ३.१५: साधारण जगेडा कोष

साधारण जगेडा कोष भन्नाले सहकारी ऐन, २०७४ बमोजिम राख्नुपर्ने वैधानिक जगेडा हो । सहकारी ऐन २०७४ को दफा ६८ अनुसार संस्थाले प्रत्येक वर्षको खुद नाफाको २५ प्रतिशत रकम साधारण जगेडा कोषमा स्थानान्तरण गर्नुपर्ने हुन्छ । तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट नियमनकारी कोष समायोजन पछिको रकमको २५ प्रतिशत साधारण जगेडा कोषमा सार्ने नीति लिएको छ । यसका साथै जायजेथा तथा स्थिर सम्पत्ति बिकीबाट आर्जन भएको नाफा/(नोक्सान), अघिल्लो आ.व.को अन्तमा वितरण हुन बाँकी रहेको जगेडा रकम, अन्य कोषबाट जगेडा कोषमा सारिएको रकम र NFRS मा अवस्थान्तर हुँदाको प्रभावलाई पनि यसै कोषमा समावेश गरिएको हुन्छ । NFRS मा अवस्थान्तर हुँदाको प्रभावमा रहेको रकम स्थगन कर, कर्मचारीलाई प्रदान गरिएको ऋण र भाडा खर्चको लेखाङ्कन पछिल्लो GAAP र NFRS मा भिन्नता रहेको कारणले गर्दा सृजना भएको हो । साधारण जगेडा कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
शुरु मौज्दात	६१,३६०,८०४	५७,१३०,९१८
यस आ.व मा थप	२,१८५,६८४	२,२८६,०६३
अन्य कोष बाट रकमान्तरण गरिएको	१,५५४,३९८	१,९४३,८२३
जम्मा साधारण जगेडा कोष	**६५,१००,८८७**	**६१,३६०,८०४**

टिप्पणी ३.१६: नियमनकारी कोष

संस्थाले NFRS अनुरुप प्रोद्भावी आधार (Accrual Basis) मा लेखाङ्कन प्रणालीको अवलम्बन गरी आर्जन गरेको ब्याज आम्दानीलाई नियमनकारी कोषमा समावेश गरेको छ । सहकारी विभागद्वारा जारी गरिएको **सहकारी संघ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०७८** को दफा ११ बमोजिम संस्थाका सदस्यहरू बीच लाभांश वितरण प्रयोजनको लागि नगद आधार (Cash Basis) मा ब्याज आय लेखाङ्कन गर्नुपर्ने व्यवस्था रहेको कारणले गर्दा उठ्न बाँकी ब्याज रकमलाई, संस्थाको नीति बमोजिम कोषहरुमा बाँडफाँड गरिएको छैन । नियमनकारी कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
शुरु मौज्दात	३,४४३,५१९	५,५१०,२८८
प्रोद्भावी आधारमा ब्याज आम्दानी लेखाङ्कन	(१,०४५,८८४)	(२,०६६,७६८)
जम्मा नियमनकारी कोष	**२,३९७,६३५**	**३,४४३,५१९**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.१७: अन्य कोषहरु

अन्य कोषहरुको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३२ आषाढ, २०८२
संरक्षित पुँजी फिर्ता कोष	१,६३९,२६३	१,७१४,५४७
सहकारी प्रवर्द्धन कोष	३२,७८५	१७२,२२४
शेयर लाभांस कोष	३,१७५,२५३	३,३२१,०७८
सदस्य हित कोष	१२,३४८,१६०	११,३८८,५८५
घाटा पुर्ति कोष	१,५२७,३१८	१,२८३,०६८
सहकारी शिक्षा कोष	२४४,२५०	२५५,४६८
सहकारी विकास कोष	२४४,२५०	२५५,४६८
सामुदायिक विकाश कोष	२४४,२५०	२५५,४६८
स्थिरीकरण कोष	२४४,२५०	२५५,४६८
अन्य जोखिम व्यवस्थापन कोष	२४४,२५०	२५५,४६८
जम्मा	**१९,९४४,०३१**	**१९,१५६,८४०**

संरक्षित पूँजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट नियमनकारी कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको २५ प्रतिशत संरक्षित पूँजी फिर्ता कोषमा सार्ने नीति लिएको छ। संरक्षित पूँजी फिर्ता कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	१,७१४,५४७	१,८७८,६६३
साधरण जगेडा कोषमा रकमान्तर गरिएको	(६११,३१३)	(९०६,१०८)
यस आ.व मा कोषबाट वितरण	(१,१०३,२३५)	(९७२,५५५)
यस आ.व मा थप	१,६३९,२६३	१,७१४,५४७
जम्मा संरक्षित पूँजी फिर्ता कोष	**१,६३९,२६३**	**१,७१४,५४७**

सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान अनुरुप व्यवस्था गरेको छ तर संस्थाले NFRS कार्यन्वयन पश्चात्त खुद मुनाफाबाट नियमनकारी कोष र साधारण जगेडा कोषमा बाँडाफाँड पछिको रकमको ०.५ प्रतिशत सहकारी प्रवर्द्धन कोषमा सार्ने नीति लिएको छ। सहकारी प्रवर्द्धन कोषको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	१७२,२२४	१३७,९३३
यस आ.व मा भुक्तानी	(१७२,२२४)	-
यस आ.व मा थप	३२,७८५	३४,२९१
जम्मा सहकारी प्रवर्द्धन कोष	**३२,७८५**	**१७२,२२४**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

अन्य बाँडाफाँड भएका कोषहरु

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सहकारी विकास कोष, शेयर लाभांश कोष, सहकारी विकास कोष, घाटापूर्ति कोष, सामुदायिक विकास कोष र अन्य जोखिम व्यवस्थापन कोषमा बाँडफाँड गनुपर्ने प्रावधान व्यवस्था गरेको छ । संस्थाले खुद मुनाफाबाट नियमनकारी कोष, साधारण जगेडा कोष, सहकारी प्रवर्द्धन कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड पछिको रकम निम्न उल्लेखित कोषहरुमा बाँडफाँड गर्ने नीति लिएको छ ।

कोष	विनियोजन
शेयर लाभांश कोष	६५%
सदस्य हित कोष	५%
घाटापूर्ती कोष	५%
सहकारी शिक्षा कोष	५%
सहकारी विकास कोष	५%
सामुदायिक विकास कोष	५%
स्थिरीकरण कोष	५%
अन्य जोखिम व्यवस्थापन कोष	५%
कुल	**१००%**

टिप्पणी ३.१७.१: अन्य बाँडाफाँड भएका कोषहरु

शेयर लाभास कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	३,३२१,०७८	३,६३८,९७०
यस आ.व मा रकमान्तर	(१८,२६४)	(५,४०३)
शेयर लाभास वितरण	(३,३०२,८१४)	(३,६३३,५६७)
यस आ.व मा थप	३,१७५,२५३	३,३२१,०७८
अन्तिम मौज्दात	**३,१७५,२५३**	**३,३२१,०७८**

सदस्य हित कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	११,३८८,५८५	१०,४९८,११४
रकामान्तर	-	-
यस आ.व म कोषबाट खर्च	(८६९,२४०)	(६०८,५८१)
अन्य थप	१,५८४,५६५	१,२४३,५८५
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**१२,३४८,१६०**	**११,३८८,५८५**

घाटा पुर्ति कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	१,२८३,०६८	१,०२७,६०१
यस आ.व म कोषबाट खर्च	-	-
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**१,५२७,३१८**	**१,२८३,०६८**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

सहकारी शिक्षा कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	२५५,४६८	२८८,६३८
यस आ.व म कोषबाट खर्च	(२४५,११६)	(१११,३६४)
यस आ.व मा रकमान्तर	(१०,३५२)	(१७७,२७४)
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**२४४,२५०.२२**	**२५५,४६८**

सहकारी विकास कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	२५५,४६८	२८८,६३८
यस आ.व म कोषबाट खर्च	(२५५,४६८)	(५,०००)
यस आ.व मा रकमान्तर	-	(२८३,६३८)
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**२४४,२५०.२**	**२५५,४६८**

सामुदायीक विकास कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	२५५,४६८	२८८,६३८
यस आ.व म कोषबाट खर्च	(९७,४००)	(२०४,३१४)
यस आ.व मा रकमान्तर	(१५८,०६८)	(८४,३२४)
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**२४४,२५०**	**२५५,४६८**

स्थिरीकरण कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	२५५,४६८	२८८,६३८
यस आ.व म कोषबाट खर्च	-	-
यस आ.व मा रकमान्तर	(२५५,४६८)	(२८८,६३८)
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**२४४,२५०**	**२५५,४६८**

अन्य जोखिम व्यवस्थापन कोष

विवरण	३२ आषाढ, २०८३	३१ आषाढ, २०८२
शुरु मौज्दात	२५५,४६८	२७९,९२१
यस आ.व म कोषबाट खर्च	-	-
यस आ.व मा रकमान्तर	(२५५,४६८)	(२७९,९२१)
यस आ.व मा थप	२४४,२५०	२५५,४६८
अन्तिम मौज्दात	**२४४,२५०**	**२५५,४६८**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

आयको लेखाङ्कन

आय भनेको संस्थाको साधारण वित्तीय गतिविधिहरूको क्रममा उत्पन्न हुने कुल आर्थिक लाभहरूको प्रवाह हो र त्यस्ता लाभहरुले इक्विटीको वृद्धि गर्दछ । संस्थामा प्रवाह हुने आर्थिक लाभहरुलाई भरपर्दो रुपमा मापन गर्न सकिने आधारमा आयको रुपमा लेखाङ्कन गरिदै आइएको छ । आयहरुको प्राप्तिको सम्भव छैन भन्ने अनुमान भएमा तिनलाई आय अवधिमा लेखाङ्कन गरिदैन । संस्थाको आयमा व्याज आम्दानी, शुल्क, कमिसन आम्दानी र गैर सञ्चालन आम्दानी समावेश छन् ।

टिप्पणी ३.१८: ब्याज आम्दानी

परिशोधित लागतमा मापन गरिएको वित्तीय सम्पत्ति र बिक्रीको लागि उपलब्ध सम्पत्तिबाट हुने व्याज आम्दानीलाई संस्थाको सावित व्याजदरमा लेखाङ्कन गरिएको छ जुन प्रभावकारी व्याजदरसँग लगभग समान हुन्छ । प्रारम्भिक शुल्क थोरै हुनोले ग्राहकहरुबाट असुली हुने कर्जा तथा सापटीको व्याज आम्दानीलाई प्रभावकारी व्याजदर अनुसार गणना गर्दा प्रारम्भिक शुल्कलाई परिशोधन गरिदैन । प्रभावकारी व्याजदरको ठीक गणना गर्दा लाग्ने शूल्क त्यसबाट आउने फाइदा भन्दा बढी हुने संस्थाको अनुमान रहेको छ ।

नाफा वा नोक्सान मार्फत उचित मूल्य मा मापन गरिएको वित्तीय उपकरणहरूको उचित मूल्यमा परिवर्तनबाट उत्पन्न लाभ र नोक्सान यिनीहरु उत्पन्न हुने अवधिमा नाफा वा नोक्सानको विवरणमा समावेश गरिएको छ । नाफा वा नोक्सान मार्फत उचित मूल्यमा मापन गरिएको वित्तीय उपकरणमा सम्फौताको व्याज आय र व्याज खर्च खुद व्याज आय भित्र लेखाङ्कन गरिएको छ । संस्थाको नाफा नोक्सान हिसाबमा व्याज आम्दानीमा निम्न आम्दानीहरु समावेश गरिएका छन् ;

• संस्थाले NFRS 9 अनुच्छेद ५.४ (Carve Out) प्रयोग गरि ऋण व्यवस्थापन शूल्कलाई प्रभावकारी व्याज दरमा आय गणना नगरी प्राप्ति भएकै वर्षमा व्याज आम्दानीमा समावेश गरेको,

• ऋण लगानीमा असूल उपर गर्नुपर्ने ब्याज आम्दानी तर संस्थाद्वारा १ वर्ष सम्म भाखा नाघेका ऋण लगानीहरुको मात्र ब्याज आम्दानी लेखाङ्कन गरिएको ।

ब्याज आम्दानीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
सदस्यहरुलाई ऋण लगानी वापत प्राप्त ब्याज आम्दानी (३.१८.१)	५२,९५१,७९५	६५,८८१,४३१
कर्मचारीहरुलाई ऋण लगानी वापत प्राप्त ब्याज आम्दानी (३.१८.२)	८१६,८२२	८३३,२८५
अन्य लगानी तथा निक्षेप बाट प्राप्त ब्याज आम्दानी	३,३५०,६३४	६,३९१,०९८
जम्मा ब्याज आम्दानी	**५७,११९,२५१**	**७३,१०५,८१३**

ब्याज आम्दानीलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ । तर क्रेडिट जोखिम उल्लेखनीय वृद्धि भएको ऋण लगानीमा व्याज आम्दानीलाई प्रोद्भावी आधारमा लेखाङ्कन गरिएको छैन । संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने सावा तथा ब्याज १ वर्ष भन्दा बढी बक्यौता रहेको अवस्थामा उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । यस बमोजिम संस्थाले आ.व आ.व २०८२।८३ मा रु. १,३६,५६,८०२ व्याज आम्दानीमा लेखाङ्कन गरेको छैन ।

टिप्पणी ३.१८.१: सदस्यहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
घर निर्माण ऋण	२,९९६,६८३	४,१००,९००
घर जग्गा खरिद ऋण	३,३३७,६२६	४,८९५,६९१
सवारी साधन ऋण	१,५८५,४९४	१,७३९,३४१
व्यबसायिक ऋण	१२,५३५,९२०	१८,२०४,४२२
सरल व्यबसायिक ऋण	१,९८१,५१९	२,७५३,९२८
परीयोजना ऋण	-	४४५,९८१
कुखुरापालन ऋण	१,१२६,७२१	२५०,४१३
पशुपालन ऋण	५०५,१५२	७९२,३६२
लघुउद्यम ऋण		६,१०३
उत्पादनमुलक ऋण	१२२	६९,४०७
वैदेशिक रोजगार ऋण	१,५९८,३१८	२,१११,९५६

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

उच्च शिक्षा ऋण	१,९२०,५४८	१,३२५,६३४
घरायसी ऋण	२५,७१५,८४९	३०,५४२,५७९
आवधिक बचत ऋण	११७,६३३	४६९,१८७
बचत धितो ऋण	४५३,८३४	२४०,२९४
NFRS अनुसार प्रोद्भावी आधारमा ब्याज आम्दानी	(१,०४५,८८४)	(२,०६६,७६८)
जम्मा सदस्यहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज	**५२,९५१,७९५**	**६५,८८१,४३१**

टिप्पणी ३.१८.२: कर्मचारी सहुलियत ऋण लगानी बाट प्राप्त ब्याज

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
कर्मचारी सहूलियत ऋण	५३१,६१४	५५५,७६३
जम्मा कर्मचारीहरुलाई ऋण लगानी बाट प्राप्त ब्याज आम्दानी	**५३१,६१४**	**५५५,७६३**

टिप्पणी ३.१९: ब्याज खर्च

निक्षेप लगायत सबै वित्तीय दायित्वहरूमा व्याज खर्च प्रभावकारी व्याजदर विधि प्रयोग गरेर नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ। सबै व्यापार दायित्वमा व्याज खर्च संस्थाको व्यापार सञ्चालनको लागि नियमित खर्च मानिन्छ र खुद सम्पत्ति आय र व्यापारिक सम्पत्ति र दायित्वहरूको उचित मूल्यमा अन्य सबै परिवर्तनको साथ प्रस्तुत गरिन्छ।

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
नियमित बचत	८,३२९,८९३	९,०५०,०२९
२० वर्षे पेन्सन बचत	६८७,१७३	६०४,७१९
१२ वर्षे पेन्सन बचत	३,६४३,००३	४,३३१,२६७
ऐच्छिक साधारण बचत	४,३९०,३८९	५,३६६,५००
गहना बचत	१५,४९९	१५,७४१
खुत्रुके बचत	५०३,७८९	५६७,१९५
पर्व बचत	११,८७५	१४,७९२
साह्रो गाह्रो बचत	४६९	२,२३४
स्कुटी बचत	९,८९२	१२,६५०
सुत्केरी बचत	१,६०२	१,५८०
युवा बचत	६२,८४६	६२,२५४
जेष्ठ नागरिक बचत	३९९,९२३	५९२,२४६
ऋण सुरक्षण बचत	६२,५७१	१०५,८३७
रेमिटेन्स बचत	८२,४६१	७९,८७३
सम्बृद्ध बचत	४३७,५०४	६३४,८८९
दोव्वर भुक्तानी बचत	११०,०३५	१५०,१९२
९० दिने आवधिक बचत	-	-
१८० दिने आवधिक बचत	-	२,१७२,११५
१ वर्षे आवधिक बचत	६२७,५३२	४,१२१,७४३

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

२ वर्षे आवधिक बचत	३२,१०१	३५२,२११
३ वर्षे आवधिक बचत	८१४,२०६	१,२५२,६००
नियमित कर्जा बचत	१३,९९२	१५,२१८
अवकाश बचत	२९,१३९	७१,७५८
बाल बचत	२,३६७,६५१	२,६५६,०३१
६ महिने दैनिक बचत	१५९,४३६	१९६,०६८
१२ महिने दैनिक बचत	३६०,०५५	४६७,२७१
दैनिक बचत (ऐच्छिक)	५६,२६२	५७,५६९
शिक्षा बचत	१३८,६३९	१७५,९०७
भ्रमण बचत	५८४	४४५
बिमा बचत	५०३	४८६
सञ्चयकोष बचत	६८,५७१	१३५,१००
लघुवित्त बचत	२३,२३२	२८,२९०
बचतमा ब्याज खर्च	७५,६२२	१४,५२४
एकमुष्ठ भुक्तानी बचत	-	-
१०० दिने विशेष बचत	-	-
२०० दिने विशेष बचत	-	-
१ वर्षे आर.डि बचत	७,९७६	९८,८३८
२ वर्षे आर.डि बचत	९६,७३४	७६,७०५
३ वर्षे आर.डि बचत	६,८६१	२५,७४१
जम्मा	**२३,६२८,०१८**	**३३,५१०,६१७**

बैंक तथा वित्तीय संस्थालाई भुक्तानी गरेको ब्याज खर्च र अन्य ब्याज खर्च

साना किसान बैंक लि.	-	-
बैंक ऋणको कारोवार तथा अन्य शुल्क	-	-
पट्टा बापतको दायित्वमा ब्याज खर्च	१८७,९२७	११५,३८१
जम्मा	**१८७,९२७**	**११५,३८१**
कूल ब्याज खर्च	**२३,८१५,९४५**	**३३,६२५,९९८**

टिप्पणी ३.२०: अन्य आम्दानी

अन्य आम्दानीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
शुल्क तथा कमिशन आय (३.२०.१)	२,८०३,७७२	२,५६६,६८७
लगानी सम्पत्ति निर्सगबाट भएको खुद लाभ	-	-
लाभांश आय (३.२०.२)	१५०,०००	९९,६४६
अन्य विविध आम्दानी (३.२०.३)	१,२७२,७०२	१,५७९,७५७
जम्मा अन्य आम्दानी	**४,२२६,४७४**	**४,२४६,०८९**

टिप्पणी ३.२०.१: शुल्क तथा कमिशन आय

कर्जा नवीकरण शूल्क लगायत कर्जा सेवाबाट प्राप्त हुने शूल्क तथा कमिसन, कर्जा नवीकरण वा स्वीकृत भए पश्चात् आम्दानीमा लेखाङ्न गरिन्छ । कुनै सेवा प्रदान गर्दा निर्धारण गरिएको लागत भन्दा लाभ बढी भएको अवस्थामा शूल्क र कमिशनहरु प्रोदभावी आधारमा लेखाङ्न गरिन्छ । जब प्रोदभावी आधारमा लेखाङ्न गरिएको शूल्क र कमिशनको लागत लाभ भन्दा बढी हुन्छ, त्योस्तो अवस्थामा कमिशन र शुल्कलाई सोही वर्ष खर्च लेखाङ्न गरिन्छ ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसंग सम्बन्धित टिप्पणीहरु

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
शूल्क बापतको आम्दानी		
ऋण सेवा शूल्क	२,४२०,८६०	२,०३१,१९४
खाता बन्द शूल्क	१४३,१४६	२८०,०३४
प्रवेश शूल्क	३२,७००	-
महिला स्मार्ट एप बापत शूल्क	१४८,१००	१३४,८००
कमिसन आम्दानी	५८,९६६	१२०,६५९
जम्मा शूल्क तथा कमिशन आय	**२,८०३,७७२**	**२,५६६,६८७**

टिप्पणी ३.२०.२: लाभांश आय

शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा लेखाङ्कन गरिन्छ । स्वदेशी कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाङ्कन गरिन्छ । बोनस शेयर घोषणा भई सो प्राप्त हुने अधिकार स्थापित भए तापनि आय आर्जन स्वरुप लेखाङ्कन गरिँदैन ।

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
लाभांश आम्दानी	१५०,०००	९९,६४६
संरक्षीत पूंजी बापत प्राप्त लाभांस आम्दानी	-	-
जम्मा लाभांश आय	**१५०,०००**	**९९,६४६**

टिप्पणी ३.२०.३: अन्य विविध आम्दानी

अन्य विविध आम्दानीको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
किस्ता ढिला बुझाए बापत हर्जाना	६६२,२२९	७२३,४९६
पासबुक विक्रिबाट आम्दानी	१,९४५	१,८००
अपलेखित ऋण असूली बापत	-	७,०००
प्रवेश शूल्क	४९६,३५०	७४९,४५२
सारी बिक्री बापत	९,०००	६,०००
ए.टि.एम. कार्ड आम्दानी	२२,८५९	४२,०९२
विविध	८०,३१८	४९,९१७
जम्मा अन्य विविध आम्दानी	**१,२७२,७०२**	**१,५७९,७५७**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसंग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२१: कर्मचारी खर्च

कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत संस्थाले कर्मचारीलाई प्रदान गर्ने सम्पूर्ण रकम तथा सेवा सुविधालाई कर्मचारी खर्च अन्तर्गत प्रस्तुत गरिन्छ । यस्तो खर्चलाई अल्पकालीन खर्च तथा दीर्घकालीन खर्चका रुपमा वर्गीकरण गर्न सकिन्छ । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कन NAS 19 , "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ । कर्मचारी खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
अल्पकालीन कर्मचारी सुविधा खर्च (३.२१.१)		
अल्पकालीन कर्मचारी खर्च	१३,०५५,८६९	१२,९९९,८३०
कर्मचारी बोनस खर्च	-	-
दीर्घकालीन कर्मचारी सुविधा खर्च (३.२१.२)		
परिभाषित योगदान योजना खर्च	१,७५९,८३१	१,७४३,२५३
परिभाषित सुविधा योजना खर्च	-	-
अन्य दीर्घकालिन कर्मचारी सुविधा खर्च	७८३,१२२	८२४,१११
जम्मा कर्मचारी खर्च	**१५,५९८,८२१**	**१५,५६७,१९४**

टिप्पणी ३.२१.१: अल्पकालीन कर्मचारी सुविधा खर्च

क) अल्पकालीन कर्मचारी खर्च

छोटो अवधिको कर्मचारी लाभ दायित्वहरू Discount नगरी मापन गरिन्छ र सम्बन्धित सेवा प्रदान गरिएको आधारमा खर्च गरिन्छ । बोनस ऐन, २०३० ले तोकेको बोनस अन्तर्गत पनि तिर्नु पर्ने दायित्व रकमलाई कर्मचारीद्वारा प्रदान गरिएको विगतको सेवाको परिणामको आधारमा हुन आउने दायित्व लेखाङ्कन गरिन्छ ।

अल्पकालिन कर्मचारी सुविधामा निम्न लिखिति कुरा समावेश हुन्छन (यदि प्रतिवेदन अवधिको अन्त्यपछि १२ महिनाभित्र भुक्तानयोग्य भएमा) :

- ज्याला, तलब र सामाजिक सुरक्षा योगदान
- तलबी वार्षिक बिदा र बिरामी बिदा
- नाफा बाँडफाँड र लाभांश
- गैरनगद लाभ

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
तलब तथा ज्याला	९,४९५,१५६	९,४२३,७६४
पोशाक खर्च	१६१,५००	१७०,०००
दशैं भत्ता	७६३,७६३	७८२,५८९
कर्मचारी ऋणसगं सम्बन्धित खर्च	२८५,२०८	२७७,५२२
संचार सुविधा	९३,६००	९६,१००
बजार प्रतिनिधिको तलव तथा अन्य ज्याला	२,२५६,६४१	२,२४९,८५५
जम्मा अल्पकालीन कर्मचारी खर्च	**१३,०५५,८६९**	**१२,९९९,८३०**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२१.२: दीर्घकालीन कर्मचारी सुविधा खर्च

संस्थाको नियम बमोजिम सेवाबाट निवृत्त भएपछि भुक्तानी हुने उपदान, सञ्चय कोष आदि तथा कर्मचारीले स्वेच्छिक रुपमा सेवाबाट निवृत्त हुने निर्णय गरेमा प्रदान गरिने निवृत्ति सुविधाहरु यस खर्च अन्तर्गत पर्दछन् ।

क) परिभाषित योगदान योजना

परिभाषित योगदान योजना सेवा पछिको लाभ योजना हो जस अन्तर्गत संस्थाले छुट्टै योगदानलाई छुट्टै संस्थामा भुक्तानी गर्दछ र थप रकम तिर्न कुनै कानूनी वा रचनात्मक दायित्व हुँदैन । परिभाषित योगदान योजनाको दायित्वहरू सम्बन्धित सेवाहरू प्रदान गरिएको समयमा कर्मचारी खर्चको रूपमा पहिचान र लेखांकन गरिएको छ । परिभाषित योगदान योजनामा हुनुपर्ने योगदान जुन कर्मचारीले दिएको सेवाको प्रतिवेदन अवधिको १२ महिनापछि सम्म भुक्तानी भएको हुँदैन त्यसलाई डिस्काउन्टिङ गरेर वर्तमान मूल्यमा लेखाङ्कन गरिएको छ ।

संस्थाका सबै कर्मचारीले समाजिक सुरक्षा कोषबाट लाभ प्राप्त गर्छन् जुन परिभाषित योगदान योजना अन्तर्गत रहेको छ जसमा संस्था र कर्मचारीले दुवै पूर्वनिर्धारित दर अनुसार मासिक रुपमा आफ्नो तलबको ३१% (रोजगारदाता र कर्मचारी दुवैको गणना) रकम सामाजिक सुरक्षा कोषमा योगदान गर्छन् । त्यस्तै, सामाजिक सुरक्षा कोषबाट तोकिए बमोजिमका सेवा तथा सुविधाहरु उपभोग गर्न सक्छन् । संस्थाले परिभाषित योगदान योजना बमोजिमका खर्चहरु नाफा नोक्सान विवरणमा लेखाङ्कन गरेको छ ।

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
समाजिक सुरक्षा कोष खर्च	१,७५९,८३१	१,७४३,२५३
जम्मा परिभाषित योगदान योजना खर्च	**१,७५९,८३१**	**१,७४३,२५३**

ख) परिभाषित लाभ योजना

परिभाषित लाभ योजना परिभाषित योगदान योजना बाहेकको सेवा पछिको लाभ योजना हो । परिभाषित लाभ योजनाहरूको सन्दर्भमा संस्थाको खुद दायित्वहरू प्रत्येक योजनाको लागि भविष्यको लाभको मात्राको अनुमान लगाएर छुट्टै गणना गरिन्छ । यस अर्न्तगत वर्तमान र अघिल्लो समयमा कर्मचारीहरूले उनीहरूको सेवाको बदलामा गरेको कमाईलाई वर्तमान मूल्य निर्धारण गर्न Discount गरिन्छ । यसको लेखाङ्कन गर्दा विगत सेवा लागतहरू र योजना सम्पत्तिहरूको उचित मूल्य दायित्वमा घटाइन्छ ।

सस्थाले अन्य विस्तृत आयमा तुरुन्त परिभाषित लाभ योजनाबाट उत्पन्न हुने स्थगन करको सबै विमाङ्कित लाभ र खुद नोक्सान र कर्मचारी वा नाफा खर्चमा कर्मचारी लाभ व्ययको परिभाषित लाभ योजनामा सम्बन्धित सबै खर्चलाई लेखाङ्कन गर्छ । परिभाषित लाभ योजना चुक्ता भएको अवस्थामा संस्थाले त्यसको नाफा अथवा नोक्सान लेखाङ्कन गर्छ ।

चालु तथा तुलनात्मक आर्थिक वर्षहरूको अन्त्यसम्म संस्थामा कुनै पनि परिभाषित लाभ योजना खर्च छैन ।

ग) अन्य दीर्घकालीन कर्मचारी सुविधा खर्च

यस संस्थाले अन्य दीर्घकालीन कर्मचारी सुविधा खर्च अन्तर्गत, कर्मचारीहरुलाई प्रदान गरिने बिदा बापतको क्षतिपूर्तिहरु कर्मचारी बिदा बापतको खर्चमा समावेश गर्दछ । सञ्चय गर्न सकिने बिदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा तथा सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीलाई बिदा बापतको रकम भुक्तानी दिएको अवस्थामा बिदा बापतको खर्चको लेखाङ्कन गरिन्छ । बिदा बापतको दायित्वको गणना गर्न Actuarial Valuation को प्रयोग गर्दाको फाइदा भन्दा लागत धेरै भएको कारणले गर्दा सो Valuation गरेको छैन । बिदा बापतको खर्चलाई नाफा/नोक्सानको विवरणमा लेखाङ्कन गरेको छ ।

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
बिदा बापतको खर्च	७८३,१२२	८२४,१११
जम्मा अन्य दीर्घकालीन कर्मचारी सुविधा खर्च	७८३,१२२	८२४,१११

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२२: ह्रासकट्टी तथा परिशोधन खर्च
ह्रासकट्टी तथा परिशोधन खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
जायजेथा, प्लाण्ट तथा उपकरणको ह्रासकट्टि खर्च	१,३४०,७१९	१,३७७,९९७
अदृष्य सम्पत्तिको परिशोधन खर्च	३०,३६६	७५,९१५
जम्मा ह्रासकट्टि तथा परिशोधन खर्च	**१,३७१,०८६**	**१,४५३,९१२**

टिप्पणी ३.२३: अन्य संचालन खर्च
अन्य संचालन खर्चको लेखाङ्कन प्रोद्भावी आधारमा गरिएको छ । अन्य संचालन खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
बत्ती, पानी	२८०,८६२	३०८,२१६
मर्मत तथा संम्भार	९३,२७५	३१२,१९०
सफ्टवेयर नविकरण खर्च	२५९,२५०	२३५,६५८
सफ्टवेयर होस्टिङ, एप्स तथा एस एम एस बैकिङ खर्च	३२४,५८८	३८१,४०६
घर भाडा	-	३९,९६७
सुरक्षा खर्च	२६२,३८८	२६२,३८६
बीमा खर्च	१४,३२६	१६,५५०
टेलिफोन, फ्याक्स, ईन्टरनेट	२८५,४०७	२७८,४५२
मसलन्द र छपाई	३५७,९२९	३२९,९६४
प्रचार प्रसार तथा प्रमोशन खर्च	४७,१४२	१०,३६०
यातायात खर्च	४१४,९००	२८६,०७०
एक्सेस ब्राण्ड खर्च	८६,१००	१५३,१९०
बैठक भत्ता	१४६,४००	१४६,४००
बैठक खर्च	४१९,६८३	२९५,१६६
साधारण सभा सम्बन्धि खर्च	३,४९६,२७७	३,१७५,७५४
बाह्य लेखापरिक्षण शूल्क	१६९,५००	१३५,६००
आन्तरिक लेखापरिक्षण शूल्क	१२५,०००	१५०,०००
अवलोकन भ्रमण खर्च	-	-
अतिथि सत्कार खर्च	२४,९००	१८,५२०
स्थानिय निकायको व्यवसाय कर	२०,०३०	१९,८००
अफिस चिया खाजा खर्च	१०२,५९०	११०,१३०
नविकरण शूल्क (सदस्य)	१०,१३२	३०,३०६
ईन्धन खर्च	१८,६०६	१६,००१
सरसफाई खर्च	४६,८८०	५८,८६३
तालिम तथा गोष्ठी	३९७,०४३	१६२,४२८
स्थापना दिवस खर्च	१९१,९५८	१७२,१८३
सवारी कर	३,३००	३,१५०
सम्पत्ति कर	४,९५८	३,९३३
कमिसन खर्च	५,५४८	६,९७१
सदस्य सम्मान कार्यक्रम	-	-
भल्ट, काउन्टर इन्सुरेन्स	७४,५०६	११६,३९६
सुत्केरी खर्च	६,४६५	८,७००
परामर्शदाता परिबहन खर्च	७५,०००	७५,०००
बैक तथा अन्य चार्ज	२,२९०	२,१६७
नीति निर्माण खर्च	-	-
बजारिकरण तथा बिज्ञापन	६,७००	३३,९९०
ऋण असूली खर्च	६२,७४०	१३,८६०
विविध खर्च	६१,१५५	८१,९३४
जम्मा अन्य सचांलन खर्च	**७,८९७,८२९**	**७,४५१,६६१**

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड
३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२४: आयकर खर्च

आयकर खर्चको विवरण यस अर्न्तगत प्रस्तुत गरिएको छ :

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
आयकर खर्च	**१,७४३,११०**	**३,३९२,९०५**
चालु कर खर्च	१,७४३,११०	३,४२६,५२६
विगत वर्षको कर खुद सम्पत्ति/व्यवस्थाबाट फिर्ता/(खर्च)	-	(३३,६२२)
स्थगन कर खर्च	**(३३९,८८३)**	**(२,२५२,४७१)**
अस्थाई फरकबाट सिर्जना भएको	(३३९,८८३)	(२,२५२,४७१)
विगत आ.व.को कर नोक्सानीबाट सिर्जना भएको	-	-
जम्मा आयकर तथा स्थगन कर खर्च	**१,४०३,२२७**	**१,१४०,४३४**

टिप्पणी ३.२४.१: आयकरको नाफा र वित्तीय विवरणको नाफाको हिसाव मिलान विवरण

विवरण	आ.व. २०८२/८३	आ.व. २०८१/८२
कर अघिको नाफा	९,१००,०७९	८,२१७,९१७
कर रकम (१५प्रतिशतका दरले)	**१,३६५,०१२**	**२,०४६,१४३**
व्याज कर सम्बन्धित आय कर बमोजिम समायोजन- नगद प्राप्तिको आधारमा आय गणना गर्न सकिने	१५६,८८३	(१५१,७४४)
कर्मचारीहरुलाई ऋण लगानी वापत प्राप्त व्याज आम्दानी थप	(४२,७८१)	(४३,७६०)
कर्मचारी ऋणसगं सम्बन्धित परिशोधन खर्च	४२,७८१	४३,७६०
विदा खर्च सम्बन्धित आय कर बमोजिम समायोजन (भुक्तानीको आधारमा मात्र खर्च कटौती योग्य)	६७,४६०	७०,०१३
मर्मत खर्चको किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच भिन्नता	७१	४२२
अन्तिम रुपमा कर कट्टी हुने आय	(२२,५००)	(३,८९४)
ह्रासकट्टी र परिशोधनमा किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच भिन्नता	९०,२३४	९०,४९६
पट्टा खर्चको किताबी र आयकर ऐन अनुसारको मूल्यको बीच भिन्नता	(७१,२४८)	(७३,०९१)
ऋण अपलेखन खर्च	-	१,१०९
अमान्य भएको कर्जा नोक्सानी व्यवस्था	१३७,०३९	२११,९८५
कर प्रयोजनका लागि अमान्य अन्य खर्चहरु	-	-
कर प्रयोजनका लागि मात्र समावेश गरिएको आम्दानी	-	७,५९१
कूल आय कर खर्च	**१,७२२,९५१**	**२,१९९,०३१**
प्रभावकारी करको दर	१८.९३%	२६.७६%

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२५: सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गर्दछ :

क) विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निर्क्यौल गर्दछ ।

ख) विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाङ्न नगरिएका दायित्वहरु:

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

चालु तथा तुलनात्मक आर्थिक वर्षहरूको अन्त्यसम्म संस्थामा कुनै पनि सम्भावित दायित्वहरु छैन ।

टिप्पणी ३.२६: सम्बद्ध व्यक्तिहरु बीचको कारोबारको खुलासा

NAS 24 "Related Party Disclosures" बमोजिम सम्बन्धित व्यक्तिहरुको विवरण र सम्बन्धित व्यक्तिहरु बीचको कारोबारको खुलासा निम्न बमोजिम रहेको छ ।

क) मूख्य व्यवस्थापकीय व्यक्तिहरु (Key Management Personnel)

संस्थाको सञ्चालक समिति र प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरु समेत संस्थाको मूख्य व्यवस्थापकीय व्यक्तिको रुपमा संस्थाले पहिचान गरेको छ ।

संस्थाको यस आ.वा.मा २५ औं वार्षिक साधारण सभाबाट मिति २०८०।०९।१३ गते नियुक्त नयाँ संचालक समितिको सदस्यहरुको सेवा सुविधाको विवरण:

नाम	बैठक भत्ता	अतिथि सत्कार	यातायात	संचार जम्मा सुविधा	आधार
श्री मुना तिमसिना	-		१८०,०००	६०,००० २४०,०००	अध्यक्ष
श्री पदमा देवी पन्धाक	९,६००	-	-	१२,००० २१,६००	उपाध्यक्ष
श्री जानुकला तामाङ	१३,२००	-	-	६,००० १९,२००	सचिव
श्री पुनम थापा मगर	१४,४००	-	१९,४१२	६,००० ३९,८१२	कोषाध्यक्ष
श्री ओम प्रसाद दंगाल	-	-	९६,०००	२४,००० १२०,०००	सदस्य
श्री सुष्मा थापा	१४,४००		१९,४१२	५,७०० ३९,५१२	सदस्य
श्री रुद्रमाया भट्टराई	१२,०००	-	१९,४१२	३,५०० ३४,९१२	सदस्य
श्री धनुकला नाल्बो	१३,२००	-	१९,४१२	३,५०० ३६,११२	सदस्य
श्री सोभिता पुरी	१४,४००	-	१९,४१२	५,७०० ३९,५१२	सदस्य
श्री कमला निरौला	१३,२००	-	६,४७१	३,५०० २३,१७१	सदस्य
श्री शुभकुमारी राई	१४,४००	-	१९,४१२	५,७०० ३९,५१२	सदस्य
श्री कुसुममाया तामाङ	१४,४००	-	६,४७१	३,५०० २४,३७१	सदस्य
श्री बालकुमारी लुईटेल	१३,२००	-	६,४७१	३,५०० २३,१७१	सदस्य
श्री बिनोद भट्टराई	४,८००	-	-	६,००० १०,८००	ले.संयोजक
श्री पदम कुमारी भण्डारी	४,८००	-	-	३,५०० ८,३००	सदस्य
श्री शशी आचार्य	४,८००	-	-	३,५०० ८,३००	सदस्य

प्रमुख कार्यकारी अधिकृत तथा उच्च व्यवस्थापनमा कार्यरत कर्मचारीहरु :

नाम	सेवा सुविधा	रकम	आधार
श्री जुनुसा पुरी	तलब तथा भत्ता	२,०५३,५२५	प्रमुख कार्यकारी अधिकृत
श्री पदम कुमारी खरेल	तलब तथा भत्ता	६३२,०३९	अपरेसन ईन्चार्ज
श्री मन्जु घिसिङ	तलब तथा भत्ता	५९४,४११	लेखा प्रमुख
श्री पुरुषोत्तम तिम्सिना	तलब तथा भत्ता	५६०,६८९	ऋण प्रमुख

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ आषाढ, २०८३ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

ऋण कारोबार सम्बन्धी

संस्थाबाट संस्थाका सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिका सदस्य तथा निजका एकाघरका सदस्यको २०८१ आषाढ मसान्तको बाँकी ऋण विवरण :

नाम	पद/सम्बन्ध	बाँकी ऋण रकम (रु.)
अर्जुन कुमार शर्मा	कोषाध्यक्ष, श्रीमान	८००,६११
रुद्रमाया भट्राई	सदस्य	८९,५८२
सुष्मा थापा	सदस्य	३,०६२,२८६
पदम कुमारी भण्डारी	ले.सदस्य	१,४०५,३०२
जम्मा		**५,३५७,७८०**

त्यस्तै, कर्मचारी प्रशासन नियमावली र सञ्चालक समितिको निर्णय बमोजिम संस्थाले आफ्ना कर्मचारीहरुलाई सहुलियत दरमा ऋण लगानी गरेको छ । कुल ऋण लगानीमध्ये २०८२ आषाढ मसान्तमा रु. ५७ लाख ०४ हजार १ सय ६२ रुपैया ऋण बाँकी रहेको छ ।

यस वर्ष प्रमुख कार्यकारी अधिकृतको लागि भएको सुविधा तथा खर्चहरु देहाय बमोजिम छन् :

विवरण	रकम (रु.)
तलब तथा भत्ता	
• अल्पकालिन कर्मचारी लाभ	१,७४२,२५०
• रोजगारी पछीको लाभ	२३१,०००
• अन्य दीर्घकालिन लाभ तथा सुविधा	८०,२७५
• बैठक भत्ता तथा अन्य सुविधाहरु	-
जम्मा	**२,०५३,५२५**

प्रमुख कार्यकारी अधिकृत ज्यु कर्मचारी प्रशासन नियमावलीले तोके बमोजिम उपदान, सञ्चित बिदा बापतको भुक्तानी लगायतका रोजगारी पछीको लाभ (Post-employment Benefits) तथा अवकाश पछीको लाभ (Termination Benefits) का लागि योग्य छन् । संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत अन्य कर्मचारीहरुलाई Share-Based Payments गरिएको छैन ।

टिप्पणी ३.२७ गैर बैंकिङ्ग सम्पति

गैर बैंकिङ्ग सम्पत्तिलाई लगानी सम्पत्ति अन्तर्गत देखाइन्छ । यसलाई उचित मुल्य वा गैर बैंकिङ्ग सम्पत्तिको सकार गर्ने क्रममा रहेको बक्यौता रकम मध्ये जुन कम छ त्यसको आधारमा लेखाङ्कन गर्दछ ।

महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड

३२ अषाढ, २०८२ को वित्तीय विवरणसँग सम्बन्धित टिप्पणीहरु

टिप्पणी ३.२८: वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण

वित्तीय सम्पत्ति

वित्तीय सम्पत्ति	परिशोधित मूल्य (Amortized Cost)	अन्य समष्टिगत आय मार्फत उचित मूल्य (FVTOCI)	नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL)	जम्मा
नगद तथा नगद सरह	१६७,२७२,९११	-	-	१६७,२७२,९११
आसामी	-	-	-	-
ऋण लगानी	५०५,५१४,४६०	-	-	५०५,५१४,४६०
लगानी	१४,८७७,२५९	१६,२३५,०००	-	३१,११२,२५९
कुल वित्तीय सम्पत्ति	**६८७,६६४,६३०**	**१६,२३५,०००**	**-**	**७०३,८९९,६३०**

वित्तीय दायित्व

वित्तीय दायित्व	परिशोधित मूल्य (Amortized Cost)	अन्य समष्टिगत आय मार्फत उचित मूल्य (FVTOCI)	नाफा-नोक्सान मार्फत उचित मूल्य (FVTPL)	जम्मा
व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	३,५३७,६९६	-	-	३,५३७,६९६
सहकरीका सदस्यहरुबाट प्राप्त निक्षेप	५६५,२०३,३३०	-	-	५६५,२०३,३३०
ऋण हिसाब	-	-	-	-
कुल वित्तीय सम्पत्ति	**५६८,७४०,९४६**	**-**	**-**	**५६८,७४०,९४६**

महिला बचत तथा ऋण सहकारी संस्था लि.

इंटहरी ४, सुनसरी
३०३३९७९०२

विवरण

१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म

	टिप्पणी ११
विवरण	**रकम रु**
वित्तीय विवरण अनुसारको नाफा (नोक्सानी)	**९,१००,०७९**
जोड : आयकर ऐन बमोजिम दाबि गर्न नमिल्ने खर्च	
दान खर्च	-
सम्पत्तिको बिक्रीमा घाटा	-
अमान्य भएको व्याज खर्च	१८७,९२७
विदा बापतको खर्च	७३४,९४३
वित्तीय विवरण अनुसारको ह्रास खर्च	१,३७१,०८६
वित्तीय विवरण अनुसारको र्मत संभार खर्च	९३,२७५
अमान्य भएको कर्जा नोक्सानी व्यवस्था	९१३,५९२
करका लागि आयमा समावेश गर्नु पर्ने रकम	-
वित्तीय सम्पत्तिमा क्षयिकरण	-
अमान्य भएको अन्य खर्च	-
घटाउ : आयकर ऐन बमोजिम दाबि गर्न मिल्ने खर्च तथा आम्दानी	
ह्रास कट्टि तथा परिशोधन खर्च	(७६९,५२५)
र्मत संभार खर्च	(९२,८०२)
अन्तिम रुपमा करकट्टि भएका भुक्तानीहरु	(१५०,०००)
घर भाडा	(६६२,९१३)
प्रोद्भावी आधारमा व्याज आम्दानी गणना	७६०,६७६
नोक्सानी मिलान अघिको करयोग्य आय	**११,४८६,३३७**
न्यूनः मिलान भएको नोक्सानी	-
करयोग्य आय	**११,४८६,३३७**
आयकर ऐन २०५८ बमोजिमको आयकर	१,७२२,९५१
आयकर ऐन २०५८ को दफा ११७ बमोजिमको शुल्क	-
आयकर ऐन २०५८ को दफा ११८ र दफा ११९ बमोजिमको ब्याज	२०,१५९
जम्मा कर दायित्व	**१,७४३,११०**
अग्रीम दाखिला गरेको कर (किस्तावन्दी कर तथा अग्रीम कर)	**१,२९८,३२०**
खुद कर दायित्व (सम्पत्ति)	**४४४,७९०**

महिला बचत तथा ऋण सहकारी संस्था लि.

ईटहरी ४, सुनसरी

पान: ३०३३९७९०२

कर दायित्वको गणना

१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म

टिप्पणी	विवरण	दफा	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर नलाग्ने वा अन्तिम रुपमा करकट्टी भएको आय	आयमा समावेश गर्नुपर्ने रकम
	आम्दानी	७			
	सेवा बिक्री		-	-	-
	वस्तु बिक्री			-	-
	व्यवसायसँग सम्बन्धित प्रत्यक्ष लगानीको आय		५७,११९,२५१	(७६०,६७६)	५७,८७९,९२८
	गैह्र चालु सम्पत्तिको बिक्री नाफा/(नोक्सान)		१२७,३३३	-	१२७,३३३
१	विविध आम्दानी		४,२२६,४७४	१५०,०००	४,०७६,४७४
	कुल आम्दानी		**६१,४७३,०५८**	**(६१०,६७६)**	**६२,०८३,७३५**

टिप्पणी	खर्च	दफा	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च
२	कर्मचारी खर्च	१३	१६,५०८,८२९	७३४,९४३	१५,७७३,८८७
३	कार्यालय सञ्चालन खर्च	१३	७,८०४,५५४	(६६२,९१३)	८,४६७,४६७
४	बिक्री प्रवर्द्धन खर्च	१३	-	-	-
५	अन्य खर्च	१३	-	-	-
६	ब्याज खर्च	१४	२३,८१५,९४५	१८७,९२७	२३,६२८,०१८
८	मर्मत संभार खर्च	१६	९३,२७५	४७३	९२,८०२
९	ह्रास कट्टि तथा परिशोधन खर्च	१९	१,३७१,०८६	६०१,५६१	७६९,५२५
१०	ऋण नोक्सानी व्यवस्था खर्च	५९	२,७७९,२९१	९१३,५९२	१,८६५,६९९
	जम्मा खर्च		**५२,३७२,९७९**	**१,७७५,५८१**	**५०,५९७,३९७**
	नोक्सानी कट्टी अघिको करयोग्य आय (कुल आम्दानी - कुल खर्च)				**११,४८६,३३७**
१०	गत आ.ब. बाट सरेको व्यवसायको नोक्सानी				-
	करयोग्य आय (नोक्सानी अघिको करयोग्य आय - गत आ.ब.बाट सरेको नोक्सानी)				**११,४८६,३३७**
	कर दायित्व		प्रभावकारी करको दर:	१५%	१,७२२,९५१
	दफा ११७ बमोजिमको शुल्क				-
	दफा ११८ बमोजिमको ब्याज				२०,१५९
	दफा ११९ बमोजिमको ब्याज				-
	कुल कर दायित्व				**१,७४३,११०**
	अग्रिम दाखिला गरेको कर (किस्तावन्दी कर तथा अग्रीम कर)				**१,२९८,३२०**
	खुद कर दायित्व (सम्पत्ति)				**४४४,७९०**

S. Niraula & Associates Chartered Accountants Itahari-4, Sunsari

महिला बचत तथा ऋण सहकारी संस्था लि.
ईटहरी ४, सुनसरी
कर दायित्वको गणनासँग सम्बन्धित टिप्पणीहरु
१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म

विविध आम्दानी टिप्पणी १

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर नलाग्ने वा अन्तिम रुपमा करकट्टी भएको आय	आयमा समावेश गर्नुपर्ने रकम	कैफियत
शूल्क तथा कमिशन आय	२,८०३,७७२	-	२,८०३,७७२	
बिक्रिबाट आय	-	-	-	
लाभांश आय	१५०,०००	१५०,०००	-	अन्तिम रुपमा कर आम्दानी
अन्य आम्दानी	१,२७२,७०२	-	१,२७२,७०२	
प्रवेश शुल्क आम्दानी	-	-	-	
पेन्सन पाकेको पछि १० प्रतिशत	-	-	-	
कर्मचारी बोनस खर्च नभएको	-	-	-	गत आ.व मा भुक्तानी बाकि बोनस
व्यापारिक सम्पत्तिको निर्सगबाट भएको खुद लाभ	-	-	-	
घर भाडा	-	-	-	
प्रवेश शुल्क आम्दानी	**४,२२६,४७४**	**१५०,०००**	**४,०७६,४७४**	

अन्य गैर संचालन खर्च टिप्पणी २

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
तलब तथा भत्ता	९,४९५,१५६		९,४९५,१५६	
सामाजिक सुरक्षा कोष, संचयकोष तथा उपदान वापत खर्च	१,७५९,८३१		१,७५९,८३१	
पोशाक खर्च	१६१,५००		१६१,५००	
दशै खर्च	७६३,७६३		७६३,७६३	
संचार सुविधा	९३,६००		९३,६००	
कर्मचारी ऋणसगं सम्बन्धित खर्च	२८५,२०८	२८५,२०८	-	NFRS अनुसार गणना
बजार प्रतिनिधिको तलब तथा अन्य ज्याला	२,२५६,६४१		२,२५६,६४१	
विदा बापतको खर्च	७८३,१२२	४४९,७३५	३३३,३८७	विदा बापत भुक्तानी भएको रकम
कर्मचारी बोनस खर्च	९१०,००८	-	९१०,००८	
कुल खर्च	**१६,५०८,८२९**	**७३४,९४३**	**१५,७७३,८८७**	

महिला बचत तथा ऋण सहकारी संस्था लि.
ईटहरी ४, सुनसरी
कर दायित्वको गणनासँग सम्बन्धित टिप्पणीहरु
१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म

कार्यालय सञ्चालन खर्च टिप्पणी ३

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
बत्ती, पानी	२८०,८६२	-	२८०,८६२	
सफ्टवेयर नविकरण खर्च	२५९,२५०	-	२५९,२५०	
सफ्टवेयर होस्टिङ, एप्स तथा एस एम एस बैंकिङ खर्च	३२४,५८८	-	३२४,५८८	
घर भाडा	-	(६६२,९१३)	६६२,९१३	
सुरक्षा खर्च	२६२,३८८	-	२६२,३८८	
बीमा खर्च	१४,३२६	-	१४,३२६	
टेलिफोन, फ्याक्स, इन्टरनेट	२८५,४०७	-	२८५,४०७	
मसलन्द र छपाई	३५७,९२९	-	३५७,९२९	
प्रचार प्रसार तथा प्रमोशन खर्च	४७,१४२	-	४७,१४२	
यातायात खर्च	४१४,९००	-	४१४,९००	
एक्सेस ब्राण्ड खर्च	८६,१००	-	८६,१००	
बैठक भत्ता	१४६,४००	-	१४६,४००	
बैठक खर्च	४१९,६८३	-	४१९,६८३	
साधारण सभा सम्बन्धि खर्च	३,४९६,२७७	-	३,४९६,२७७	
वाह्य लेखापरिक्षण शुल्क	१६९,५००	-	१६९,५००	
आन्तरिक लेखापरिक्षण शुल्क	१२५,०००	-	१२५,०००	
अतिथि सत्कार खर्च	२४,९००	-	२४,९००	
स्थानिय व्यवसाय कर	२०,०३०	-	२०,०३०	
अफिस चिया खाजा खर्च	१०२,५९०	-	१०२,५९०	
नविकरण शुल्क (सदस्य)	१०,१३२	-	१०,१३२	
इन्धन खर्च	१८,६०६	-	१८,६०६	
सरसफाई खर्च	४६,८८०	-	४६,८८०	
तालिम तथा गोष्ठी	३९७,०४३	-	३९७,०४३	
स्थापना दिवश खर्च	१९१,९५८	-	१९१,९५८	
सवारी कर	३,३००	-	३,३००	
सम्पत्ति कर	४,९५८	-	४,९५८	
कमिसन खर्च	५,५४८	-	५,५४८	
भल्ट, काउन्टर इन्सुरेन्स	७४,५०६	-	७४,५०६	
सुत्केरी खर्च	६,४६५	-	६,४६५	
परामर्शदाता परिवहन खर्च	७५,०००	-	७५,०००	
बैक तथा अन्य चार्ज	२,२९०	-	२,२९०	
वजारिकरण तथा विज्ञापन	६,७००	-	६,७००	
ऋण असुली खर्च	६२,७४०	-	६२,७४०	
विविध खर्च	६१,१५५	-	६१,१५५	
कुल खर्च	**७,८०४,५५३.५३**	**(६६२,९१३.००)**	**८,४६७,४६६.५३**	

विक्री प्रवर्द्धन खर्च टिप्पणी ४

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
प्रचार सामाग्री खर्च	-	-	-	
विज्ञापन खर्च	-	-	-	
कुल खर्च	-	-	-	

महिला बचत तथा ऋण सहकारी संस्था लि.
ईटहरी ४, सुनसरी
कर दायित्वको गणनासँग सम्बन्धित टिप्पणीहरु
१ श्रावण, २०८१ देखि ३२ आषाढ, २०८२ सम्म

अन्य खर्च टिप्पणी ५

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
कर्जा अपलेखन	-	-	-	
अन्य खर्च	-	-	-	
कुल खर्च	-	-	-	

ब्याज खर्च टिप्पणी ६

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
जम्मा ब्याज खर्च	२३,८१५,९४५	१८७,९२७	२३,६२८,०१८	दफा १४ बमोजिम
ब्याज खर्चको विभाजन (कर प्रयोजन)				
चालु ऋणको ब्याज	-	-	-	
प्रयोगमा रहेको ऋणको ब्याज	-	-	-	
अन्य ऋणको ब्याज	-	-	-	
कुल खर्च	२३,८१५,९४४.७८	१८७,९२६.६२	२३,६२८,०१८.१६	

मर्मत संभार खर्च टिप्पणी ७

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
मर्मत संभार खर्च (८.१)	९३,२७५.००	४७२.६४	९२,८०२.३६	
कुल खर्च	९३,२७५.००	४७२.६४	९२,८०२.३६	

ह्रासकट्टि खर्च टिप्पणी ८

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
ह्रासखर्च तथा परिशोधन खर्च (८.१)	१,३७१,०८५.६५	६०१,५६०.९२	७६९,५२४.७३	
कुल खर्च	१,३७१,०८५.६५	६०१,५६०.९२	७६९,५२४.७३	

कर्जा नोक्सानी व्यवस्था दफा ५९ बमोजिम टिप्पणी १०

विवरण	नाफा र नोक्सान हिसाब खाता अनुसार	कर प्रयोजनको लागि अमान्य खर्च	कर प्रयोजनका लागि मान्य हुने खर्च	कैफियत
कर्जा नोक्सानी व्यवस्था (खुद)	२,७७९,२९०.५४	९१३,५९१.५७	१,८६५,६९८.९७	
कुल खर्च	२,७७९,२९०.५४	९१३,५९१.५७	१,८६५,६९८.९७	

अनुसूची ८.१

ब्याज आधार र ब्याज खर्च मिलान (आषाढ मसान्त, २०७८ को हकमा १९ अनुसार)

विवरण	जम्मा	थमन	कार्यालय र अन्य सामान	सवारी	निर्माण तथा उपकरण र अन्य	बढुवत सम्पत्ति सफ्टवेयर	बढुवत सम्पत्ति सफ्टवेयर नभई	पकती	इंटरी	पुरन थोक	बुकी पंगा	जम्मा
खर्च	रु	रु	रु	रु	रु	रु	लिजबाल्ल	लिजबाल्ल	लिजबाल्ल	लिजबाल्ल	लिजबाल्ल	
वर्षको शुरुको	३१,२४४,९१०.००	४,२०४,९६०.२३	७४५,२२९.६६	४२,३१९.३६	५८०,८७४.४९	७१००.०३	७,७७०.२५	१८८,२६४.११	१४४,६९९.१७	१५,०५६.१५	२९,१४९.४२	३७,०८५,४१६.१७
बाहकात वर्षका लागी नयां नयां पुजाकरण गाएको												
घटाउ:यस वर्षका शुरुआतमा भर्खरै अपलयन												
वर्षको शुरुको ब्याज आधार	३१,२४४,९१०.००	४,२०४,९६०.२३	७४५,२२९.६६	४२,३१९.३६	५८०,८७४.४९	७१००.०३	७,७७०.२५	१८८,२६४.११	१४४,६९९.१७	१५,०५६.१५	२९,१४९.४२	३७,०८५,४१६.१७
यस वर्ष थप खरीद दफा २५। अनुसार	३०७,१९७.००	-	-	-	-	-	-	-	-	-	-	३८८,६६३.४०
निलमी	-	-	-	-	-	-	-	-	-	-	-	-
वर्षमा शुधार का लागि ब्याज आधार	३१,२५४,१९०.००	४,२०४,९६०.२३	७४५,३१९.३६	४२,३१९.३६	६६२,७७०.३२	७१००.०३	७,७७०.२५	१८८,२६४.११	१४४,६९९.१७	१५,०५६.१५	२९,१४९.४२	३७,२७४,०७९.१७
अनुसूची ९ को दफा २५। अनुसार यस वर्ष थप खरीद गरिएको रकम	-	-	-	-	-	-	-	-	-	-	-	-
घटाउ:यस वर्ष लागि ब्याज आधार	३१,२५४,१९०.००	४,२०४,९६०.२३	७४५,३१९.३६	४२,३१९.३६	६६२,७७०.३२	७१००.०३	७,७७०.२५	१८८,२६४.११	१४४,६९९.१७	१५,०५६.१५	२९,१४९.४२	३७,२७४,०७९.१७
हर दफा २५। अनुसारका थप हरलाईट सहित	-	३,०००	२०.००	१५.००	१५.००	-	-	-	-	-	-	-
ऐनको दफा १९ र बमुजिम २ बमुजिमको ब्याज	-	२१०,२४८.०३	८,४१३.८७	६९,३४३.३५	७१००.०३	-	७,७७०.२५	९,१३२.०५	७७,८४९.५८	७५,२८८.०७	१४,९७५.७१	७८,९२१.७५
आगामी वर्षको शुरुको	-	-	-	-	-	-	-	-	-	-	-	-
बाकी ब्याज आधार	३१,२५४,१९०.००	७८९,४९२.७४	३३,८२५.४९	५२३,०१४.७७	-	-	९,१३२.०५	७७,८४९.५८	७५,२८८.०७	१४,९७५.७१	-	३८,७७४,४४४.९४
यस वर्ष पुजिकृत नभएको खरीद दफा २५। अनुसार	-	-	-	९,८४७.६७	-	-	-	-	-	-	-	४४,३९१.००
मनलाय आगामी वर्षमा खरीद मानिने रकम	-	-	-	४७९.६४	-	-	-	-	-	-	-	४७६.६४
बागामी वर्षको शुरुको बाकी ब्याज आधार	३१,२५४,१९०.००	३,९९४,७४२.५१	८२३,१२९.६३	३४,३२८.९३	५७७,८८४.४४	-	९,१३२.०५	७७,८४९.५८	७५,२८८.०७	१४,९७५.७१	-	३६,७४९,४४४.५८
ब्याजमा वर्ष २०७८ को दफा १५ अनुसार	-	-	-	-	-	-	-	-	-	-	-	-
मनतर शुधार को लागि ब्याज आधार	३१,२५४,१९०.००	४,२०४,९६०.२३	४२,३१९.३६	६६२,७७०.३२	७१००.०३	७,७७०.२५	१८८,२६४.११	१४४,६९९.१७	१५,०५६.१५	२९,१४९.४२	३७,२७४,०७९.१७	
ब्याज आधारको ७ प्रतिशत	२४४,३४७.४४	७३,६७७.३२	२,४४२.३६	४६,३४४.९२	४४७.००	५,०२३.९२	१,२७८.४९	१०,८९८.९४	१,०४३.९३	२,०१७.१६	४३८,१९२.२८	
मनतर शुधार खर्च	४९,८९०.००	३९,९४०.००	३,४३८.००	-	-	-	-	-	-	-	-	९३,२७८.००
खर प्रयोजनका लागि मनसे शुधार खर्च	४९,८९०.००	३९,९४०.००	२,४९२.३६	-	-	-	-	-	-	-	-	९२,८०२.३६
करका लागि यस वर्ष खर्च नलागिने र पुजिकृत हुने रकम	-	-	४७९.६४	-	-	-	-	-	-	-	-	४७९.६४
अनागत बमना खरीद मानिने रकम	-	-	४७९.६४	-	-	-	-	-	-	-	-	४७९.६४

यस वर्ष थप खरीद अनुसूची २ को दफा २७। अनुसार

विवरण	थप	घ	घ	घ	ङ	ङ	ङ	ङ	ङ	ङ	जम्मा रकम
एप सम्म खरीद	-	-	२४८,४०१.००	-	७४,०२४.४०	-	-	-	-	-	३२२,४२५.४०
माघ - बैशमा खरीद	-	-	६३,०००.००	-	३,०८५.००	-	-	-	-	-	६६,०८५.००
बैशख - असारमा खरीद	-	-	१०,०००.००	-	१२,४४१.००	-	-	-	-	-	२२,४४१.००
जम्मा खरीद	-	-	३१७,४०१.००	-	९१,३३३.४०	-	-	-	-	-	४११,४२४.४०
अनुसूची ९ को दफा २५। अनुसार यस वर्ष थप खरीद मानिने रकम	-	-	१०७,९६७.६७	-	८८,४४५.८४	-	-	-	-	-	१९८,९१३.४०
बागामी बर्षमा खरीद मानिने रकम	-	-	३१,३३३.३३	-	९,८१७.६७	-	-	-	-	-	४१,१९१.००

बिनोद भट्टराई, संयोजक
लेखा सुपरिवेक्षण समिति

२८औं गरिमामय साधारणसभाका आदरणीय अध्यक्षज्यू, पूर्व सञ्चालकज्यूहरु, उपस्थित सम्पूर्ण श्रद्धेय शेयर सदस्यज्यूहरु, सञ्चालक समितिका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, ऋण उप-समिति तथा अन्य उप-समितिका संयोजक तथा सदस्यज्यूहरु, सञ्चारकर्मी साथीहरु, प्रमुख कार्यकारी अधिकृत एवं कर्मचारी साथीहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत एवं सहकारीमय न्यानो अभिवादन व्यक्त गर्दछौं ।

हामीले लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी पुरा गर्ने क्रममा सहकारी ऐन, नियमावली, संस्थाको विनियम, नीति, निर्देशिकाको परिधि भित्र रहि हाम्रो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म सदस्य तथा संस्थाको हितलाई आत्मसात गर्दै संस्थामा भएका आम्दानी, खर्च, विल भर्पाइ, लेखा राखिएको प्रणाली, सहकारी ऐन, नियमावलीले दिएको अधिकार, मापदण्ड अनुसार लेखा सुपरिवेक्षण समितिको यो प्रतिवेदन आजको यस २८औं गरिमामय साधारण सभा समक्ष निम्न विवरण सहित प्रस्तुत गर्ने अनुमति चाहान्छौं ।

१. अघिल्लो साधारणसभाका निर्णयहरुको कार्यान्वयनको अवस्था :

क) संस्थाको २७औं वार्षिक साधारणसभाका निर्णयहरु कार्यान्वयन भएको अवस्था छ ।

ख) आ.व. २०८२/८३ का लागि प्रस्तावित बजेट तथा कार्यक्रमहरु :-

- अधिकांश कार्यक्रमहरु सम्पन्न भएको ।

२. आ.व. २०८२/८३ मा बसेको बैठक संख्या, निर्णयको कार्यान्वयनको अवस्था :

क्र.सं.	विवरण	बैठक संख्या	निर्णयको कार्यान्वयनको अवस्था
१.	सञ्चालक समिति	१५	निर्णयहरु कार्यान्वयन भएको पाइयो ।
२.	ऋण उप-समिति	१५	निर्णयहरु कार्यान्वयन भएको पाइयो ।
३.	व्यवस्थापकिय ऋण स्वीकृत उप-समिति	१३	निर्णयहरु कार्यान्वयन भएको पाइयो ।
४.	व्यवस्थापन (कर्मचारी/सेवाकेन्द्र तथा विभागीय प्रमुख)	८	निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

३. ऋण लगानी प्रक्रिया, सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

- ऋण माग निवेदनका आधारमा बचत धितो, बिनाधितो र धितोको ऋणलाई छुट्टयाई निरीक्षण, मूल्याङ्कन गरी कागजात पूरा गरेपछि मूल्याङ्कनकर्ताको प्रतिवेदन र ऋण उप-समितिको निर्णयको आधारमा लगानी गरेको पाईयो ।
- बचतको अनुपातका आधारमा बिना धितो ऋण कारोवार गरेको पाइयो ।
- धितो बापतको ऋण लगानीमा धनिपुर्जा, घरजग्गा रोक्का, दृष्टिबन्धक राख्नका साथै सूचिकृत मूल्याङ्कन कर्ताबाट मुल्यांकन गराउने व्यवस्था रहेको छ ।

क्र.सं.	ऋणको सीमा	अख्तियारी	कैफियत
१.	रु. ५०,००,००१।- देखि प्राथमिक पुँजीकोषको अधिकतम पन्ध्र प्रतिशतसम्म	सञ्चालक समिति	धितो राखेर ऋण उपसमितिको सिफारीसमा ।
२.	रु. ३,००,००१।- देखि रु. ५०,००,०००।- सम्म	ऋण उपसमिति	धितो राखेर
३.	रु. ३,००,०००।- सम्म	व्यवस्थापकीय ऋण स्वीकृत उपसमिति	२ लाखसम्म बिना धितो, बचत धितो र अचल सम्पत्ती धितो

४.	बचतको ८० प्रतिशतसम्म ऋण लगानी (निममित तथा दीर्घकालिन प्रकृतिको बचतमा)	कार्यालय/ऋण/सेवाकेन्द्र प्रमुख	बचत धितो
५.	आवधिक बचतको ५० प्रतिशतसम्म ऋण लगानी	कार्यालय/ऋण/सेवाकेन्द्र प्रमुख	आवधिक बचत धितो

४. सहकारी ऐन २०७४ र सहकारी विभागबाट जारी गरिएका मापदण्ड पालना सम्बन्धी विवरण :

- संस्थाको साधारणसभा आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्रै सम्पन्न गर्ने गरिएको छ ।
- बचत र ऋणको सरदर मार्जिन दर छ प्रतिशत रहेको छ ।
- संस्थाको कुल बचतको १५% सम्म तरलता राख्नुपर्नेमा १८।८४% रहेको छ ।
- संस्थाको भल्ट र नगदको वीमा गर्ने गरिएको छ ।
- प्रत्येक महिनाको सञ्चालक समितिको बैठकमा पर्ल्स विश्लेषण गर्ने गरेको पाइयो ।
- संस्थाको कार्यालय तथा सेवाकेन्द्रहरुमा सदस्य बडा पत्र र सूचना पाटी देखिने ठाँउमा राखिएको छ ।
- प्राथमिक पुँजीकोषको १० गुणा भन्दा बढि बचत संकलन गरिएको छैन ।
- कुल शेयर पुँजीको २० प्रतिशत भन्दा बढि हुने गरि कुनै पनि व्यक्तिलाई शेयर वितरण गरिएको छैन ।

५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिएको प्रतिवेदन अनुसारको निर्देशन/सुझावहरु कार्यान्वयन सम्बन्धी विवरण :

- आ.व. २०८२।८३ को मिति २०८२।१२।०४ गते प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, कोशी प्रदेश, इनरुवा, सुनसरीद्वारा स्थलगत अनुगमन गरी सो को सुझाव सहितको प्रतिवेदन मिति २०८२।१२।२३ मा प्राप्त भएको र सुझावहरु क्रमशः कार्यान्वयन भइरहेको पाइयो ।

६. पदाधिकारीहरुको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरुको विवरण :-

(क) सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समिति

क्र. सं.	पद	बापत		जम्मा रकम (कर सहित)	कैफियत
		यातायात	संचार		
१	अध्यक्ष	१५०००।-	५०००।	२०,०००।	
२	उपाध्यक्ष		१०००। -		
३	सचिव, कोषाध्यक्ष, ले. सु. स. संयोजक	-	५००।-		मोबाइल टपअप
४	संचालक तथा ले. सु. स. सदस्य (तरहरा, खनार, पकली सेवाकेन्द्र व्यवस्थापन उपसमति संयोजक बाहेक)	-	३००।-		मोबाइल टपअप
५	तरहरा, खनार, पकली सेवाकेन्द्र व्यवस्थापन उपसमिति संयोजक		५००।-		मोबाइल टपअप
६	कोषाध्यक्ष र उपसमिति संयोजक	१७६४।७१ (कर सहित)			उपसमितिको बैठक भत्ता
७	कोषाध्यक्ष र उपसमिति संयोजक बाहेकका संचालक सदस्य	५८८।२४ (कर सहित)			
८	ऋण संयोजक	८,०००।-	२०००। -	१०,०००।-	कर सहित
९	संचालक तथा ले. सु. स. सदस्य (अध्यक्ष र ऋण संयोजक बाहेक)	नियमित बैठक भत्ता १२००।- (कर सहित)			

- द्रष्टव्यः मिति २०८३।०५।११ गते बसेको सञ्चालक समितिको बैठक नं. २१८ को निर्णय नं. ७ बमोजिम २०८३ साल भदौ महिनादेखि माथि उल्लेखित सम्पूर्ण सुविधा खारेज गरी २०८३ साल असोज महिनादेखि लागूहुने गरी नियमित मासिक बैठकमा उपस्थित भए बापत सञ्चालक र लेखा सुपरीवेक्षण समितिलाई बैठक भत्ता कर सहित रु. २,०००।- (अक्षरेपी दुई हजार रुपौया मात्र।) उपलब्ध गराउने तथा संस्थामा विद्यमान उपसमितिहरुको संयोजक बाहेक सदस्यहरुलाई प्रत्येक नियमित बैठकमा बैठक भत्ता बापत कर सहित रु. ७००।- (अक्षरेपी सात सय मात्र।) उपलब्ध गराउने निर्णय भएको पाइयो ।

(ख) अन्य उपसमितिहरु

- ऋण संयोजक र सम्पूर्ण उपसमितिहरुको संयोजक बाहेक संस्थामा विद्यमान उपसमितिको सदस्यहरुलाई प्रत्येक बैठकमा बैठकभत्ता बापत कर सहित रु. ५८८।२४ प्राप्त गर्ने गरेको ।

(ग) प्रमुख कार्यकारी अधिकृत (CEO) को सेवा सुविधा सम्बन्धी विवरण :-

मासिक तलब	रु. ५६,२५०।- (ग्रेड सहित)
यातायात	रु. ५,०००।-
सञ्चार	रु. २,०००।-
व्यवसाय विकास भत्ता	रु. ३०,५००।-

७) कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरुः

क) साधारणसभाबाट पारित कर्मचारी प्रशासन नियमावली भए/नभएको : भएको ।

ख) कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याएको /नल्याएको : ल्याइएको ।

ग) भर्ना प्रकृया पारदर्शिता र प्रतिस्पर्धी भए/नभएको : भएको ।

घ) कार्यरत कर्मचारीहरु र कार्यबोझ बिच तादम्यता रहे/नरहेको :

- कार्यबोझ : प्रति कर्मचारी ५०३ जना रहेको ।
- तादम्यता : रहेको ।

ङ) कर्मचारी भर्ना प्रकृया र संख्या सम्बन्धी विवरण : संस्थामा कर्मचारीहरुको आवश्यकता हेरी सञ्चालक समितिको बैठकबाट नियुक्ती तथा बढुवा गरेको पाइयो ।

च) संस्थामा कार्यरत कर्मचारी संख्या १५ जनामा ६ जना स्थायी, १३ जना अस्थायी रहेको । एक जना सुरक्षा गार्ड समेत जम्मा २० जना रहेको ।

छ) प्रमुख कार्यकारी अधिकृतको योग्यता MBS (Master of Business Study), MAMCJ (Master of Arts in Mass Communication & Journalism), कानुनमा स्नातक साथै प्राविधिक सिपमा दक्ष भई बिगत ५ वर्षदेखि महिला साकोसमा लेखा अधिकृत, व्यवस्थापक हुँदै प्रमुख कार्यकारी अधिकृतको रुपमा जिम्मेवारी वहन गरिरहेको ।

८) लेखा सुपरीवेक्षण समितिले यस अघि दिएका सुझावहरुको कार्यान्वयनको अवस्था :

- लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएको सुझावहरु सञ्चालक समितिले सम्बोधन गर्ने गरेको पाइएको छ ।

५) लेखा सुपरीवेक्षण समितिले २०८३ साल असार मसान्तको पर्ल्स विवरणलाई आधार मानि संस्थाको वित्तीय पक्षमा भएका सवल तथा सुधार गर्नुपर्ने पक्षहरुलाई निम्नानुसार प्रस्तुत गरेको छ ।

२०८३ साल असार मसान्तको पर्ल्स विश्लेषण प्रतिवेदन

कोड	विवरण	लक्ष्य ⅞	प्रगति ⅞	अवस्था/सुझाव
P1	१२ महिना भन्दा बढि भाखा नाघेको ऋणको लागि व्यवस्था	१००	१००	सवल
P2	६ देखि १२ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था	५०	५०	सवल
P3	३ देखि ६ महिना भाखा नाघेको ऋणको लागि व्यवस्था	२५	२५	सवल
P4	असल ऋणको लागि व्यवस्था	१	१	सवल
E1	लगानीमा रहेको खुद ऋण / कूल सम्पत्ति	७०-८०⅞	६५.६८	सुधार गर्नुपर्ने
E5	जम्मा बचत / कूल सम्पत्ति	७०-८०⅞	७१.६५	सवल
E6	बाह्य ऋण / कूल सम्पत्ति	बढीमा ५⅞	०	सवल
E7	जम्मा शेयर पूँजी / कूल सम्पत्ति	१०-२०⅞	९.५३	सुधार गर्नुपर्ने
E8	संस्थागत पूँजी / कूल सम्पत्ति	कम्तिमा १०	८.४५	सुधार गर्नुपर्ने
E9	खुद संस्थागत पूँजी / कूल सम्पत्ति	कम्तिमा १०	८.४५	सुधार गर्नुपर्ने
A1	जम्मा भाखा नाघेको ऋण / कूल लगानीमा रहेको ऋण	५⅞ भन्दा कम	६.९७	सुधार गर्नुपर्ने
A2	आय आर्जन नगर्ने सम्पति / कूल सम्पत्ति	५⅞ भन्दा कम	५.८८	सुधार गर्नुपर्ने
R9	संचालन खर्च / औषत सम्पत्ति	५⅞ भन्दा कम	३.१२	सवल
R12	खुद बचत नाफा / औषत सम्पत्ति	कम्तिमा १०⅞	१.३८	सुधार गर्नुपर्ने
L1	तरलता रकम / जम्मा बचत रकम	कम्तिमा १५⅞	१८.८४	सवल
L3	नकमाउने तरलता रकम / जम्मा सम्पत्ति	१⅞ भन्दा कम	०.२३	सवल
S10	सदस्यता बृद्धि	कम्तिमा १२⅞	-०.६२	सुधार गर्नुपर्ने
S11	कूल सम्पत्तिमा बृद्धि	मुद्रा स्फिती दर भन्दा बढी	६.५४	सवल

आदरणीय शेयर सदस्यज्यूहरु,

२५औं बार्षिक साधारणसभाबाट हामीलाई निर्वाचित गराई महत्वपूर्ण जिम्मेवारी प्रदान गर्नुहुने तपाई सम्पूर्ण शेयर सदस्य महानुभाव प्रति यो समिति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछौं । यो समितिले आफ्नो जिम्मेवारी पुरा गर्नको लागि संस्थामा आफ्नो भूमिका निर्वाह गरिरहेको हुँदा हाम्रो तर्फबाट कुनै कमी कमजोरी भएको छ भने सो प्रति सल्लाह सुझाव दिनुहुनको लागि अनुरोध गर्दछौं । हाम्रो कामलाई सहज बनाउन सहयोग पुऱ्याउनुहुने सञ्चालक समिति परीवार, प्रमुख कार्यकारी अधिकृत, ब्यवस्थापन पक्ष, कर्मचारी परीवारप्रति हार्दिक धन्यवाद दिन्छौं ।

महिला बचत तथा ऋण सहकारी संस्थालाई यहाँसम्म ल्याई पुऱ्याउनुहुने शेयर सदस्यज्यूहरु, पूर्वसञ्चालक तथा सञ्चालक समिति परिवार, उच्च ब्यवस्थापन तथा कर्मचारी साथीहरु, ऋण उपसमिति, विभिन्न उपसमिति, सल्लाहकारज्यूहरु, बजार प्रतिनिधि साथीहरु, साझेदार संघ संस्था तथा सरोकारवाला सम्पूर्णमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौं । यस संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै देश तथा विदेशमा रहनुभएका तपाई सम्पूर्ण शेयर सदस्यज्यूहरुको सुस्वास्थ्य, दिर्घायू, उत्तरोत्तर प्रगतिको कामना गर्दै आउँदै गरेको बडा दशैं, दिपावली एवम् छट पर्वको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धन्यवाद !
जय सहकारी,
जय महिला साकोस !!!

प्रस्तोता,
बिनोद भट्टराई, संयोजक
पदम कुमारी भण्डारी, सदस्य
शशी आचार्य, सदस्य

संमृद्धिको सारथि, महिला सकोस !



नाम: विनिता राई

ठेगाना: इटहरी २०, तरहरा

शेयर सदस्य नं.: ००१०१११२३

बि.स २०४८ सालमा इटहरी-२ शान्तिनगरमा एक सामान्य परिवारमा जन्मिएकी मेरो बाल्यकाल पनि साधारण रुपमानै व्यतित भयो । कक्षा १२ सम्मको अध्ययन बिश्व आदर्श कलेजबाट पुरा गरेपछि, मामा कोरियामा होटल व्यबसाय गर्दै आउनु भएकोले परिवारको सल्लाह अनुसार थप अध्ययनकै लागि भनेर कोरिया पुगे । भाषाको ज्ञान नभएकाले मामाकै होटलमा काम सघाउदै भाषा सिक्न थाले । यसरी बिदेशको जिवन बाचिरहदा आफ्नो देशको याद झल्झली आउन थाल्यो । यत्तिकै मेहेनती र लगनशील हुने हो भने स्वदेशमा पनि केही गर्न सकिन्छ होला भन्ने भाव मनमा आइरहयो र दुई बर्ष कोरियाको बसाईलाई अनुभवमा संगाल्दै स्वदेश फिर्ता हुने र देशमै केहि गर्ने अठोट लिए।

स्वदेश फिर्ता भएपछि काठमाडौँको क्याम्पेयन कलेजमा पुन: पढाइलाई निरन्तरता दिन बि.बि.एस शुरु गरे । प्रथम बर्षमा अध्ययनरत छँदानै २०७२ सालमा इटहरी-२० निवासी राकेश प्रधानसँग विवाह भयो । त्यसबेला श्रीमान बैदेशिक रोजगारीका लागि दुबईमा कार्यरत हुनुहुन्थ्यो । तर परिवारसँगै बसेर स्वदेशमा केहि गर्ने सहमति भएपछि श्रीमान पनि भिषा रद्ध गरेर स्वदेश फिर्ता हुनुभयो । २०७३ सालमा छोरी भिन्तुनाको जन्म भयो । दुबैजना बेरोजगार रहेकोले आम्दानी रोकिएको अवस्थामा छोरीको आगमनले घरायसी खर्च र जिम्मेवारी बढ्दै गयो । परिवार छाडेर बिदेशिन मन नभएकाले अर्थोपार्जनका लागि ब्रोइलर कुखुरा पालन सुरु गऱ्यौ, जुन ठिकै चलिरहेको थियो । पछि यसलाई बिस्तार गर्ने उद्देश्यले ५०० बटा लेयर्स कुखुरा (अण्डाका लागि) थप गर्दा सोचे जस्तो नाफा हुन सकेन । त्यसपछि इटहरी २०, तरहराको खार्साला टोलमा छोरीको नामबाट **भिन्तुना किराना पसल** सुरु गर्यौं।

सफलता एकै दिनमा प्राप्त हुदैन यो त सपनालाई साकार पार्न गरिने निरन्तर मेहनतको उपज हो । मेरो व्यवसायिक यात्रा पनि निकै सामान्य तर ठुलो सपना बोकेर सुरु भएको थियो । सुरुमा मैले सानो कोठामा खुद्रा किराना सामान राखेर बिक्री गर्ने काम थालेको थिएँ, पुँजी सीमित थियो तर मेहनत गरेर आफ्नो व्यावसायलाई बिस्तार गर्ने इच्छा र आत्मविश्वास भने मसँग थियो किनकि आफ्नै खुट्टामा उभिनु जो थियो । कोरियाको बसाइको अनुभवले पनि "काम गर खाउ, काम नगर नखाउ" भन्ने भनाइले अझ मेहेनती र दृढ संकल्पको पाठ सिकायो । व्यवसाय गर्दै जाने क्रममा मैले मेरी सासुआमा रमला डंगोलको सल्लाहमा २०७७।०४।१६ गते महिला बचत तथा ऋण सहकारी संस्थामा जोडिने मौका पाएँ । उहाँ यस संस्थाको पुरानो सदस्य हुनुहुँदो रहेछ । संस्थाको शेयर सदस्य बनेपछि संस्थामा नियमित रुपमा बचत र ऋण कारोबार गर्न थाले । आफ्नो आम्दानिबाट नियमित बचत र अन्य बचत गर्ने बानि बसाल्दै गए । आवश्यकता अनुसार व्यवसाय बिस्तार गर्न संस्थाबाट ऋण लिए र त्यसको सदुपयोग गर्दै तोकिएको भाखामा किस्ता बुझाउन थाले ।

संस्थासँगको सहकार्यले मेरो व्यवसायिक यात्रामा ठुलो सहयोग पुऱ्यायो । बिभिन्न समयमा ऋण लिने र तिर्ने गरिरहे । नियमित बचत गर्ने बानिले आर्थिक अनुशासन सिकायो । आवश्यकता पर्दा सुलभ ब्याजदरमा समयमै पाएको ऋणले व्यवसायमा थप लगानी गर्न र सामान बढाउन सहयोग गर्यो । यसरी बिस्तारै मेरो सानो व्यवसाय ठूलो हुँदै गयो । हिजो सानो कोठामा खुद्रा किराना सामान राखेर बिक्री गर्ने म आज आफ्नै ठूलो होलसेल किराना पसल संचालन गर्न सफल भएकी छु । थोरै थोरै बचत गर्दा पनि ठुलो आर्थिक रकम जम्मा भएको देखेर हामी दम्पति निकै दंग भयौ । संस्थाले प्रदान गरेको मोबाइल बैकिंग सेवा प्रयोग गरी आफ्नो कारोवारलाई छिटो छरितो र सहज बनाएकी छु । साच्चै बचत गर्ने बानि सुनौलो जिन्दगानी नै रहेछ । यस कारणले पनि संस्थासँगको भरोसा र विश्वास बढ्दै गयो । त्यसपछि मेरो श्रीमान पनि शेयर सदस्यको रुपमा आबद्ध हुनु भयो । यसले हाम्रो व्यवसाय मात्र हैन सामाजिक हैसियत पनि बृद्धि भएको महसुस गरेका छौं । यो परिवर्तन मेरो मेहनतको परिणाम मात्र होइन, मेरो परिवारको साथ र संस्थासँगको निरन्तर सहकार्यको महत्वपूर्ण योगदान पनि हो । मेरो नियमित बचत, ऋण सदुपयोगिता र संस्थासँगको निरन्तर कारोवारलाई मूल्याङ्कन गर्दै संस्थाले मलाई २७औं स्थापना दिवसमा आ.व २०८१।८२ को पुष महिनाको उत्कृष्ट सदस्यको रुपमा सम्मान समेत गरेको छ । संस्थाबाट पाएको सम्मानले मलाई अझ उत्साहित र जिम्मेवार बनाएको छ । आफ्नो व्यवसाय थप व्यवस्थित र सफल बनाउन हौसला दिएको छ ।

आज विगतलाई फर्केर हेर्दा सानो लगानीमा सुरु गरेको मेरो व्यवसायिक यात्रा सम्झदा आफूलाई गर्व लाग्छ । यस यात्राले मलाई सफल हुन एउटा पाठ सिकाएको छ कि मेहनत, इच्छाशक्ति र इमान्दारिता ठूलो हुनुपर्छ । हो रहेछ, शिखर चढ्न पनि पहिलो पाइलाबाटै सुरु गर्नुपर्छ भने जस्तै हामीलाई पनि सुरुमा व्यवसाय चलाउन निकै गाह्रो र चुनौतिहरु आएका थिए, तर विचलित नभई निरन्तरता दिई राखेकोले अहिले हामी स्वदेशमानै परिवारसँगै बसेर खुशीसाथ रमाएका छौं । नियमित बचत, सहि समयमा सहि ठाँउमा लगानी र बिश्वासिलो संस्थासँगको सहकार्यले सानो व्यवसायलाई पनि ठूलो बनाएर सफल हुन सकिदो रहेछ ।

अन्त्यमा, म र मेरो परिवारको जस्तै यस संस्थामा सदस्यता लिनु भएको सम्पूर्णमा भन्न चाहान्छु, संस्था हाम्रो हो र संस्थाले सहकारी मूल्य मान्यता, सरकारले बनाएको कानुन, नीति निर्देशन अनुसार संस्थाले पनि नीति नियम बनाई कारोवार गर्ने यस बिश्वासिलो संस्थाको सदस्य भएकोमा गर्व गर्छौं । संस्थाले मात्र होइन, हामी सदस्यहरुले पनि संस्थाले बनाएका, लिएका नीति नियम हाम्रो कारोवारको सुरक्षाका लागि हुन । र संस्थाले मात्र हैन हामी सदस्यहरुले पनि कर्तव्य निर्वाह गर्नु पर्छ । सदस्यको कर्तव्य भनेकोनै नियमित रुपमा मासिक बचत जम्मा गर्ने, आवश्यकता अनुसार ऋण लिने, लिएको ऋण भाखा भित्र तिर्ने, संस्थाले आयोजना गरेको कार्यक्रमहरुमा सहभागी हुने, आवश्यक सल्लाह सुझाव दिने हामी सदस्यको जिम्मेवारी हो । यसो गरेमा संस्थाबाट बचतको ब्याज, शेयरको लाभांस त छदै छ, त्यसको अतिरिक्त वर्ष भरि बचतमा पाएको ब्याज र ऋणमा तिरेका ब्याजको केहि अंश संरक्षित पुँजिफिर्ता कोषबाट फिर्ता पनि पाइदो रहेछ । संस्था हामी सदस्यको जन्मदेखि मृत्युसम्मको सुखदुखको साथी समेत बनेको छ । साच्चै संस्था हाम्रो समृद्धिको सारथि रहेछ । अन्त्यमा संस्था परिवारप्रति कृतज्ञता व्यक्त गर्दै आउदै गरेको नेपालीहरुको माहान चाड बडा दशैं, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

धन्यवाद । जय महिला साकोस । जय सहकारी ।

टिप्पणी

कर्मचारीहरू :


जुनुसा पुरी
प्रमुख कार्यकारी अधिकृत


पदम कुमारी खरेल
अधिकृत


सियाराम चौधरी
बरिष्ठ सहायक


मञ्जु घिसिङ
बरिष्ठ सहायक


खडानन्द लम्साल
बरिष्ठ सहायक


पुरुषोत्तम तिम्सिना
बरिष्ठ सहायक


पबित्रा दर्नाल
बरिष्ठ सहायक


दिपा लुङ्केली
बरिष्ठ सहायक


भुवन चौधरी
बरिष्ठ सहायक


सुष्मिता दाहाल
बरिष्ठ सहायक


गणेश चौधरी
सहायक


मेनुका थापा मगर
सहायक


सुमित्रा चौधरी
सहायक


नविन दाहाल
सहायक


शेखर चौधरी
कनिष्ट सहायक


सबिता सरदार
कार्यालय सहयोगी


सिर्जना खड्का
कार्यालय सहयोगी


दमन्ता गुरुङ
कार्यालय सहयोगी




सुमित्रा चौधरी
सहयोगी


कोपिला गुरुङ
सुरक्षा गार्ड



बजार व्यवस्थापनतर्फका कर्मचारीहरू :


नरमाया बस्नेत (नीता)


धनकुमारी घिमिरे


कमला श्रेष्ठ


तिर्था खनाल


कमला दाहाल


अस्मिता निरौला


रेणुका आचार्य


जुनु पौडेल


जानुका पौडेल


उमा श्रेष्ठ

महिला साकोसमा नै सदस्य किन ?

- आफ्नै भवनमा नीति, विधि र प्रविधिसहित संचालित तथा संरक्षित संस्था ।
- वित्तीय अनुसाशनमा संचालित एसियाली स्तरको एक्सेस ब्रोञ्ज प्राप्त संस्था ।
- विभिन्न क्षेत्रिय तथा राष्ट्रिय सम्मान तथा पुरस्कार प्राप्त दिगो संस्था ।
- ज्येष्ठ सदस्य सम्मान तथा सदस्य पेन्सन कार्यक्रम ।
- सदस्यहरुको वित्तीय समस्याको समाधान तथा वित्तीय परामर्श ।
- बिना व्याजमा रु. २५,०००/- सम्म आकस्मिक ऋण सुविधा ।
- नवजात शिशु स्वागत तथा सुत्केरी भेटघाट कार्यक्रम ।
- नवदुलही स्वागत कार्यक्रम ।
- नियमित सहकारी शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम ।
- सदस्य तथा बाल बचतकर्ता भ्रमण कार्यक्रम ।
- सदस्य राहत नीति अनुसार सदस्यको मृत्यु हुँदा रु. २७,०००/- सम्म र समवेदना पत्र ।
- सदस्यको श्रीमान्/श्रीमती र छोराछोरीको मृत्यु हुँदा रु. १३,५००/- सम्म नगद राहत र समवेदना पत्र ।
- सदस्य स्वयमलाई अङ्ग-भङ्ग हुने गरी दुर्घटनामा परेमा रु. ५,०००/-
- आगलागी, चट्याङ, बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपबाट हुने क्षति भएमा रु. ५,०००/- राहत ।
- प्राणघातक रोगहरु लागेमा रु. ५०,०००/- सम्म आर्थिक सहयोग ।
- नियमित रुपमा सिप, नेतृत्व विकास, व्यवसायिक तथा उद्यमशिलता तालिमहरु ।
- प्रत्येक वर्ष नि:शुल्क स्वास्थ्य शिविर ।
- महिनाको उत्कृष्ट र वर्षको उत्कृष्ट सदस्य सम्मान कार्यक्रम ।
- विभिन्न प्रकारका रेमिटेन्स सेवा ।
- मोवाइल बैंकिङ्ग सेवा । (Mahila Smart App)
- बिना झन्झट पैसा झिक्न र राख्न e-Teller सेवा
- QR Code/Standee सेवा ।
- नि:शुल्क ABBS सेवा ।

Facebook.com/mahilasaccositahari